२३ जेठ २०८०

# अन्तरपार्टी निर्देशन-७

नेकपा (एमाले) केन्द्रीय कमिटीको पाँचौं बैठक यही २०८० वैशाख २८-३० मा पार्टी केन्द्रीय कार्यालय, तुलसीलाल स्मृति भवन, च्यासल, ललितपुरमा सम्पन्न भयो। महत्वपूर्ण कार्यसूचीहरूमा जीवन्त छलफल र महत्वपूर्ण निष्कर्षसहित सम्पन्न भएको उक्त बैठकले लिएका निर्णयहरू पार्टी जीवन र राष्ट्रकै लागि समेत दूरगामी महत्वका छन्। ती निर्णयहरू तथा केन्द्रीय कमिटीको बैठकपूर्व र त्यसपश्चात् बसेका केन्द्रीय सचिवालयका विभिन्न बैठक एवं केन्द्रीय कमिटी बैठककै बीचमा बसेको स्थायी कमिटीका बैठकका निर्णयहरू समेत समावेश गरेर यो अन्तरपार्टी निर्देशन जारी गरिएको छ। ती निर्णयहरूलाई गम्भीरतापूर्वक मनन् र प्रभावकारी रूपमा कार्यान्वयन गर्न पार्टीका सबै कमिटी तथा कमरेडहरूलाई आग्रह तथा निर्देशन गरिन्छ।

## १. राजनीतिक प्रतिवेदन

बैठकले अध्यक्ष कमरेड केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनलाई महत्वपूर्ण सुझावहरू सहित पारित गरेको छ। प्रतिवेदनमा केन्द्रीय कमिटीको चौथो बैठकयताका महत्वपूर्ण राष्ट्रिय राजनीतिक घटनाहरू र भूराजनीतिक परिस्थितिको प्रवृत्तिगत विश्लेषण गरिएको छ। प्रतिवेदनको निष्कर्ष छ- निर्धारित समयमै निर्वाचन सम्पन्न हुनु संवैधानिक र राजनीतिक दृष्टिले महत्वपूर्ण एवं सकारात्मक विषय भए पनि निर्वाचनबाट निर्माण भएको शक्ति-सन्तुलन र राजनीतिक स्थायित्व, राष्ट्रियता, लोकतन्त्र र सुशासन एवं समृद्धिका लागि प्रतिकूल रहेको छ। सत्तापक्षको घेराबन्दी, आक्रमण र मिथ्या प्रचारका चुनौतीबीच पनि पार्टी जनताको रोजाइको पहिलो पार्टी बन्न सक्नु महत्वपूर्ण उपलब्धी हो, तर पार्टीभित्र हुर्किदै गरेको व्यक्तिवाद र सङ्गठनात्मक अराजकताका कारण कतिपय महत्वपूर्ण निर्वाचन क्षेत्र गुमाउन बाध्य हुनु र अपेक्षित लोकप्रिय मत पनि हासिल नहुनु गम्भीर आत्मसमीक्षाको विषय हो । २०७९ पुस १० गते पार्टीका तर्फबाट पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रधानमन्त्री प्रस्ताव गरेर मुलुकको राजनीतिक कोर्सलाई सही दिशामा फर्काउन पार्टीले गरेको प्रयास सही भए पनि माओवादीहरूको अवसरवादी आचरण तथा विभिन्न शक्ति केन्द्रहरूको चलखेलका कारण उक्त प्रयास दुई महिनामै विफल हुन पुगेको छ। सत्ता गठबन्धनले अपनाएका गलत आर्थिक नीतिहरूका कारण मुलुकको अर्थतन्त्र सङ्कटको सँघारमा पुगेको छ। राजनीतिक अस्थिरता, आर्थिक सङ्कट, गठबन्धनले संस्थागत गरेको भ्रष्टाचार, कुशासन र बेथिति, २०६२/६३ को परिवर्तन तथा नेपालको संविधान निर्माणपछि जागृत भएको समृद्धि र सुशासनका जनआकाङ्क्षाअनुरूप मुलुकलाई अगाडि बढ्न नदिइएका कारण समाजमा असन्तुष्टि बढ्दै गएको छ र त्यसकै जगमा 'पपुलिज्म' को उदय भएको छ। तर 'पपुलिज्म'



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

समस्याको समाधान होइन र लोकतान्त्रिक गणतन्त्रलाई असफल बनाउने दक्षिणपन्थी अनुदारवादी प्रयास पनि सफल हुन सक्दैन भन्ने कुरा स्पष्ट छ । आन्दोलनका सामु उपस्थित चुनौतीहरूको सामना गर्न पार्टीले जनतासँगको सम्बन्धलाई अझ घनिष्ठ बनाउनुपर्छ, जनसरोकारका मुद्दाहरूमा प्रभावकारी हस्तक्षेप गर्नुपर्छ र पार्टीलाई वैचारिक-साङ्गठानिक र शैलीगत हिसाबले सबल बनाउनुपर्ने आवश्यकता छ । प्रतिवेदनमा पार्टीका तेइसवटै जनसङ्गठनहरूले राष्ट्रिय महाविधेशन/सम्मलेन गरी सङ्गठनात्मक जीवनमा स्थापित गरेको नयाँ नीति, नेतृत्व र व्यवस्थापनको उच्च मूल्याङ्कन गरिएको छ । राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचन, उपनिर्वाचनको सङ्क्षिप्त समीक्षा, नक्कली भुटानी शरणार्थी प्रकरणसहितका विभिन्न काण्डप्रतिको पार्टी दृष्टिकोण, स्ववियु निर्वाचनमा अनेरास्ववियुले हासिल गरेको सफलता, पार्टी स्थापनाको ७५ औं वर्ष (हीरक) समारोहको चर्चा पनि प्रतिवेदनमा गरिएको छ । 'मिसन ग्रासरूट'को सङ्क्षिप्त चर्चा गर्दै यसले पार्टीलाई आन्तरिक समस्याहरूको पहिचान गर्न र नयाँ ऊर्जा तथा गति दिन सफल भएको निष्कर्ष प्रतिवेदनले निकालेको छ । पार्टीले आगामी दिनमा प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने कामहरूको दिशानिर्देश पनि प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदन यसैसाथ सङ्लग्न गरिएको छ । यसलाई गम्भीररूपमा अध्ययन गर्न र यसका निष्कर्षहरूलाई पार्टीपङ्क्तिमा सम्प्रेषित गर्न निर्देशन गरिएको छ ।

२. **मिसन ग्रासरुट समीक्षा**

पार्टीले यही २०७९ फागुन ५ देखि २०८० वैशाख ९ गतेसम्म सञ्चालन गरेको 'मिसन ग्रासरूट' (पार्टी सुदृढीकरण तथा विस्तार अभियान) सफलतापूर्वक सम्पन्न भएको छ । नेकपाको करिब ३ वर्ष अवधि सङ्गठनात्मक दृष्टिले झण्डै शून्यको अवस्थामा रहेको, त्यसैबीचमा पार्टीमा विग्रह उत्पन्न गरिएको, पार्टीविरूद्ध घेराबन्दी गरिएको र त्यसले पार्टीलाई विभाजनसम्म पुऱ्याएको तथ्य हामी सबैलाई स्पष्ट छ । यसका विरूद्ध पार्टी रक्षाको विशेष अभियानमा केन्द्रित हुनुपरेको, त्यसलगत्तै पार्टीको महाधिवेशन र वडा, पालिका र जिल्ला अधिवेशनहरू आयोजना गरिएको र लगत्तै स्थानीय तथा प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचनमा परिचालित हुनुपरेका कारण विगत लामो समयदेखि हामी सङ्गठन सुदृढीकरणका काममा केन्द्रित हुन पाएका छैनौं । यस्तो पृष्ठभूमि, परिवर्तित परिस्थिति र नयाँ चुनौतीको सामना गर्न पार्टी सङ्गठनलाई स्पष्ट, सुदृढ, चुस्त र जनआधारित बनाउन, पार्टी 'बचाउने' उद्देश्यले बनाइएका सङ्गठनहरूलाई पार्टी 'बनाउने' उद्देश्यमा पुनर्संरचना गर्न र पार्टीभित्रको सङ्गठनात्मक अराजकतालाई निर्मूल गर्न अनिवार्य भइसकेको अनुभूतिसहित २०७९ माघ २५ गते सम्पन्न केन्द्रीय सचिवालय बैठकबाट दुई महिने 'मिसन ग्रासरूट' सञ्चालन गर्ने निर्णय गरिएको थियो ।

अभियानका लागि ७ वटा उद्देश्य तय गरिएका थिए र सबै पालिकाहरूका लागि केन्द्रीय प्रतिनिधि खटाइएको थियो । प्रतिनिधिहरूका लागि १२ वटा कार्यादेश तय गरिएका थिए । ६ वटा कार्यादेशसहित केन्द्रीय सचिवको नेतृत्वमा प्रत्येक प्रदेशमा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

स्थायी कमिटीका कमरेडहरूलाई अनुगमनमा खटाइएको थियो भने केन्द्रीय उपाध्यक्ष कमरेडहरूले एक-एक वटा प्रदेशमा अभिमुखीकरणको समन्वय, अभियानको नेतृत्व र समीक्षाको अगुवाई गर्नुभएको थियो । महासचिव र उपमहासचिवहरूका तर्फबाट केन्द्रीय कार्यालयबाट समग्र अभियानको समन्वय र व्यवस्थापन गरिएको थियो ।

अभियानपश्चात् प्रत्येक पालिका, जिल्ला र प्रदेश हुँदै अभियानको समीक्षा गरिएको छ । प्रतिवेदनलाई एकरूपता दिन र त्यसलाई मापनयोग्य एवं वस्तुनिष्ठ बनाउन विज्ञहरूको सहयोग समेत लिइएको छ । केन्द्रीय कमिटीको बैठकमा सचिव कमरेडहरूका तर्फबाट प्रत्येक प्रदेशका तर्फबाट समीक्षा प्रतिवेदन प्रस्तुत गरिएको थियो । सङ्क्षेपमा, अभियानको समग्र प्रभाव र ध्यान दिनुपर्ने मुख्य विषयलाई यसरी उल्लेख गर्न सकिन्छ-

क. मिसनको महत्वपूर्ण उद्देश्यका रूपमा रहेको पार्टी सदस्यता नवीकरण, मृत्यु भएका, दोहोरिएका, निष्क्रिय अवस्थामा रहेका या पार्टी परित्याग गरेका व्यक्तिहरूको नाम विवरणबाट हटाएर अभिलेख सच्याउने तथा नयाँ सदस्यता आवेदन लिनेक्रम अभियानकै रूपमा अगाडि बढेको छ । यसक्रममा ४० प्रतिशत हाराहारीमा सदस्यता नवीकरण भइसकेको र आगामी असारसम्म अन्तिम विवरण तयार हुँदा यो सङ्ख्या थप बृद्धि हुने अपेक्षा गरिएको छ । अभियानका क्रममा १,१९,०९६ जनाको पार्टी सदस्यताका लागि आवेदन प्राप्त भएको छ ।

ख. अभियानका क्रममा पार्टीका सबै प्रदेश, जिल्ला, पालिकामा बैठक भएका छन् भने वडा र टोलका बैठकहरू पनि आमरूपमा सम्पन्न भएका छन् । बैठकबाट अभियानलाई अगाडि बढाउन सहयोग पुग्नुका साथै कमिटीहरूको समग्र अवस्था र सदस्यहरूको भूमिकाको मूल्याङ्कन गर्न सहज भएको छ । अभियानका क्रममा विभिन्न पार्टी कमिटीमा भएको बैठकहरूको विवरण देहायबमोजिम रहेको छ-

| प्रदेश | प्रदेश बैठक | जिल्ला बैठक | पालिका बैठक | वडा बैठक | टोल बैठक |
|---|---|---|---|---|---|
| कोशी | २ | १२५ | २२८ | १७२६ | १९१४ |
| मधेश | २ | २४ | २७५ | १४७५ | ८१२ |
| बागमती | २ | ३९ | २३८ | १३२४ | २४२६ |
| गण्डकी | २ | ३१ | १७८ | ७९९ | १८३८ |
| लुम्बिनी | २ | ३५ | ३४१ | १७२३ | २१०१ |
| कर्णाली | २ | ३० | २५४ | ६२८ | २१८६ |
| सुदुरपश्चिम | २ | १८ | ८८ | १३९ | २५२१ |
| सम्पर्क समन्वय | २ | १३२ | ४०३ | | |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | | |
|---|---|---|---|---|---|
| उपत्यका विशेष | ३ | २२ | ४० | | |
| **जम्मा** | १९ | ४५६ | २०४५ | ७८१४ | १३७९८ |

अभियानका क्रममा भएका भेला र प्रशिक्षणहरू व्यापकरूपमा सम्पन्न भएका छन् । तिनको विवरण देहायबमोजिम रहेको छ ।

| प्रदेश | जिल्ला भेला | पालिका भेला | वडा भेला | टोल भेला |
|---|---|---|---|---|
| कोशी | १४ | १३७ | ८०८ | २७६ |
| मधेश | १३ | ९३ | ६२३ | १७ |
| बागमती | १४ | १४१ | ८११ | ७८५ |
| गण्डकी | १३ | ७३ | ६११ | ७१ |
| लुम्बिनी | १३ | २२८ | ७३२ | ९३ |
| कर्णाली | ३० | १० | ३९७ | ५३ |
| सुदुर पश्चिम | ७ | ६३ | ५०५ | ३७ |
| सम्पर्क समन्वय | ५३ | ६७ | ३९ | - |
| उपत्यका विशेष | १७ | ५१ | १०० | - |
| जम्मा | १७४ | ८६३ | ४६२६ | १३३२ |

| प्रदेश | पालिकाको | | वडाको | | | टोल कमिटीको | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा संख्या | गठन भएको कमिटी संख्या | जम्मा संख्या | गठन भएको कमिटी संख्या | अभियानको क्रममा पुनर्गठन संख्या | जम्मा संख्या | अभियानको क्रममा गठन |
| कोशी | १३७ | १३७ | ११५७ | ११५५ | ८०८ | २६९६ | १६३८ |
| मधेश | १३६ | १३६ | १२७१ | ११९६ | १०० | ७११ | थ्क |
| बागमती | ११९ | ११९ | ११२१ | ११२१ | ७१ | ५१७० | ८१६ |
| गण्डकी | ८५ | ८५ | ७५९ | - | - | १७२३ | १३०५ |
| लुम्बिनी | १०९ | १०९ | ९८३ | ९५८ | ८९८ | ३२६६ | ११६२ |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कर्णाली | ७९ | ७९ | ७१८ | ६२६ | – | २१३६ | – |
| सुदुरपश्चिम | ८८ | ८१ | ७३४ | – | २१ | २५१२ | – |
| सम्पर्क समन्वय | ७७ | ७४ | ५७५ | ३२७ | – | – | – |
| उपत्यका विशेष | ५५ | ५५ | १९१ | १९१ | १९१ | – | – |
| **जम्मा** | ८८५ | ८७५ | ७५०९ | ५५७४ | २०८९ | १८२१४ | ४९२१ |

अभियानका क्रममा विद्यमान कमिटीहरूलाई चलायमान बनाउनुका अतिरिक्त नयाँ कमिटीहरू गठन/पुनर्गठन गर्ने अभियान सञ्चालन गरिएको थियो। तिनीहरूको विवरण देहायबमोजिम रहेको छ।

अभियानका लागि दिइएको कार्यादेशको महत्वपूर्ण विषय जनसंगठनको अवस्था पहिचान गर्ने र तिनीहरूको व्यापक परिचालन, गठन र पुनर्गठन गर्ने भन्ने थियो। तर यस विषयमा अपेक्षित काम हुनसकेको देखिएन। केही जिल्लामा पालिकासम्म जनसङ्गठन गठनको अभियान चलाइएको भए पनि सबै पालिकामा सम्भव सबै जनसङ्गठनका कमिटीहरू बनेको अवस्था पाइएन भने त्यसभन्दा तल वडा र टोल तहमा जनसङ्गठनहरूको उपस्थिति ज्यादै न्यून देखियो। यसबारेमा गम्भीर हुनु आवश्यक छ।

| **प्रदेश** | **जिल्ला जम्मा** | **जिल्ला बैठक** | **पालिकामा जम्मा** | **पालिका बैठक** |
|---|---|---|---|---|
| कोशी | १९५ | – | – | – |
| मधेश | – | – | – | – |
| बागमती | २०५ | १०५ | ६४८ | ३२१ |
| गण्डकी | १७३ | १५९ | – | ४२७ |
| लुम्बिनी | १७४ | – | ५०७ | – |
| कर्णाली | ८० | – | ६३ | – |
| सुदुरपश्चिम | – | – | – | – |
| जम्मा | | २६४ | १२१८ | ७४८ |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

मिसन ग्रासरूट अभियानमा अधिकांश कमरेडहरू निर्धारित कार्यक्षेत्रमा खटिनुभयो । कतिपय कमरेडहरू पूरा अवधि जनताकै बीचमा रहनुभयो भने धेरै कमरेडहरू परिभाषित काम सम्पन्न गर्ने गरी समय व्यवस्थापन गरेर खट्नुभयो । तर केही कमरेडहरू भने अभियानमा अनुपस्थित रहनुभयो या ज्यादै न्यून समयमात्रै खट्नुभयो । केन्द्रीय प्रतिनिधिको जम्मा सङ्ख्या र परिचालित अवस्था देहायबमोजिम रहेको छ ।

| प्रदेश | अनुगमनकर्ता | केन्द्रीय प्रतिनिधि | | |
|---|---|---|---|---|
| | | जम्मा संख्या | अनुपस्थित | उपस्थित |
| कोशी | ४ | ५३ | ९ | ४४ |
| मधेश | ३ | ४१ | ० | ४१ |
| बागमती | ६ | ५४ | २ | ५२ |
| गण्डकी | ५ | ४३ | ० | ४३ |
| लुम्बिनी | ५ | ५१ | ३ | ४८ |
| कर्णाली | ५ | ४१ | ० | ४१ |
| सुदुरपश्चिम | ५ | ३३ | ० | ३३ |
| सम्पर्क समन्वय | २ | ३ | ० | ३ |
| उपत्यका विशेष | ३ | ७ | १ | ६ |
| जम्मा | ३८ | ३२६ | १५ | ३११ |

**अभियानका क्रममा पहिचान भएका पार्टीका चुनौती/समस्या**

अभियानका क्रममा पार्टीभित्रका विभिन्न चुनौती र समस्या पहिचान भएका छन् । तिनलाई सङ्क्षेपमा यसरी उल्लेख गर्न सकिन्छ ।

**सैद्धान्तिक र वैचारिक क्षेत्रमा समस्या**

— विचारधारात्मक काममा कमी देखिएको, कतिपय नेता/कार्यकर्ताहरूमा पार्टीका विचार र सिद्धान्तमा चासो कम रहेको ।

— पार्टी प्रशिक्षणहरू यथोचित नभएको, पार्टीपङ्क्तिमा संगठनात्मक अराजकता बढेको ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

— समाजवादको आधार निर्माण गर्ने पार्टीको राजनीतिक कार्यदिशासँग जनप्रतिनिधिको भूमिकालाई जोड्न नसकिएको, जसका कारण विगतमा जितेका पालिकाहरूमा पनि पराजय व्यहोर्नु परेको ।

— निर्वाचनमा उमेद्‌वारी छनोटका आधारहरूबारे कार्यकर्तामा प्रष्टता नभएको ।

— निर्वाचनमा आफ्नै पार्टीको बागी उमेद्‌वार बन्ने र घात-अन्तर्घात गर्ने समस्या देखापरेको, आफू उमेद्‌वार भए पार्टीको उमेद्‌वार, अरू भए नातावाद कृपावादबाट उमेद्‌वारी पाएको जस्ता आरोप लगाउने प्रवृत्ति र व्यक्तिवादी-अहंकारी सोच देखापरेको ।

— पार्टी प्रवेशको महत्व बुझ्ने र प्रवेशीहरूलाई जिम्मेवारी दिने कुरामा सङ्कीर्णता देखापरेको । पुराना कार्यकर्ता र नवप्रवेशीहरूको जिम्मेवारीमा सन्तुलन मिलाउने कुरामा कमी ।

**साङ्गठानिक क्षेत्रमा**

— नयाँ सदस्यता वितरण, नवीकरण, लेबी सङ्कलन, भेला प्रशिक्षणजस्ता कामहरूमा शिथिलता आएको, सदस्यताको महत्व बुझ्ने बुझाउने कुरामा कमी,

— पार्टी सदस्यताको फारम भरेको लामो समयसम्म पनि त्यससम्बन्धी प्रक्रिया पुरा नहुने, सदस्यता कार्ड प्राप्त नहुनेजस्ता कारणले नयाँ फाराम भर्नेहरूमा उत्साह नदेखिएको । यस्ता विषयहरूको व्यवस्थित अभिलेख नभएको,

— कतिपय जनप्रतिनिधि पार्टी कमिटीको मातहत हुन नचाहने र कतिपयप निर्वाचित प्रतिनिधिले पार्टीका कार्यकारी पद समेतको दोहोरो भूमिकामा रहने कुराले पार्टी कमिटी र जनप्रतिनिधिबीच दूरी बढेको,

— पार्टी र जनसङ्गठनका विभिन्न कमिटीमा दोहोरो जिम्मेवारी लिने तर दुवैतिर जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति,

— कतिपय स्थानमा कमिटी सदस्यबीच आन्तरिक एकता, विश्वासको कमी र गुटगत व्यवहार देखापरेको ।

— केही कमिटीहरू गठनका क्रममा विधानको व्यवस्थालाई नाघ्ने काम गरिएको । कतिपय स्थानमा नियमित पार्टी काम (बैठक, छलफल, अधिवेशन) नहुने, केही कमिटीमा बैठक बस्न कोरम नै नपुग्ने स्थिति रहेको । वडा कमिटीका बैठकहरू नियमित नभएको, वडा तथा टोलमा बैठकका एजेण्डा बनाउने कुरामा अन्योल ।

— पार्टीमा युवा सहभागिता न्यून हुँदै गएको,

— माथिल्लो कमिटीबाट अतिथि बन्नेको सङ्ख्या अधिक हुँदा आसनग्रहणको लिस्ट लामो र पट्यारलाग्दो हुने । कतिपय नेतामा लामो भाषण गरेर हिँडिहाल्ने प्रवृत्ति । स्थानीय कमिटीमै पनि सदस्यहरू पूरा अवधि बैठकमा नबस्ने प्रवृत्ति देखिएको,

— नेताहरूको सामाजिक अभियानहरू र काममा सङ्लग्नता घट्दै गरेको, पार्टी नेता र जनताबीचको सम्बन्ध पातलो बन्दै गएको ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

— उपत्यका आसपासका भूगोल कमिटीमा आबद्ध कतिपय कमरेडहरूमा एउटा बैठकदेखि अर्को बैठकसम्म र एउटा अधिवेशनदेखि अर्को अधिवेशनमा मात्र भूगोलमा उपस्थिति रहने गरेको ।

— सम्भावनायुक्त नेताहरूको खोजी (लिडरसीप हन्ट) गर्न र त्यस्ता व्यक्तिहरूलाई योजनाबद्ध रूपमा नेतृत्वमा विकास गर्न समुचित ध्यान नपुगेको,

— भूगोलका पार्टी कमिटी र सम्पर्क, विशेष प्रदेश या जनसङ्गठनको कामको क्षेत्रबीच समुचित समन्वयको अभाव देखापरेको,

— महिला, दलित, जनजाति, मधेसी, दुर्गम क्षेत्र, अपाङ्गता भएका व्यक्तिलगायतलाई नेतृत्वमा विकास गर्न समुचित ध्यान पुऱ्याउन नसकिएको ।

**प्रवृत्तिगत समस्या**

— पार्टीभित्र देखा पर्नसक्ने अन्तरविरोधको समाधानमा समुचित ध्यान नपुगेको,

— जनसङ्गठनहरूलाई सङ्गठनात्मक स्वायत्तता र पार्टीको वैचारिक नेतृत्वका आधारमा सञ्चालन गर्ने कुरामा कमी रहेको,

— दक्षिणपन्थी अवसरवाद, सङ्कीर्णतावाद, व्यक्तिवाद र अवसरवाद विरूद्धको सङ्घर्ष आवश्यक मात्रामा सशक्त बन्न नसकेको,

— विचार, शैली र आचरणमा जनमुखी परिवर्तन गर्न पर्याप्त काम हुन नसकेको,

— इमान्दार भएर काम गर्नेले अवसर पाउन नसकेको गुनासो,

— पार्टीका निर्देशन र कार्यक्रमबारे टिकाटिप्पणी गरिहाल्ने र निर्णय कार्यान्वयन सुरू नै नगरी आलोचना र स्व-विश्लेषण गर्न थाल्ने प्रचलन बढेको,

— कतिपय नेताहरू सरल र व्यवहारिक नभएका, कार्यकर्तासँग रूखो व्यवहार देखाउने, आफूले सम्मान खोज्ने तर अरूलाई उचित सम्मान नगर्ने, परिणाम होइन मञ्च मात्र खोज्ने प्रवृति ।

**अन्य समस्या**

—सामाजिक सत्तामा हाम्रो वर्चस्व कायम हुन नसकेको, जनजीविकाका सवालमा पर्याप्त सक्रियता र संवेदनशीलता नदेखिएको,

—कतिपय सदस्यहरूले आफ्नो विज्ञता र क्षमताअनुरूप उपयुक्त जिम्मवारी नपाएको गुनासो रहेको,

—निर्वाचन प्रणाली अत्यन्त खर्चिलो भएको, सामान्य कार्यकर्ताले धान्नै नसक्ने स्थिति बनेको र अधिकांश उम्मेदवारहरू ऋणमा रहेको । निर्वाचन प्रणालीमा आमूल परिवर्तन गर्नुपर्ने सुझाव प्रायः सबै प्रतिनिधिको रहेको ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

—निर्वाचनमा गरिएको प्रतिबद्धता कार्यान्वयन हुननसकेको भन्ने जनसमुदायबाट व्यापक प्रश्न उठेको ।

—विगतमा जिम्मेवारी पाएका र लाभको पदमा रहेकाहरूले नै बढी गुनासो गर्ने गरेको देखियो ।

—मिसन ग्रासरूट अभियानमा केन्द्रीय जिम्मेवारी पाउनुहुने केही कमरेडहरूले तोकिएका जिम्मेवारी र काम पूर्णरूपमा सम्पन्न गर्न नगरेको देखियो । प्रदेश र जिल्ला तहबाट नेतृत्व लिने केही कमरेडहरू कार्यक्षेत्र पुग्न नसकेको समेत पाइयो ।

—एकै व्यक्तिले संसदीय फाँट र पार्टीको सङ्गठन सञ्चालन गर्न खोज्दा कठिनाइ भएको देखियो ।

—कमिटीका साथीहरूको अभियानमा उपस्थिति कमजोर, सुरूमा आउने, तर अन्तिमसम्म बस्न नसकेको देखियो । कतिपय पालिकामा समीक्षा अवधिसम्ममा समेत अभियान समापन हुनसकेको देखिएन ।

—पार्टी आन्तरिक जीवनको मुख्य चुनौती भनेको अस्वस्थ्य प्रतिस्पर्धा, प्राप्त जिम्मेवारी बहन नगर्ने, दोहोरोभन्दा बढी जिम्मेवारी रहेको देखिएको छ ।

—अभियानमा युवाहरूको उपस्थिति कतिपय ठाउँमा नगन्य रहेको र पार्टी सङ्गठनमा समेत युवा सहभागिता न्यून भएको हुँदा युवालाई पार्टीमा सङ्गठित गर्ने, परिचालित गर्ने र जिम्मेवारी दिने विषयहरू अबको मुख्य कार्यभारभित्र पर्नुपर्दछ ।

—पार्टी सङ्गठन संरचना ठूलो भएका कारण सबै सदस्यलाई परिभाषित काम तथा जिम्मेवारी दिन नसकिएको, जिम्मेवारी प्राप्त सदस्यबाट समेत काम हुन नसकेको देखियो ।

## निर्वाचन र उमेद्वारी

— कतिपय कमिटीको नेतृत्वमा कमिटी परिचालन, जनसम्पर्क विस्तार, समन्वय सीपको अभाव रहेको ।

— निर्वाचनका क्रममा विभिन्न स्तरमा असमभ्रूदारी, असहयोग र अन्तर्घातका गुनासा विभिन्न स्थानमा देखिएका छन् । जहाँ विजय हासिल गरिएको छ, त्यहाँ पनि आंशिक रूपमा असहयोगको अवस्था आएको गुनासो छ ।

— केही व्यक्तिले सङ्गठित रूपमा नै पार्टीका उमेद्वारहरूलाई हराउन विपक्षीसँग निरन्तर संवाद, बैठक, अभियान सञ्चालन गरिएको देखिन्छ । पार्टीका उमेद्वारका विरूद्धमा स्वतन्त्र उमेद्वारी दर्ता गर्ने र उनलाई पराजित गर्न अभियान नै चलाएको पाइएको छ । (त्यस्ता व्यक्तिहरू कारवाहीमा पनि परेका छन् ।) यसबाहेक सार्वजनिक ठाउँमा असन्तुष्टि प्रवाह गर्ने, उमेद्वारका बारेमा नकारात्मक टिप्पणी गर्ने, चुनाव जित्न सक्दैन भनेर अफवाह फैलाउने, निर्वाचनमा नखट्ने वा मौन बस्ने, पार्टीले सरकारमा हुँदा गरेका काम जनसमुदायमा नलानेजस्ता प्रवृत्ति ।

— निर्वाचनमा उमेद्वारी पाउनु नै पार्टीमा गरेको योगदानको एकमात्र वा अन्तिम अवसर हो भन्ने बुझाइ रहनु, मैले नै टिकट पाउनुपर्दछ, अनिमात्र चुनाव जितिन्छ भन्ने देखिनु, पार्टीभित्रका अन्य आकाङ्क्षीलाई प्रतिस्पर्धीका रूपमा लिनु, पार्टीका लागि मत माग्नभन्दा पनि आफ्ना लागि मात्र मत माग्नु, जनमतको उपेक्षा गरिनुजस्ता देखापरेका छन् ।

— पार्टीभित्रको आन्तरिक अन्तरविरोध र समन्वयको अभावका कारणले पनि अपेक्षाकृत परिणाम हासिल हुनसकेन । मूलतः निर्वाचनमा उमेद्वार चयन गर्दा क्षमता, इमान्दारिता, पार्टीप्रतिको त्याग र निरन्तरताका आधारमा अवसर प्रदान गर्नुपर्ने र पार्टी कमिटीमा व्यापक सरसल्लाह, छलफल गरी हार्दिकतापूर्ण वातावरण बनाउनुपर्नेमा कतिपय ठाउँमा यसो हुन नसक्दा त्यसको असर पछिसम्म देखिन पुग्यो । जनवर्गीय सङ्गठनहरूसहित सम्पूर्ण शक्ति एकसाथ परिचालन हुन सकेनन् ।

— नयाँ मतदाता नामावली थप गर्दा स्थानीय कमिटीले ध्यान पुर्‍याउन नसक्नु, बुथ प्रतिनिधिहरूले स्थितिको विश्लेषण र आँकलन गर्न नसक्नु, प्रतिस्पर्धीका कमी कमजोरीहरू समयमा नै कारवाहीको विषय बनाउन नसक्नु, गठबन्धन बाहेकका प्रतिस्पर्धीको आँकलन हुन नसक्नु, युवा र नयाँ मतदातालाई आकर्षण गर्न नसक्नुजस्ता समस्या पनि देखिए ।

— प्रचार-प्रसार शैली परम्परागत हुनु र योजनाबद्ध हुन नसक्नु, घरदैलो कार्यक्रम सघन र प्रभावकारी बन्न नसक्नु, मौन अवधिलाई नतिजामूलक रूपमा उपयोग गर्न नसक्नु, विपक्षीका रणनीतिलाई समयमै पत्ता लगाउन र चिर्न नसक्नु तथा सामाजिक सञ्जाललगायत आधुनिक सञ्चारको प्रभावकारी उपयोगमा कमजोरी देखियो ।

— पार्टीका जनप्रतिनिधीहरूले गरेका जनमुखी कामको प्रभावकारी प्रचार गर्न नसक्दा त्यसको स्वामित्व अर्कैले ग्रहण गर्नपुग्नु, निर्वाचनपश्चात् आमजनतासँगको सम्पर्क सम्बन्धलाई नियमित गर्न नसक्नु, पार्टीका जनप्रतिनिधिहरूका निर्णय वा पहलमा हुने विकास निर्माणका काममा पार्टी कार्यकर्ताको सहभागिता न्यून हुने गरेको, पार्टीका नेता, कार्यकर्ता र जनप्रतिनिधिहरूको सामाजिक सम्पर्क र सम्बन्ध कमजोर हुँदै गएको देखियो ।

— भूगोलका कमिटीहरूबाट पेसागत कमिटीमा आबद्ध कमरेडहरूसँग भौतिक, आर्थिक, वैचारिकलगायतका सहयोगको अपेक्षा गरिए पनि सो बमोजिमको भूमिका निर्वाह गर्न नसकिएको र कतिपय कमरेडहरूको बसोबास र सक्रियता काठमाडौंमा तर मतदाता नामावली बाहिर हुँदा अपेक्षित सहभागिता हुन नसक्दा निर्वाचनमा प्रभाव परेको देखिन्छ ।

**जनता, जनप्रतिनिधि र पार्टी कमिटी तथा पार्टी नेताहरुबीच अन्तरसम्बन्ध**

— कार्यकर्ताहरूले जनप्रतिनिधिहरूको कार्यशैलीबारे टिप्पणी गरेको देखियो ।

— जनप्रतिनिधि र पार्टीबीचको सम्बन्ध कमजोर रहेका पाइयो ।

— कतिपय स्थानमा जनप्रतिनिधिहरू संसदीय काममा सङ्लग्न हुने तर पार्टी काममा बेवास्ता गर्ने गरेको देखियो । कतिपय नेतृत्वमा कार्यक्षमतामा नै प्रश्न उठेको, विषयगत ज्ञानको कमीसमेत भएको पाइयो ।

**मिसन ग्रासरुट अभियानमा भएका रचनात्मक कामहरू**

— अभियानको क्रममा जनतालाई सेवा गर्ने हेतुले विभिन्न ठाउँहरूमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको । स्वास्थ्य चौकी, शौचालय, कृषि सडक निर्माण गर्न श्रम शिविर सञ्चालन गरिएको । मन्दिर, सार्वजनिक भवन तथा बाटोहरूको सरसफाइ गरिएको । पुस्तकालय स्थापनाजस्ता अनेकौं रचनात्मक तथा जनताको प्रत्यक्ष जीवनलाई सहयोग पुग्ने क्रियाकलापहरू गरिएका छन् ।

— अभियानका क्रममा सेल्टरदाता, ज्येष्ठ कम्युनिष्टहरू र समाजमा योगदान पुऱ्याएका सामाजिक व्यक्तिहरूलाई सम्मान गरिएको,

— ओखलढुंगामा पार्टीका पुराना योद्धाहरूको नाममा प्रतिष्ठान स्थापना गरिएको छ ।

— पार्टी सदस्यता नवीकरण गर्न श्रमजीवी वर्गले ऋण सापटी गरेको र पछि ज्यालादारी श्रम गरेर त्यो चुक्ता गरेको जस्ता अनुकरणीय दृष्टान्त पनि देखापरेका छन् ।

— जनसमुदायको सुविधालाई ध्यानमा राखेर विभिन्न ठाउँमा रातीमा समेत कार्यक्रम सम्पन्न गरिएका छन् ।

माथिका कतिपय समस्याका बाबजुद आमजनतामा नेकपा (एमाले)प्रतिको भरोसा र समर्थन कायमै छ । गुनासा छन् तर विश्वास बलियो छ । सीमित वैचारिक, शैलीगत र आचरणमा समस्या देखिए पनि एमालेको पार्टीपङ्क्ति निष्ठावान्, अविचलित र सक्रिय छ । ग्रामीण क्षेत्र, श्रमजीवी वर्ग र महिलाहरूमा पार्टीप्रतिको भरोसा तुलनात्मक रूपमा अझ बढी देखिन्छ । पहिचान गरिएका माथि उल्लेखित समस्याहरूलाई समाधान गर्दै अगाडी बढेमा नेकपा (एमाले)लाई बलियो र बहुमत प्राप्त पहिलो शक्तिका रूपमा स्थापित गर्ने लक्ष्य हासिल गर्न असहज छैन ।

समग्रमा, मिसन ग्रासरूट पार्टीपङ्क्तिलाई चलायमान पार्न, कमिटीहरूलाई सक्रिय र गतिशील बनाउन, पार्टी र जनताबीचको सम्बन्धलाई सुदृढ गर्न तथा पार्टीमा विद्यमान समस्याहरू पहिचान गर्न निकै प्रभावकारी बनेको छ । पहिचान भएका समस्याहरू माथि आधारित रहेर नै हामीले वार्षिक कार्ययोजना निर्माण गरेका छौं । अभियानका क्रममा जनतासँग प्रत्यक्ष सरोकार राख्ने अनेकौं मुद्दाहरूको पहिचान भएको छ, जसका आधारमा हामीले आगामी दिनमा सदन र सडकबाट सशक्त जनदबाब सिर्जना गर्नेछौं ।

## ३. पार्टीको वार्षिक कार्ययोजना

मिसन ग्रासरूटले पहिचान गरेका समस्या, चुनौती र सम्भावनालाई केन्द्रविन्दूमा राखेर पार्टी स्थायी कमिटीको तेस्रो बैठक (२०८० वैशाख ३०) बाट गम्भीर

छलफलपश्चात् पार्टीको वार्षिक कार्ययोजनाको प्रस्ताव तयार गरिएको थियो । उक्त प्रस्तावलाई केन्द्रीय कमिटीको बैठकले थप सुझावहरू सहित पारित गरेको छ । बैठकबाट पारित वार्षिक कार्ययोजना देहायबमोजिम रहेको छ ।

१ **'वडामा सदस्यको अनुपात, कम्तिमा ३ प्रतिशत'** कार्यक्रम

सदस्यता सुद्धीकरण, नवीकरण, विस्तार र तथ्याङ्क सुद्धीकरणको लागि निम्न कामहरू गर्ने-

— प्रदेशमा कारणबस नवीकरण छुटेकाहरूको आवेदनमाथि असार १५ सम्म जिल्ला कमिटीले आवश्यक निर्णय गर्ने ।

— नयाँ निर्णय भएका सदस्य, नवीकृत सदस्य र नयाँ सदस्यसहित सम्पूर्ण सदस्यहरूको विवरण प्रदेशमार्फत् असार मसान्तसम्म केन्द्रीय संगठन विभागमा पठाउने । संगठन विभागले यथाशीघ्र सदस्यता अद्यावधिक गरी प्रमाणीकरण गर्ने । विवरणको ढाँचा पहिले नै पठाइ सकिएको छ । स्मरणीय छ, नवीकरण व्यक्तिको उपस्थितिमा हुनुपर्छ ।

— अभियानअघिको सदस्यता रेकर्ड हेर्ने हो भने त्यो संख्या मतदाताको अनुपातमा औसत ६ प्रतिशत छ । तर कतिपय पालिकाका वडाहरूमा अत्यन्त न्यून संख्यामा पार्टी सदस्य रहेको देखिन्छ । त्यसैले आगामी निर्वाचनमा 'मिसन-१५०' पुरा गर्न प्रदेश/प्रदेशमा कूल मतदाताको ६% र प्रत्येक वडामा कम्तिमा ३% सदस्य पुऱ्याउने गरी सदस्यता विस्तारको कार्ययोजना बनाई लागू गर्ने । यसका लागि **'वडामा सदस्यको अनुपात, कम्तिमा ३ प्रतिशत'** अभियान नै चलाउने ।

— सदस्यता विस्तार गर्दा मापदण्डको पालना गर्दै नयाँ सदस्यहरूको आवेदन लिने र त्यसमाथि प्रक्रियाबमोजिम निर्णय गर्ने काम निरन्तर जारी राख्ने ।

२ **काम गर्नेलाई 'प्रोत्साहन' र गर्न नसक्नेलाई 'सम्मानसहित बिदा' योजना**

मिसन ग्रासरूट'मा आमरूपमा सुनियो- हाम्रा कमिटीहरू भद्दा भए । कमिटीमा रहन मरिहत्ते गर्ने तर बैठकमा मनलागे आउने, मन नलागे नआउने जस्तो देखियो । काममा नजुट्ने, कमिटीमा नाम राखिरहने सदस्यको औचित्य के हुन्छ ? यसलाई व्यवस्थित गर्नुपऱ्यो । यस्ता भावनालाई महसुस गर्दै संगठनको सुदृढीकरण र संगठनात्मक व्यवस्थापनमा निम्न कार्ययोजना लागू गर्ने :

— सूचना पाएर पनि बिना कारण लगातार ३ बैठकमा अनुपस्थित हुनेहरूलाई विधानतः सम्बन्धित कमिटीबाट बिदा गर्ने । भद्दा कमिटीलाई


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

छरितो तुल्याउन पदाधिकारीबाहेकका रिक्त स्थानमा सकेसम्म नयाँ सदस्य नथप्ने ।

'बैठकदेखि बैठकसम्म' मात्र आफ्नो उपस्थिति जनाउने तर काममा नजुट्ने सदस्यहरूलाई सक्रिय हुन समय तोक्ने । तोकिएको जिम्मेवारी पूरा गर्न प्रेरित गर्ने । सुधार नभए सचेत गराउने, स्पष्टीकरण माग्ने र कमिटीबाट स-सम्मान विदा गर्ने । काम 'गर्नेलाई प्रोत्साहित' र काम 'गर्न नसक्नेलाई सम्मानसहित जिम्मेवारीबाट विदा गर्ने' परिपाटीलाई क्रमशः बलियो बनाउँदै लैजाने ।

**'किन र के कारण' सोधौं**

मिसन ग्रासरूटमा जिम्मेवारी तोकिएका तर कुनै जानकारी नदिइ अनुपस्थित हुनेलाई सम्बन्धित कमिटीले 'किन र के कारण'ले अभियानबाट बाहिर रहेको हो, स्पष्टीकरण माग्ने । यसपछि पनि पार्टीले आयोजना गर्ने कुनै पनि अभियानमा यसैगरी अनुपस्थित हुनेलाई किन र के कारण सोध्ने परिपाटी बसाल्ने ।

**अधिवेशन आयोजक कमिटी गठन गरौं**

प्रणालीअनुरूप कमिटी सञ्चालन गर्न र विद्यमान भद्दा कमिटीमा गुणात्मक सुधार गर्न अधिवेशनहरू आयोजना गर्ने । प्रदेश अधिवेशनको व्यवस्थापनको जिम्मेवारी पदाधिकारीहरू र जिल्ला अध्यक्षलाई प्रदान गर्ने । संगठन कमिटी भएकाले प्रदेश कमिटीका सदस्यहरू समेत प्रतिनिधिमा चुनिएर आउने व्यवस्था गर्ने ।

सदस्यता प्रमाणीकरणको काम सम्पन्न भएसँगै अधिवेशनको तयारी सुरू गर्ने । सबै प्रदेश अधिवेशन आगामी भदौ महिनाभित्र आयोजना गर्ने ।

— नेता/कार्यकर्ता व्यवस्थापन गर्नेक्रममा वडादेखि प्रदेशसम्मै अस्वभाविक ठूला कमिटी बनेका छन्, कतियप स्थानमा विधानको व्यवस्थालाई अधिवेशनकै क्रममा मिचिएको समेत देखिन्छ । यसमा सुधार गर्न र कमिटीलाई गतिशील बनाउन प्रदेश अधिवेशनपछि जिल्ला, पालिका, वडा तथा टोल अधिवेशनको आयोजना गर्ने ।

असोजदेखि चैत महिनासम्ममा जिल्ला, पालिका, वडा र टोलटोलका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका बनाउने । अवधि बाँकी रहेका र सक्रिय कमिटीहरूलाई पछाडि र निस्क्रिय वा अप्रभावकारी कमिटीका अधिवेशन पहिलो प्राथमिकतामा राख्ने ।

अधिवेशन माथिल्लो कमिटीबाट क्रमशः तल्ला कमिटीको आयोजना गर्दा अघिल्लो कमिटीबाट कारणवश हटेका र कुनै पनि कमिटीमा संगठित


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

नभएका सदस्यहरूलाई आवश्यकताअनुसार विभिन्न कमिटीमा व्यवस्थापन गर्ने बिवध अपनाउने ।

**विभागबीच समन्वय र विभागीय काममा सहजीकरण**

— केन्द्रमा क्रियाशील पार्टीका ३३ विभागहरूमध्ये केही विभाग विशिष्टकृत छन्, केही राज्यको मन्त्रालयसँग मिल्दा छन् । केहीका कार्यक्षेत्र खप्टिएका छन् । विभागीय कामलाई थप प्रभावकारी बनाउन विभागहरूको विषयगत समूह बनाउने र त्यसलाई समन्वयात्मक ढंगले परिचालन गर्ने । विभागबीच आवश्यक समन्वय र काममा सहजीकरणका लागि बरिष्ट उपाध्यक्ष र उपाध्यहरूलाई अतिरिक्त जिम्मेवारी दिने ।

३ **एक्सन रुमबाट स्कूल** (नियमित वैचारिक-राजनीतिक प्रशिक्षण)

वैचारिक-राजनीतिक प्रशिक्षणको कामलाई योजनाबद्ध रूपमा अघि बढाइ पार्टीलाई सुदृढ गर्न प्रशिक्षणलाई नियमित गर्ने । वैचारिक राजनीतिक प्रशिक्षणको कार्यक्रम देहायबमोजिम गर्ने-

— केन्द्रीय पार्टी स्कुलले पाठ्यक्रम, पाठ्यसामाग्री र प्रशिक्षक तयार गर्ने । पाठ्यसामग्रीको सहज उपलब्धताको लागि डिजिटल प्लेटफर्म प्रयोग गर्ने । प्रिन्टका अतिरिक्त अडियो/भिजुअल सामग्री निर्माणमा प्राथमिकता दिने ।

— प्रशिक्षणको तह वर्गीकृत गर्ने ।

- उच्च, मध्यम र आधारभूत तहको प्रशिक्षणका लागि प्रशिक्षक तयार गर्ने । उच्चतहको प्रशिक्षणका लागि केन्द्रले नियमित स्कुल संचालन गर्ने,
- प्रदेश तहको स्कुलले मध्यमतहको नियमित प्रशिक्षण संचालन गर्ने । प्रदेशको स्कूलसँग केन्द्रलाई जोड्न प्रत्येक प्रदेशमा एक/एक जना केन्द्रीय सदस्य पार्टी स्कूल प्रतिनिधिको रूपमा खटाउने,
- जिल्ला तहको स्कुलबाट आधारभूत तहको प्रशिक्षण नियमित रूपमा संचालन गर्ने ।

— केन्द्रीय कमिटीका सदस्यहरूको बुझाइमा एकरूपता ल्याउनका लागि पार्टी नीति तथा कार्यक्रमका अतिरिक्त राजनीतिक/वैचारिक विषयमा अन्तर्क्रिया आयोजना गर्ने ।

केन्द्रीय आयोग र विभागहरूले आवश्यक ठानेका सबै प्रशिक्षण केन्द्रीय स्कूलमार्फत् आयोजना गर्ने ।

पार्टीलाई चाहिने विषयवस्तुको अनुसन्धान र नीतिहरूको विश्लेषण गर्न, त्यसबाट प्राप्त जानकारी स्कूलको पाठ्यक्रममा समावेश गर्न पार्टीको नीति अध्ययन प्रतिष्ठानजस्ता संस्थाहरूसँग पार्टी स्कूलले समन्वयमा काम गर्ने ।

— निर्वाचित जनप्रतिनिधिहरूका लागि शासन, नियम/कानुन, विकास र सेवा प्रवाहमा सक्षम तुल्याउन आवश्यकताअनुरूप अभिमुखीकरण र बन्द शीविर प्रशिक्षण समेत आयोजना गर्ने ।

— पठन सँस्कृतिको विकासका लागि पार्टी कार्यालयहरूमा पुस्तकालय स्थापना र सोशल मिडियामा स्टडी-सर्कल बनाइ अध्ययन/छलफल अघि बढाउन प्रोत्साहित गर्ने ।

— स्रोतलाई अधिकाधिक उपयोग गर्न आवश्यकताअनुसार हाइब्रिड प्रशिक्षण (भौतिक तथा भर्चुअलको सम्मिश्रण गरी 'एक्सन रूमबाट स्कूल' सञ्चालन) गर्ने ।

४ **व्यापक बनौं / बनाऔं कार्यक्रम** (जनसंगठन सुदृढीकरण तथा विस्तार कार्यक्रम)

स्थानीय तहका सबै वडामा महिला, किसान, मजदुर, युवा, विद्यार्थीजस्ता आधारभूत तहका जनसंगठनहरूकै उपस्थिति अपेक्षा गरेअनुरूप भएन । त्यसैले हामीसँग सम्बद्ध सबै जनवर्गीय संगठनलाई विस्तार गर्न **व्यापक बनौं/बनाऔं** कार्यक्रम -जनसंगठन सुदृढीकरण तथा विस्तार कार्यक्रम) सञ्चालन गर्ने-

— आधारभूत तहमा पार्टी कार्यकर्ता निर्माण गर्न जनसंगठनलाई '**इन्कुभेसन सेन्टर**'को रूपमा रूपान्तरित गर्ने । सबै जनसंगठनले मूलतः गैरपार्टी सदस्यलाई संगठित गरी पार्टीको जनआधार विस्तार गर्ने ।

पार्टीले जनसंगठनलाई पार्टी सदस्यता विस्तारको प्रवेशद्वारका रूपमा प्राथमिकता दिने । यस कामको समन्वय जनसंगठन समन्वय संयन्त्रमार्फत् गर्ने । प्रदेश, जिल्ला र पालिकास्तरमा समेत समन्वय संयन्त्र गठन गर्ने । यस्ता संयन्त्र पालिका तहसम्म नै विस्तार गर्ने । जनसंगठन सञ्चालन प्रभावकारी ढंगले गर्न पहिलेभैंm 'पार्टीको तेर्सो र जनसंगठनको ठाडो' नेतृत्व कायम गर्ने । यसका लागि हरेक प्रदेशमा एक/एक जना केन्द्रीय सदस्यलाई केन्द्रीय जनसंगठन समन्वय संयन्त्रको प्रतिनिधिको रूपमा खटाउने । यो जिम्मेवारी पाउने केन्द्रीय सदस्यले केन्द्रीय र प्रदेशको जनसंगठन समन्वय संयन्त्रबीच समन्वय र सहजीकरणको काम गर्ने ।

— जनसंगठनहरूले सम्बन्धित वर्ग र समुदायका बीचमा आफ्नो सदस्यता विस्तार गर्न नियमित अभियान संचालन गर्ने । खास औपचारिक कार्यक्रमबाहेक आमकार्यक्रमहरूमा जनसंगठनका नेताहरूलाई स्थापित

गर्न पार्टी नेतृत्वले सहजीकरण गर्ने । आफ्ना वर्ग वा समुदायबीच कस्ता–कस्ता रचनात्मक कार्यक्रम प्रभावकारी हुन्छ, यसको लागि सम्बन्धित तह र क्षेत्रले छुट्टै योजना बनाउने ।

— महिला, किसान, मजदुर, युवा र विद्यार्थीजस्ता संगठनका सञ्जाल टोल तहसम्म निर्माण गर्ने ।

— जनसंगठनका प्रदेश, जिल्ला र पालिकास्तरको अधिवेशन/सम्मेलन आयोजना गर्न सहजीकरण गर्ने ।

५ **प्रोजेक्ट राष्ट्रिय शक्ति** (ध्रुवीकरण, प्रवेश र व्यवस्थापन)

राजनीतिक ध्रुवीकरणलाई प्रभावकारी बनाउनका लागि पार्टी प्रवेशलाई अभियानका रूपमा अघि बढाउने । यसको लागि निम्न कार्य गर्ने-

— पार्टी प्रवेश गरेका वामपन्थी पृष्टभूमिका साथीहरूको सदस्यता अद्यावधिक गर्न र गैरवामपन्थी पृष्टभूमिका साथीहरूको सदस्यता व्यवस्थित गर्न जेठ महिनाभित्र केन्द्रीय संगठन विभागमा विवरणसहितको सिफारिस गरिसक्ने ।

— केन्द्रले व्यवस्थापन गर्नुपर्नेहरूको जिम्मेवारी प्रदान गर्ने कार्य केन्द्रबाट र मातहत कमिटीले पुरा गर्नुपर्ने जिम्मेवारी सम्बन्धित तहका कमिटीबाट यही स्पीरिटअनुसार जिम्मेवारी प्रदान गर्ने ।

— राजनीतिक ध्रुवीकरणको नीतिअनुरूप पार्टी प्रवेश कार्यक्रमलाई निरन्तरता दिने ।

६ **'डेलिभरीमार्फत् सुशासन, सुशासनसँगै विकास र समृद्धि'को कार्यक्रम**

धेरै ठाँउमा स्थानीय तहका निर्वाचित जनप्रतिनिहिरूको काम 'योजनाबद्ध कम–आकस्मिकतामा धेरै' हुँदै आएको छ । यसले कतिपय पालिकामा त नकारात्मक प्रभावसमेत पारेको छ । यसलाई सही ट्रयाकमा अघि बढाउन एउटा मिसन '**डेलिभरी** (सेवा प्रवाह)**मार्फत् सुशासन, सुशासनसँगै विकास र समृद्धि**'**को** कार्यक्रम सञ्चालन गर्ने ।

संघीय संसद, प्रदेशसभा र स्थानीय तहका जनप्रतिनिधिहरूको काम र निर्वाचित निकायलाई प्रभावकारी बनाउन देहायबमोजिम गर्ने-

—संघ र प्रदेशसभामा नीति तथा कानुन निर्माणमा प्रभावकारी हस्तक्षेप गर्नसक्ने तुल्याउन संसदीय दल र विभागमार्फत् प्रक्रिया, विषय र गरेका कामको प्रचारका लागि विज्ञको फिडव्याक, प्रशिक्षण र कामको समन्वय गर्ने ।

—पालिका सभादललाई प्रभावकारी बनाउने । पार्टी कमिटी र जनप्रतिनिधिबीच कामको समन्वयका लागि संयन्त्र गठन गर्ने । केन्द्रबाट स्थानीय तहमा पठाइएका शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाका सबै विषयमा जनताको चासोबमोजिम सेवा प्रवाह गर्न प्रेरित गर्ने ।

उदाहरणको लागि स्थानीय तहमा श्रम-डेस्क स्थपना गरी सूचिकरण गर्ने, त्यहाँ कार्यरत सबैलाई सामाजिक सुरक्षाका योजनामा आबद्ध गराउन सहजीकरण गर्ने । राज्यले दिँदै आएको विभिन्न प्रकारका सामाजिक सुरक्षा स्थानीय तहका जनताले सहज पाउने अवस्थाको सुनिश्चितता गर्ने ।

**डेलिभरीमार्फत् सुशासन, सुशासनसँगै विकास र समृद्धि**'को अवधारणा लागू गर्न स्थानीय तहका जनप्रतिनिधिका लागि आवश्यकता अनुसार 'बन्द-शिवीर' प्रशिक्षण सञ्चालन गर्ने ।

७ **अभियान रुपान्तरण** (आर्थिक-सामाजिक रूपान्तरण र जनसरोकारका विषयहरूमा आधारित अभियान तथा जनपरिचालन)

मिसन ग्रासरूटका क्रममा जनस्तरबाट प्राप्त सुझावलाई सम्बन्धित तहका कमिटीहरूले रचनात्मक ढङ्गले ग्रहण गर्ने । वडा र पालिकाबाट प्राप्त हजारौं सुझावका आधारमा आर्थिक-सामाजिक र जनसरोकारका मुद्दालाई सम्बोधन गर्न देहायको काम गर्ने-

— प्राप्त सुझावहरूलाई वर्गीकृत गरी कार्यान्वयनको लागि छुट्टै 'योजना कार्यशाला' आयोजना गर्ने । कुनै पनि प्रकारको शोषण, उत्पीडन, विभेद र अन्यायका विरूद्धमा पार्टीपङ्क्तिलाई सशक्त रूपमा परिचालन गर्ने । यस्ता मुद्दाका पक्षमा बहस-पैरवी सञ्चालन गर्ने ।

— पार्टीको राजनीतिक कार्यदिशाअनुरूप आर्थिक-सामाजिक विकासका क्षेत्र पहिचान गरी त्यसमा राज्यका निकायको ध्यानाकर्षण हुने गरी पार्टी सदस्य र जनसमुदायलाई परिचालन गर्ने ।

— आर्थिक-सामाजिक विकास र रूपान्तरणका पक्षमा मङ्सिर महिनामा मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान चलाउने ।

— कामका नयाँ क्षेत्रमा पार्टीको संलग्नता प्रभावकारी बनाउने । हरेक तहमा पार्टीको प्रभाव विस्तार गर्न संगठन र कामका नयाँ क्षेत्रहरू पहिचान गर्ने । सामाजिक र सामुदायिक क्षेत्रका संस्थाहरूले गर्ने कामप्रति पार्टीले बहन गर्नुपर्ने जिम्मेवारीबारे पार्टीपङ्क्तिलाई स्पष्ट पार्दै ती क्षेत्रका विशेषताअनुरूपको भूमिका निर्वाह गर्नसक्ने सक्षम कार्यकर्तापङ्क्तिको विकास गर्ने । उनीहरूलाई प्रतिस्पर्धी बनाउन विशेष ध्यान दिने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

८ **'वडावडाः भावी युवा नेता' कार्यक्रम** (युवाहरूका बीचमा पार्टी कामको विस्तार)

हाम्रो पार्टी संरचनामा पाका उमेर समुह र युवा उमेर समूहका नेता/कार्यकर्ताको संख्यामा असन्तुलन देखिँदै छ । त्यसैले पार्टीमा युवा आकर्षण र युवा सहभागिता विस्तार गर्न नयाँ अभियान आवश्यक छ । यसका लागि-

- अधिवेशन र पुनर्गठनका माध्यमबाट आधारभूत तहका कमिटीमा एक तिहाई सदस्य ३५ वर्ष मुनिका पार्टी सदस्यहरूलाई संगठित गर्नेगरी युवालक्षित अभियान सञ्चालन गर्ने ।

- मिसन ग्रासरूटले पहिचान गरेका सम्भावना भएका युवा वा सम्भावना भएका थप युवा पहिचान गरी नेतृत्व विकासको लागि पार्टी स्कुलका माध्यमबाट विशेष प्रशिक्षण कार्यक्रम (क्लोज क्याम्प) संचालन गर्ने ।

  अहिलेका युवाहरू 'आफैं नेता, आफैं प्रधानमन्त्री" जस्ता न्यारेटिभ्सबाट प्रभावित देखिन्छन् । सम्भावना भएका युवाहरू पहिचान गरी उनीहरूको यो अपेक्षालाई समेत सम्बोधन गर्ने ।

- "देशैभरी-छोराछोरी"को नारामा पार्टीका नेता कार्यकर्ताको घरघरबाटै युवा-कार्यक्रम सुरू गर्ने । 'प्रत्येक वडा- कम्तिमा १० युवा' कार्यक्रममार्फत् 'वडावडाः **भावी युवा नेता**' कार्यक्रम सञ्चालन गर्ने ।

९ **पार्टी कार्यालयमार्फत् कामको समन्वय**

जिम्मेवार नेताहरूलाई कहाँ भेट्ने भन्ने प्रश्न पनि मिसन ग्रासरूटमा उठेको छ । यसलाई सम्बोधन गर्न-

- सबै तहको पार्टी कामको महत्वपूर्ण अंगको रूपमा पार्टी कार्यालय सुदृढ र व्यवस्थित गर्ने,

- पार्टी निर्माण र कार्यकर्ता परिचालनका सन्दर्भमा मात्र होइन जनसरोकारका विषयहरूको सुनुवाई गर्ने र पैरवी गर्ने मुख्य थलोका रूपमा पनि पार्टी कार्यालयको विकास गर्ने,

- पार्टी कार्यालयमा सम्बन्धित तहको कमिटीका पदाधिकारी र जिम्मेवार व्यक्तिहरू नियमित रूपमा उपस्थित हुने व्यवस्था मिलाउने,

- पार्टी कार्यालय पालिका तहसम्म अनिवार्य रूपमा संचालन गर्ने । पार्टी कार्यालय वडा तहसम्म विस्तार गर्ने गरी कार्ययोजना तयार गरी क्रमशः लागू गर्ने,



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

— केन्द्रीय कार्यालयसँग प्रदेश, जिल्ला, पालिका र वडा तहसम्मकै पार्टी कार्यालयले समन्वयमा काम गर्ने । कार्यालयको कामलाई प्रविधिमैत्री बनाउने ।

## १० प्रचारात्मक काम र सामाजिक सञ्जालको प्रभावकारी प्रयोग

पहिले ठूला-ठूला सभा र जनपरिचालनबाट पार्टीले आफ्ना कुरा जनतासमक्ष पुर्‍याउँथ्यो । छरिएका भ्रमहरू चिर्थ्यो । अहिले 'न्यू मिडिया'को रूपमा डिजिटल मिडिया र सोसल मिडया प्रभावशाली भएपछि पहिलेको प्रक्रियाले हाम्रो आवश्यकता पुरा गरिरहेको छैन । तसर्थ, पार्टीप्रति जनताको आकर्षण बृद्धि र नयाँ पुस्ताबीच पार्टीलाई विस्तार गर्न प्रचारात्मक कामलाई सुदृढ गर्नेपर्छ । यसका लागि देहायका बुँदा केन्द्रित कार्यक्रम आयोजना गर्ने-

— प्रचार र सूचना प्रवाहको कामका सोसल मिडियाको सुदुपयोग गर्ने,

— सबै प्रकारका सोसल मिडियमा सम्बन्धित तहको पार्टी कमिटी र पार्टीसम्बद्ध जनसंगठनहरूले सञ्जाल निर्माण गर्ने,

— सोसल मिडयाको लागि एकद्वार प्रणालीको विकास गर्ने,

— प्रचारको वैकल्पिक योजना तयार पार्ने । प्रत्येक प्रदेशमा एक/एक जना केन्द्रीय सदस्यलाई प्रचारको विशेष जिम्मेवारीसहित खटाउने । प्रदेशमा खटेका केन्द्रीय सदस्यले केन्द्रीय विभाग र प्रदेशको प्रचार कार्यमा समन्वय र सहजीकरण गर्ने ।

## ११ प्रवासीहरूका बीचको कामलाई प्रभावकारी बनाउने

प्रवासमा हाम्रो पार्टीले वर्षौंदेखि काम गर्दै आएको छ । त्यहाँको कामलाई थप प्रभावकारी बनाउन र व्यवस्थित गर्न पार्टीको सम्बन्धित फाँटलाई निर्देशित गर्ने र फाँटले आवश्यक कार्ययोजना बनाई लागू गर्ने । कार्ययोजना बनाउँदा निम्न पक्षलाई ध्यान दिने-

— सबै तहका पार्टी र जनसंगठनहरूले आ-आफ्नो ठाउँबाट रहेका विदेशमा लामो समयसम्म रहने गरी गएका पार्टी सदस्यहरू वा सम्पर्कमा रहेका व्यक्तिहरूको जानकारी सम्बन्धित फाँटमा उपलब्ध गराउने,

— पार्टीका नेता कार्यकर्ताहरूले काम वा अध्ययनको सिलसिलामा विदेश गएका आ-आफ्नो परिवारका सदस्य वा नातेदारहरूको जानकारी सम्बन्धित फाँटमा उपलब्ध गराउने,

— सम्बन्धित फाँटले प्रवासी नेपाली संघ र हाम्रो पार्टीसँग सम्बद्ध विदेशमा क्रियाशील कुनै पनि संघसंस्थासँग उनीहरूको सम्पर्क स्थापित गराउने ।


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

१२ **पार्टी स्थापनाको ७५औँ वर्ष (हीरक महोत्सव) समारोह**

हीरक महोत्सव विविध कार्यक्रमसहित मनाइनेछ । यससम्बन्धी सम्पूर्ण कार्यक्रम अध्यक्षको राजनीतिक प्रतिवेदनमा उल्लेख गरिएको छ । कार्यक्रमका मुख्य बुँदा यसप्रकार छन्-

क. नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखन

ख. लोकतन्त्र र रूपान्तरणका लागि भएका संघर्ष

ग. ७५ वर्षे यात्राको वृत्तचित्र निर्माण

घ. "शेल्टर" पुस्तक प्रकाशन

ङ. ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्द्धन

च. अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना

४. **कार्यविभाजन**

केन्द्रीय कमिटीको बैठकमा प्राप्त सुझावका आधारमा केन्द्रीय सचिवालय बैठकले केन्द्रीय कमिटीका पदाधिकारी एवं सदस्यहरूको कार्यविभाजनमा व्यापक हेरफेर गरिएको छ । कार्यविभाजनको मुख्य उद्देश्य मिसन ग्रासरूटबाट पहिचान भएका सङ्गठनात्मक समस्याहरूको समाधान गर्नु, काममा रहेको दोहोरोपन र अस्पष्टता ( एउटै भूगोल, विभाग या फाँटमा इञ्चार्ज या प्रमुखका अलावा धेरै सहइञ्चार्ज/उपप्रमुख रहेको स्थितिका कारण परिभाषित काममा केन्द्रित हुन र जिम्मेवारी पूरा गरेको/नगरेको मूल्याङ्कन गर्न अप्ठ्यारो परेको अवस्था) हटाउन र प्रत्येक पदाधिकारी या सदस्यलाई मापन गर्न सकिने जिम्मेवारी दिनु रहेको छ ।

कार्यविभाजनका नीतिगत आधार, अपेक्षा, कमरेडहरूका लागि कार्यादेश र कार्यविभाजनको समग्र विवरण देहायबमोजिम रहेको छ–

**कार्यविभाजनको आधार**

१ यसपटक बरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष कमरेडहरूलाई विभागीय कामको संयोजनको अतिरिक्त जिम्मा थपिएको छ। यस प्रयोजनको लागि ३३ विभागलाई देहायबमोजिम ७ समूहमा वर्गीकृत गरिएको छ ।

**नीति तथा योजना**

१) अर्थ तथा योजना विभाग
२) परराष्ट्र मामिला विभाग
३) राष्ट्रिय हित तथा सुरक्षा विभाग

**पूर्वाधार निर्माण र विकास**

१) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

२) सहरी विकास विभाग
३) ऊर्जा, जलस्रोत तथा सिंचाइ विभाग
४) पर्यटन तथा नागरिक उड्डयन विभाग
५) खानेपानी तथा सरसफाइ विभाग

**कृषि तथा उद्यमशीलता**

१) कृषि तथा पशुपंक्षी विकास विभाग
२) उद्योग, बाणिज्य तथा आपूर्ति विभाग
३) भूमि व्यवस्था विभाग
४) वन तथा वातावरण विभाग
५) सहकारी तथा गरिबी निवारण विभाग

**सामाजिक विकास**

१) सामाजिक सेवा विभाग
२) सामाजिक सुरक्षा तथा समाज कल्याण विभाग
३) उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग
४) विपद् व्यवस्थापन तथा स्वयम्सेवा विभाग
५) स्वास्थ्य तथा जनसङ्ख्या विभाग

**मानव स्रोत**

१) शिक्षा तथा मानवस्रोत विभाग
२) विज्ञान तथा प्रविधि विभाग
३) श्रम तथा रोजगार विभाग
४) साहित्य, कला तथा संस्कृति विभाग
५) यूवा तथा खेलकूद विभाग

**सुशासन र सेवा प्रवाह**

१) सङ्घीय मामला तथा सामान्य प्रशासन विभाग
२) संसदीय विभाग
३) स्थानीय विकास विभाग
४) कानून विभाग
५) निर्वाचन विभाग

**पार्टी सम्बद्ध**

१) सङ्गठन विभाग
२) पार्टी स्कूल विभाग
३) केन्द्रीय पुस्तकालय तथा अभिलेख विभाग

४) प्रचार तथा प्रकाशन विभाग
५) वित्त तथा कोष व्यवस्थापन विभाग

२ प्रदेशको इञ्चार्जमा सचिवहरू र जिल्लाको इञ्चार्जमा स्थायी कमिटी, पोलिटब्युरो र अपुग भएको स्थानमा सांगठानिक अनुभव भएका केन्द्रीय सदस्यहरूलाई तोकिएको छ । बागमती प्रदेशलाई विशेष व्यवस्थाअन्तर्गत समन्वय गरिने प्रस्ताव गरिएको छ ।

३ अधिकांश केन्द्रीय सदस्यहरूलाई कुनै न कुनै तहको भुगोलको जिम्मेवारीमा जोडिएको छ । केन्द्रीय नेताहरूको स्वतन्त्र भूमिका प्रकट हुने अपेक्षासहित आमरूपमा भुगोल र फाँटबाट सहइञ्चार्ज र विभागहरूबाट उपप्रमुखको व्यवस्था हटाइएको छ ।

४ केन्द्रीय कमिटीको निर्णय र केन्द्रीय सदस्यहरूको सुझावलाई ध्यानमा राखी प्रदेश र जिल्ला इञ्चार्जको जिम्मेवारी तोकिएका इञ्चार्जहरूलाई आफ्नो भुगोल बाहिर र केन्द्रीय सदस्यहरूलाई आफ्नो पालिका बाहिरको जिम्मेवारी प्रस्ताव गरिएको छ । केन्द्रीय कमिटीमा प्रतिनिधित्व नभएका जिल्लामा पहिले भैं बाहिर जिल्लाका केन्द्रीय कमिटी सदस्यलाई जिम्मेवारी तोकिएको छ ।

५ केन्द्रीय पार्टी स्कूल र प्रदेशको स्कूलबीच समन्वय र सहजीकरणको लागि प्रत्येक प्रदेशमा एक/एकजना केन्द्रीय सदस्य खटाउने प्रस्ताव गरिएको छ । यसैगरी केन्द्रीय जनसंगठन समन्वय संयन्त्र र प्रदेशको जनसंगठन समन्वय संयन्त्र तथा केन्द्रीय प्रचार विभाग र प्रदेशको प्रचार कार्यबीच समन्वय एवम् सहजीकरणको लागि थप एक/एक जना केन्द्रीय सदस्यलाई जिम्मेवारी तोकिने प्रस्ताव गरिएको छ ।

६ प्रदेशको कामको महत्वलाई ध्यानमा राखी अब निर्वाचित हुने ७ प्रदेशका अध्यक्षहरू पदेन पोलिटब्युरो सदस्यसरह हुने प्रस्ताव गरिएको छ ।

७. केन्द्रीय कार्यालय सचिव पदेन केन्द्रीय सदस्य हुने व्यवस्था गरिएको छ ।

**कार्यादेश**

**क. विभागहरूको समूहलाई संयोजन गर्ने उपाध्यक्ष कमरेडहरुले–**

१. विभागहरूका साझा कार्यक्षेत्र पहिल्याउने र तिनका नीतिहरूमा सामञ्जस्यता ल्याउन परामर्श गर्ने,

२. आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयमा नीतिगत अवधारणा तयार गर्न बाँकी विभागलाई नीति निर्माणमा सहजीकरण गर्ने,

३. विभागका कार्यक्षेत्रभित्र पर्ने विषयमा आवश्यकताअनुसार सरकारको ध्यानाकर्षण गराउने र दबाब सिर्जना गर्न सहजीकरण र समन्वय गर्ने,

४. सम्बन्धित विभागसँग सम्बन्धित विषयमा पार्टी अध्यक्ष र केन्द्रीय कमिटीलाई आवश्यक सुझाव दिने ।

**ख. प्रदेश इञ्चार्जका रुपमा तोकिनुभएका कमरेडहरुले–**

१. प्रदेशभित्र मिसन ग्रासरूटका क्रममा पहिचान भएका समस्या समाधानमा अग्रणी भूमिका खेल्ने ।

२. प्रदेशमा पार्टीको वार्षिक कार्ययोजना कार्यान्वयन गर्न अगुवाइ गर्ने ।

३. विगतदेखि नै इञ्चार्जले सम्पादन गरी आएका काममा अतिरिक्त मिसन ग्रासरूटका क्रममा देखापरेका पार्टीभित्रका समस्या समाधानका लागि तत्काल पहल गर्ने । यसका लागि आवश्यकता अनुसार प्रदेश कमिटीका पदाधिकारी या बरिष्ठ कमरेडहरू रहनुभएको संयन्त्र निर्माण गर्ने ।

**ग. जिल्ला इञ्चार्जका रुपमा तोकिनु भएका कमरेडहरुले–**

१. जिल्लाभित्र मिसन ग्रासरूटका क्रममा पहिचान भएका समस्या समाधानमा अग्रणी भूमिका खेल्ने ।

२. जिल्लामा पार्टीको वार्षिक कार्ययोजना कार्यान्वयन गर्न अगुवाइ गर्ने । यसका लागि जिल्लामा खटिनुभएका अन्य केन्द्रीय सदस्य र प्रदेश कमिटी सदस्यहरूसँग समन्वय गर्ने ।

३. विगतदेखि नै इञ्चार्जले सम्पादन गरी आएका काममा अतिरिक्त मिसन ग्रासरूटका क्रममा देखापरेका पार्टीभित्रका समस्या समाधानका लागि भूमिका खेल्ने । यसका लागि प्रदेश इञ्चार्ज र प्रदेशमा गठन गरिएको संयन्त्रसँग समन्वय गर्ने, सहयोग गर्ने ।

**घ. पालिकाहरूमा इञ्चार्जका रुपमा तोकिनु भएका कमरेडहरूले–**

१. सम्बन्धित पालिकाहरूभित्र मिसन ग्रासरूटका क्रममा पहिचान भएका समस्या समाधानमा अग्रणी भूमिका खेल्ने ।

२. सम्बन्धित पालिकाहरूमा पार्टीको वार्षिक कार्ययोजना कार्यान्वयन गर्न अगुवाइ गर्ने । यसका लागि पालिकामा खटिनुभएका प्रदेश कमिटी र जिल्ला कमिटीका सदस्यहरूसँग समन्वय गर्ने ।

३. विगतदेखि नै इञ्चार्जले सम्पादन गरी आएका काममा अतिरिक्त मिसन ग्रासरूटका क्रममा देखापरेका पार्टीभित्रका समस्या समाधानका लागि भूमिका खेल्ने । यसका लागि जिल्ला इञ्चार्ज र संयन्त्रसँग समन्वय गर्ने, संयन्त्रका काममा सहयोग गर्ने ।

**ङ. प्रदेशमा पार्टी स्कुलको संयोजन गर्न खटिनुभएका कमरेडहरूले–**

१. सम्बन्धित प्रदेश कमिटीमा पार्टी स्कुल विभाग गठन गर्न सहजीकरण गर्ने ।

२. प्रादेशिक स्कुल स्थापना र माध्यमिक तहको पाठ्यक्रममाथि आधारित प्रशिक्षण कार्यक्रमको कार्ययोजना बनाउने ।

३. यसका लागि आवश्यक स्रोत र लजिस्टिकको व्यवस्थापनमा सहजीकरण गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

४. केन्द्रीय पार्टी स्कुल विभागसँगको समन्वयमा प्रदेशमा नियमित स्कुल सञ्चालन गर्ने र जिल्ला कमिटीले सञ्चालन गर्ने आधारभूत स्कुलका लागि प्रशिक्षकहरू उत्पादन गर्ने ।

**च. प्रदेशमा जनसङ्गठनहरूको काममा समन्वय गर्न खटिनुभएका कमरेडहरूले–**

१. सम्बन्धित प्रदेश कमिटीमा जनसङ्गठन समन्वय संयन्त्र गठन गर्न सहजीकरण गर्ने ।

२. जनसङ्गठनहरूका प्रदेश अधिवेशन/सम्मेलन गर्न, तिनको नियमित बैठक गर्न र कार्ययोजना बनाउन समन्वय र सहजीकरण गर्ने ।

३. जनसरोकारका मुद्दाहरूको पहिचान र तिनको समाधानका लागि आवश्यकताअनुसार प्रशासनको ध्यानाकर्षण, जनदबाब र आन्दोलन उठान गर्न सहजीकरण गर्ने ।

**छ. प्रदेशमा प्रचारको काममा समन्वय गर्न खटिनुभएका कमरेडहरूले–**

१. सम्बन्धित प्रदेश कमिटीमा पार्टी प्रचार तथा प्रकाशन विभाग गठन गर्न र त्यसलाई सक्रिय बनाउन सहजीकरण गर्ने ।

२. प्रदेशभित्र पार्टी प्रचार कार्यको कार्ययोजना बनाउन र कार्यान्वयन गर्न समन्वय र सहजीकरण गर्ने ।

३. सम्बन्धित प्रदेशमा रहेका मूलधारमा सञ्चारमाध्यमसँग समन्वय गर्न र तिनलाई सम्भव भएसम्म सकारात्मक बनाउन समन्वय गर्ने ।

४. प्रदेशभित्र न्यू मिडियामा सक्रिय हुनसक्ने कन्टेन्ट निर्माता, भिडियो प्रोड्युसर र सामाजिक सञ्जालमा राम्रो पहुँच भएका साथीहरूको नेटवर्क निर्माण गर्ने र तिनका माध्यमबाट पार्टी प्रचारलाई प्रभावकारी र सशक्त बनाउने ।

५. गलत सूचना र भ्रामक सूचनाहरूको पहिचान गर्दै तिनको खण्डनका लागि सक्रिय भूमिका निर्वाह गर्ने ।

**कार्यविभाजन**

**क) सचिवालयका पदाधिकारीहरूको जिम्मेवारी**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | केपी शर्मा ओली | अध्यक्ष | • पार्टीको समग्र नेतृत्व |
| २ | ईश्वर पोखरेल | बरिष्ठ उपाध्यक्ष | • प्रमुख, नीति अनुसन्धान प्रतिष्ठान<br>• संयोजन- नीति/योजना सम्वद्ध विभागहरू |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | |
|---|---|---|---|
| ३ | युवराज ज्ञवाली | उपाध्यक्ष | • प्रदेश र स्थानीय तहको समन्वय<br>• संयोजन- मानवश्रोत सम्वद्ध विभागहरू |
| ४ | अष्टलक्ष्मी शाक्य | उपाध्यक्ष | • राजनीतिक समन्वय<br>• संयोजन- सामाजिक विकास सम्वद्ध विभागहरू |
| ५ | रामबहादुर थापा | उपाध्यक्ष | • कुटनीतिक सम्वन्ध तथा राष्ट्रिय सुरक्षा<br>• संयोजन- कृषि तथा उद्यमशीलता सम्वद्ध विभागहरू |
| ६ | विष्णुप्रसाद पौडेल | उपाध्यक्ष | • पार्टीको संगठनात्मक कामको अनुगमन,<br>• संयोजन- पार्टी सम्वद्ध विभागहरू |
| ७ | सुवासचन्द्र नेम्वाङ | उपाध्यक्ष | • संसदीय मामिला<br>• संयोजन- सुशासन र सेवा प्रवाह सम्वद्ध विभागहरू |
| ८ | सुरेन्द्रप्रसाद पाण्डे | उपाध्यक्ष | • राजकीय मामिला<br>• संयोजन- पूर्वाधार तथा विकास सम्वद्ध विभागहरू |
| ९ | शंकर पोखरेल | महासचिव | • पार्टीको संगठनात्मक कामको संयोजन |
| १० | प्रदीप ज्ञवाली | उपमहासचिव | • प्रमुख, पार्टी स्कुल विभाग |
| ११ | पृथ्वीसुब्बा गुरूङ | उपमहासचिव | • प्रमुख, संसदीय विभाग |
| १२ | विष्णु रिमाल | उपमहासचिव | • प्रमुख, निर्वाचन विभाग<br>• प्रमुख, वित्त तथा कोष व्यवस्थापन विभाग |
| १३ | टोपबहादुर रायमाझी | सचिव | निलम्बन |
| १४ | लेखराज भट्ट | सचिव | • इञ्चार्ज, कर्णाली प्रदेश |
| १५ | गोकर्णराज विष्ट | सचिव | • इञ्चार्ज, गण्डकी प्रदेश |


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | |
|---|---|---|---|
| १६ | योगेश भट्टराई | सचिव | • इञ्चार्ज, मधेस प्रदेश |
| १७ | छविलाल विश्वकर्मा | सचिव | • इञ्चार्ज, सुदुरपश्चिम प्रदेश |
| १८ | रघुवीर महासेठ | सचिव | • इञ्चार्ज, कोशी प्रदेश |
| १९ | पद्माकुमारी अर्याल | सचिव | • इञ्चार्ज, लुम्बिनी प्रदेश |

ख) निर्वाचनमा हाम्रो पार्टीले चौतर्फी घेराबन्दी, षडयन्त्र र आक्रमणको सामना गर्नुपऱ्यो । आवधिक निर्वाचनलाई स्वस्थ, मर्यादित र स्वच्छ लोकतान्त्रिक अभ्यासका रूपमा अगाडि बढाउनुको साटो नेपाली काङ्ग्रेस नेतृत्वको सत्ता गठबन्धनले यसलाई प्रतिशोध, निषेध र मुठभेडको मञ्चका रूपमा प्रयोग गऱ्यो । सत्तापक्षले प्रतिपक्षका विरूद्ध गठबन्धन गर्ने जस्तो अलोकतान्त्रिक अभ्यास गऱ्यो, नेकपा (एमाले)लाई 'समाप्त' पार्ने धम्की दियो र निर्वाचनमा साधनस्रोतको चरम दुरूपयोग, हत्या-हिंसा र बुथकब्जाका लज्जास्पद घटनाहरू घटायो ।

ग) सत्तापक्षका यावत् घेराबन्दी, षडयन्त्र र आक्रमणका बाबजुद नेकपा (एमाले) लोकप्रिय (समानुपातिक) मतबाट जनताको रोजाइको पहिलो पार्टी बन्न सफल भयो । यो निकै महत्वपूर्ण उपलब्धि हो । साधनस्रोतको चरम दुरूपयोगका बाबजुद ६ दलको गठबन्धनले सामान्य बहुमत पनि हासिल गर्न सकेन । गठबन्धनको बलमा पहिलो पार्टी बने पनि नेपाली काङ्ग्रेसको जनाधार विगतमा भन्दा झनै खस्किएको छ । नेकपा (एमाले) ले काङ्ग्रेससँगको मतको दूरी २०७४ मा ४५ हजारको तुलनामा यस निर्वाचनमा १ लाख २५ हजारले बढाएको छ । सिट सङ्ख्याका हिसाबले स्थानीय निकाय निर्वाचनमा हाम्रो पार्टीभन्दा १६ प्रतिशत अगाडि रहेको नेपाली काङ्ग्रेस प्रतिनिधिसभा सदस्य निर्वाचनमा आइपुग्दा ४ प्रतिशतले मात्रै अगाडि छ । कम्युनिष्ट आन्दोलनलाई विभाजित गर्ने, वामपन्थी सरकार ढालेर


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

पुँजीपति वर्गको नेतृत्वमा सरकार बनाउन निर्णायक भूमिका खेल्ने र जनविरोधी शक्तिहरूको विजयमा उत्सव मनाउने दक्षिणपन्थी अवसरवादीहरू जनताबाट एक हिसाबले अस्वीकृत भएका छन् । विगत डेढ वर्षदेखि स्थापित गर्न खोजिएको कथित प्रतिगमनको भाष्य र गठबन्धनका क्रियाकलापलाई जनताले धेरै हदसम्म विफल पारिदिएका छन् ।

घ) निर्वाचनमा हाम्रो पार्टीले पनि अपेक्षित सफलता हासिल गर्न सकेन । राजनीतिक स्थायित्व, राष्ट्रिय हितको रक्षा एवं समृद्धिका लागि नेकपा (एमाले) को बहुमत आवश्यक थियो । कम्तिमा पनि सबैभन्दा ठूलो दलको रूपमा सरकारको नेतृत्व गर्दै मुलुकलाई सही दिशा दिने हाम्रो अपेक्षा थियो । तर परिणाम त्यसअनुरूप आउन सकेन । यसमा तत्कालीन सत्ता गठबन्धनले खडा गरेका घेराबन्दी, षड्यन्त्र, दुष्प्रचार र आक्रमणको भूमिका त छ नै । तर पार्टीभित्र देखापरेका व्यक्तिवादी प्रवृत्ति, विकृति, सङ्गठनात्मक शिथिलता र अराजकता महत्वपूर्ण कारणका रूपमा रहेका छन् । हामीले निर्वाचनमा 'प्रत्येक पार्टी सदस्यसँग एउटै अपेक्षा, दुई मतको बृद्धि गर्नुस् पाँच मतको रक्षा' भन्ने आह्वान गरेका थियौं । तर यो लक्ष्य पूरा हुन सकेन । कतिपय कमिटीहरू क्रियाशीलै नभएको र जन-सम्बन्धबाट टाढिएको देखियो । कतिपय आकाङ्क्षीहरूमा आफूले उमेद्वारी नपाउने बित्तिकै असमझदारी, असहयोग र अन्तर्घातसम्म गर्ने तथा विपक्षीसँग साँठगाँठ गर्ने प्रवृत्ति देखापर्‍यो । हिजोसम्म पार्टीको माथिल्लो ओहदामै रहेका कतिपय नेताहरू पार्टीविरूद्धको षड्यन्त्रमा सङ्लग्न भए । पार्टीका स्थापित विचार र सिद्धान्त, पार्टीले सरकारमा हुँदा हासिल गरेका महत्वपूर्ण उपलब्धी एवं पार्टीका सङ्कल्प र प्रतिबद्धताहरू जनताबीच प्रचार गर्ने र समाजमा स्थापित गर्ने काम प्रभावकारी हुन सकेन । प्रायोजित मिथ्या र भ्रामक सूचनाको बाढीलाई परास्त गर्न सकिएन । युवा मतदाताहरू, सहरी जनमत र प्रवासी नेपालीहरूका बीचमा पार्टीप्रतिका आकर्षण र जनाधार सङ्कुचनमा परेको देखियो । परिणामतः जनताको रोजाईंको पहिलो पार्टी हुँदाहुँदै पनि नेकपा (एमाले) प्रतिनिधिसभामा पहिलो हुन सकेन ।

ङ) निर्वाचनमा प्रियतावादी ('पपुलिष्ट') शक्तिको उदय र परम्परावादी दक्षिणपन्थी दलको शक्ति विस्तार नयाँ र विवेचनीय परिघटनाका रूपमा रहेका छन् । खासगरी युवा मतदाताहरू, सहरी जनमत र प्रवासी नेपालीहरूका बीचमा 'पपुलिज्म'ले उल्लेख्य प्रभाव पार्नु र ती शक्तिहरूप्रति आकर्षण बढ्नुलाई गहन विश्लेषण गर्नु आवश्यक छ । गठबन्धनमा रहेका दलहरूका कारण बढेको चरम राजनीतिक विकृति, आर्थिक र व्यवसायिक क्षेत्रमा देखापरेका सङ्कट, उत्पादन र रोजगारीका क्षेत्र साँघुरिँदै गरेको अवस्था एवं सुशासन तथा सेवा प्रवाहमा गम्भीर विचलनका कारण समाजमा निराशा बढेको छ । २०६२/६३ को परिवर्तन र नेपालको संविधान जारी भएपछि समाजमा देखापरेको आशा र उत्साहलाई यी विकृतिहरूले ठूलो धक्का दिएका छन् । यस स्थितिले सिर्जना गरेको असन्तुष्टिलाई 'पपुलिज्म'ले एजेण्डाका रूपमा राम्रैसँग उपयोग गर्न सफल भएको देखिन्छ ।

तर 'पपुलिज्म' को सीमा के हो भने उसले मौजुदा समस्या र कमजोरीहरूलाई उजागर गर्नसक्छ, प्रश्न खडा गर्नसक्छ र जनअसन्तुष्टीहरूलाई राम्रैसँग प्रयोग गर्नसक्छ, तर समाधानका विकल्प दिन सक्दैन । हाम्रो जस्तो समाजमा जनअसन्तुष्टीलाई उपयोग गर्न सजिलो छ । तर सही दर्शन र विचारधारा नभएको, अर्थ-राजनीतिक कार्यदिशा स्पष्ट नभएको र आफ्ना स्वार्थका लागि कहिले वाम त कहिले दक्षिणपन्थी धारका बीचमा डोलायमान रहने यस्तो शक्ति मुलुकको सही राजनीतिक विकल्प भने हुन सक्दैन । बरू यस्तो शक्ति कहिलेकाँही सामाजिक अराजकता र स्थापित प्रणालीका विरूद्ध विभिन्न शक्तिकेन्द्रहरूबाट उपयोग हुने जोखिम हुन्छ । त्यसैले हामीले 'पपुलिज्म' का वर्गीय र अर्थ-राजनीतिक आधार एवं भूमिकालाई मसिनो गरी केलाउँदै तदनुरूपको दृष्टिकोण निर्माण गरेर अगाडि बढ्नुपर्छ । त्यसले जुन खाली 'स्पेस' मा स्थान बनाउन खोज्दैछ, त्यहाँ ध्यानकेन्द्रित गर्नुपर्छ ।

च) निर्वाचनबाट परम्परावादी-दक्षिणपन्थी शक्तिले पनि संसदमा आफ्नो उपस्थितिलाई उल्लेख्य ढङ्गले बढाएको छ । पछिल्ला दिनमा जबर्जस्ती धर्मान्तरणले सिर्जना गरिरहेका जनअसन्तुष्टि, प्रदेशहरूमा देखिएका बेथिती र राजनीतिक अस्थिरताको विषयलाई मुद्दा बनाएर यो शक्ति हिन्दु राज्य, सङ्घीयताको खारेजी र राजतन्त्र पुनर्स्थापनाका मागमा अगाडि बढिरहेको छ । आजको लोकतान्त्रिक युगमा पनि जन्मजात श्रेष्ठताको सामन्ती मान्यतालाई बोक्ने र आफ्नै अयोग्यता, असफलता र कर्मका कारण जनताबाट विस्थापित राजतन्त्रलाई फर्काउन खोज्ने यस्तो प्रयासको कुनै औचित्य छैन । त्यस्तो प्रयास सफल पनि हुन सक्दैन । लोकतान्त्रिक गणतन्त्रको व्यवस्थापनमा समस्या देखिएका होलान् । संविधानको कार्यान्वयनमा अवरूद्ध हुँदा त्यसले परिकल्पना गरेको न्यायपूर्ण, समतामूलक, लोकतान्त्रिक र समृद्ध समाजको निर्माणमा विलम्ब भइरहेको होला । तर यो समस्या या विलम्बको विकल्प पुरानै निरङ्कुश व्यवस्थाको पुनर्स्थापना हुनै सक्दैन । सामाजिक असन्तुष्टीहरूको लाभ यस्ता पक्षले उठाइरहेको यथार्थलाई ध्यानमा राख्दै त्यसलाई सम्बोधन गर्नमा भने हामी विशेष संवेदनशील, सक्रिय र सक्षम हुनैपर्छ ।

निर्वाचनले सिर्जना गरेको जटिलता, तरलता र प्रतिकूल राजनीतिक शक्ति सन्तुलनका बीचमा सकारात्मक शक्तिहरूलाई गोलबन्द गरेर राजनीतिक स्थायित्वका लागि प्रयास गर्नु, राष्ट्रियतामाथि आघात पुग्ने कुनै पनि काम विरूद्ध हमेसा चनाखो र तैनाथी अवस्थामा रहनु, आवश्यकता पर्दा सङ्घर्षमा उत्रिनु तथा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षामा बाधा पुग्न नदिन नेकपा (एमाले)ले विशेष र प्रभावकारी भूमिका खेल्नुपर्नेछ ।

## २. नयाँ कोर्स निर्माणको प्रयास

निर्वाचनपछिको तरल अवस्थामा मुलुकलाई राजनीतिक स्थिरता, अग्रगमन र समृद्धिको दिशामा लैजान सचेत पहल गर्दै पार्टीले २०७९ पुस १० गते नयाँ राजनीतिक सहकार्यको आधार निर्माण गऱ्यो । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) सहित सात दलको त्यो

सहकार्य सकारात्मक थियो र जनचाहनाअनुरूपको थियो । त्यसै सहमतिबमोजिम नेकपा (एमाले) सहित सात दलको समर्थनमा प्रधानमन्त्रीमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड' को नियुक्ति भयो । सभामुखमा नेकपा (एमाले) बाट प्रस्तावित देवराज घिमिरे निर्वाचित हुनुभयो । सहमतिबमोजिम नै प्रदेश नं १, गण्डकी, लुम्बिनी र सुदुर पश्चिममा नेकपा (एमाले)का तर्फबाट, बागमती र कर्णालीमा माओवादी केन्द्रका तर्फबाट र मधेस प्रदेशमा जसपाका तर्फबाट मुख्यमन्त्री निर्वाचित भए । नेकपा (एमाले) का तर्फबाट दुईवटा प्रदेशमा, माओवादी केन्द्रका तर्फबाट चार प्रदेशमा र राप्रपाका तर्फबाट एक प्रदेशमा सभामुख चयन भए ।

सरकारले नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम सार्वजनिक गरेसँगै समाजमा सकारात्मक प्रभाव देखाप-यो । पुँजीबजारमा उत्साह देखियो । विदेशी मुद्रा सञ्चितीमा सुधार, विप्रेषणमा बृद्धि एवं अनावश्यक खर्च कटौतीजस्ता कदमले सङ्कटग्रस्त अर्थतन्त्रमा केही मात्रामा भए पनि  सुधारका सङ्केत देखापरे । प्रदेशहरूमा १६ वटा मन्त्रालयहरू घटाउने सरकारको निर्णयले प्रदेश संरचनाप्रति देखापरेको गुनासोलाई थोरै भए पनि कम गर्न सघायो । यो २०७८ असारको सर्वोच्च अदालतको परमादेशसँगै निर्माण भएको गलत 'कोर्स' लाई सच्याउने पहल थियो ।

तर यस कदमका विरूद्ध सुरूदेखि नै षड्यन्त्रका तानाबाना बुन्न थालियो । यस सहकार्यलाई भत्काएर पुरानै गठबन्धन स्थापित गर्ने, नेपाललाई अन्त्यहीन अस्थिरतातिर धकेल्न चाहने, भ्रष्टाचार, साधनस्रोतको दोहन र सत्तामा भागबण्डाको वाक्कलाग्दो खेल अझ तीब्र गर्ने, लोकतन्त्रलाई कमजोर पार्ने एवं मुलुकलाई शक्ति राष्ट्रहरूको स्वार्थको क्रिडास्थल बनाउन चाहने विभिन्न शक्ति केन्द्रको चलखेल बढेर गयो । पुस २६ गते नेपाली काङ्ग्रेस समेतको विश्वासको मत प्राप्त गरेपछि प्रधानमन्त्रीले बोली फेर्न थाले । कहिले राष्ट्रपतिका बारेमा भएको एमालेसँगको पूर्व सहमतिलाई 'भएकै छैन' भनेर झुठ बोल्ने र कहिले राष्ट्रिय सहमति भनेकै काङ्ग्रेससँगको सहमति हो भन्ने अर्थ्याउन थाले । नयाँ राजनीतिक कोर्सलाई जोगाउन हामीले हदैसम्म लचिलो भयौं, तत्कालीन सत्ता गठबन्धनभित्रैबाट राष्ट्रपतिको उमेद्वार बनाएर भए पनि सहकार्य जोगाउन प्रस्ताव ग-यौं । तर आफै चरम अवसरवादबाट ग्रस्त र विभिन्न शक्ति केन्द्रहरूको प्रभावमा परेको माओवादी-केन्द्रलाई दक्षिणपन्थी अवसरवादी ओह्रालो यात्राबाट रोक्न सकिएन । राष्ट्रपति निर्वाचनसम्म आइपुग्दा ऊ नेपाली काङ्ग्रेससँग समर्पण गर्न पुग्यो । माओवादी-केन्द्रबाट प्रदर्शित यस राजनीतिक बेइमानी, चरम अस्थिरता र नाङ्गो अवसरवादले राष्ट्रिय राजनीतिलाई फेरि पुरानै बिन्दुमा धकेलेको छ । नेकपा (एमाले) ले २०७९ फागुन १५ गते प्रधानमन्त्रीलाई दिएको समर्थन फिर्ता लिने र सरकारबाट बाहिरिने निर्णय गरेसँगै मुलुक पुरानै कोर्समा फर्किएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट अलगिइसकेको छ । अहिले त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले समेत सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ ।

माओवादी-केन्द्रको अवसरवादी, अविश्वसनीय र अस्थिर चरित्रसँग हामी अपरिचित थिएनौं । गएका ६ वर्षमा हामीमाथि पटक-पटक यस ढङ्गको धोखा भएको छ । संविधान

जारी गर्न निर्णायक नेतृत्व गरेको, नाकाबन्दीको सामना गरेको र पारवहन सन्धीमार्फत् नेपालको परनिर्भरतालाई अन्त्य गरेको २०७२-७३ को सरकारलाई विफल पार्न पनि माओवादी आफै अग्रसर भएको थियो, देशभक्तिपूर्ण आन्दोलनलाई लत्याएको थियो । विगतका सबै कुराहरू बिर्सेर राजनीतिक स्थायित्व र मुलुकको समृद्धिका लागि हामीले २०७४ मा फेरि चुनावी सहकार्य र पार्टी एकतासम्मको पहल गरेका थियौं । तर विभिन्न शक्ति केन्द्रहरूको उक्साहटमा नेकपाको एकतालाई भत्काउन र राजनीतिलाई अस्थिर, प्रतिगामी र जनविरोधी बाटोमा अग्रसर गराउन यसका नेताहरू फेरि पनि मुख्य भूमिकामा देखिए । मुलुक र जनताको हितका लागि हामीले पछिल्लो पटक फेरि 'शङ्काको सुविधा' दियौं, तर यसलाई पुनः लत्याएर माओवादी-केन्द्र राजनीतिक अस्थिरताको कारक बन्न पुगेको छ । संसदीय अङ्कगणितमा प्राप्त आफ्नो सङ्ख्यालाई सत्ताको सौदाबाजीका निम्ति प्रयोग गर्ने यस व्यवहारले राजनीति थप विकृत, बदनाम र विवादित बन्न पुगेको छ ।

नेकपा (एमाले) मुलुकमा राजनीतिक स्थिरता कायम गर्न चाहन्छ । राजनीतिक स्थिरताको जगमा लोकतन्त्रलाई सुदृढ र परिणाममुखी बनाउन चाहन्छ । राष्ट्रिय हित र स्वाभिमानको पक्षमा दृढतापूर्वक उभिन चाहन्छ । जनतालाई परिवर्तनको अनुभूति हुने गरी सुशासन र समृद्धिको यात्रालाई तीब्र पार्न चाहन्छ । योभन्दा बढी एमालेको कुनै स्वार्थ छैन । सत्ताका लागि जस्तासुकै सम्झौता गर्ने, जस्तासुकै प्रवृत्तिसँग घुँडा टेक्ने र आदर्श र नैतिकतालाई पन्छाएर सत्तालाई नै अन्तिम सत्य मान्ने भ्रमबाट हाम्रो पार्टी मुक्त छ । दाउपेच, षड्यन्त्र र विश्वासघातमाथि आधारित राजनीतिको आयु लामो हुँदैन भन्ने बारेमा पनि हामीलाई कुनै भ्रम छैन ।

### ३. आर्थिक मन्दी र आसन्न आर्थिक सङ्कट

लगातार दुई त्रैमासिकसम्म आर्थिक बृद्धिदर ऋणात्मक रह्यो भने त्यसलाई आर्थिक मन्दी मानिने विश्वव्यापी मान्यता रहेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्षको तस्बिरले नेपाली अर्थतन्त्र मन्दीमा प्रवेश गरेको स्पष्ट सङ्केत गरेको छ । यसले हाम्रो अर्थतन्त्रको सङ्कटपूर्ण अवस्थालाई उजागर पार्छ ।

विदेशी मुद्रा सञ्चिति र विप्रेषणबाहेक यतिबेला अर्थतन्त्रका प्रायः सबै सूचकहरू नकारात्मक छन् । चैत मसान्तसम्म व्यापार घाटा १२ खर्बभन्दा माथि पुगेको छ । राष्ट्रिय उत्पादनमा निरन्तर ह्रास आइरहेको छ । आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहँदा ३५ प्रतिशतभन्दा बढी पुँजीगत खर्च हुन नसकेको तथ्यले सरकारको अक्षमतालाई उदाङ्गो पारेको छ । यसले पुँजी र बजारको गतिशीलतामा गम्भीर अवरोध गरेको छ । यो आर्थिक वर्षमा मात्र १०६ अर्ब र विगत वर्षको ५३ अर्ब समेत गरी संघीय सरकारको संचित कोष रू. १५९ अर्बले घाटा रहेको छ । बजेट प्रस्तुत गर्ने बेला प्रक्षेपण गरिएको ८ प्रतिशतको उच्च आर्थिक बृद्धि अहिले आइपुग्दा २ प्रतिशतको हाराहारीमा सीमित हुने देखिएको छ । त्यो पनि हासिल हुन्छ हुँदैन, टुङ्गो छैन ।

निर्माण सम्पन्न भएका आयोजनाहरूको भुक्तानी दिन ८० अर्बभन्दा बढी बाँकी छ । राजस्व सङ्कलन यो वर्षका लक्ष्यभन्दा ४८ प्रतिशतले न्यून र अघिल्लो वर्षको तुलनामा १४



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

प्रतिशतले न्यून भएका कारण सरकार चालु खर्च धान्नसमेत नसक्ने बिन्दुमा पुगेको छ । हालै स्थानीय तहहरूलाई दिइने समानीकरण अनुदान ५० प्रतिशतले कटौती गरिएको छ भने पेन्सनलगायत विभिन्न सामाजिक सुरक्षाको भुक्तानी प्रभावित भएको छ ।

सशस्त्र द्वन्द्व, भूकम्प र कोभिड महामारीका बेलामा समेत व्यवसाय धानेर बसेका व्यवसायीहरू यतिबेला अत्यन्त निराश र हतोत्साहित स्थितिमा पुगेका छन् । व्यवसाय बन्द हुने र व्यवसायी पलायन हुने या आत्महत्या गर्ने क्रम ह्वात्तै बढेको छ । बजार क्षेत्रका ३५ देखि ४० प्रतिशतसम्म सटर बन्द भएका छन् । ठूला तथा मझौला उद्योगहरूले ३० प्रतिशतभन्दा बढी कर्मचारी कटौती गरेका छन् । गैर कृषि क्षेत्रको वृद्धिदर १ प्रतिशत बिन्दुभन्दा कम रहेको छ । कूल ग्राहस्थ उत्पादनमा झन्डै १६ प्रतिशत योगदान गर्ने थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर २.९६ प्रतिशतले नकारात्मक छ । ५.५२ प्रतिशत योगदान गर्ने निर्माण क्षेत्रको वृद्धिदर २.६२ प्रतिशतले नकारात्मक छ भने ५.३२ प्रतिशत योगदान गर्ने उद्योग क्षेत्रको वृद्धि २.०४ प्रतिशतले नकारात्मक रहने अनुमान छ । खानी तथा उत्खनन, यातायात र आवास लगायतका क्षेत्रको वृद्धिदर पनि ऋणात्मक नै रहने प्रक्षेपण छ । यी तथ्यहरूले व्यवसाय क्षेत्र ठूलो जोखिमबाट गुज्रिरहेको देखिन्छ ।

मिटरब्याज पीडितहरू आन्दोलनमा छन् । लघुवित्तसँग सम्बन्धित संस्थाहरूको अनियन्त्रित व्याजका कारण धेरै सर्वसाधारणका घरदैलो बन्द हुन पुगेका छन् । बिचौलिया, कालाबजारिया, मुनाफाखोरहरू र दलाल पुँजीपतिहरूको बिगबिगी एकदमै बढेर गएको छ ।

दैनिक उपभोग्य वस्तुमा भएको असीमित मूल्यबृद्धि र लगातारको ८ प्रतिशतको मुद्रास्फीतिका कारण सर्वसाधारण नागरिक र उपभोक्ताहरूको जीवन अत्यन्त कष्टकर बनेको छ । दुई वर्षदेखि न्यूनतम ज्याला बृद्धि नगरिएका कारण श्रमिकहरूलाई जीवन जिउनै कठीन भएको छ ।

अर्थतन्त्र यस्तो कठिन अवस्थामा पुग्नुमा कोभिड महामारी, विश्वका शक्तिशाली अर्थतन्त्र बीचको तनाव र रूस-युक्रेन युद्धको आंशिक प्रभाव अवश्य छ । तर सङ्कटको मुख्य जिम्मेवार कारण विगत केही समययता नेपाली काङ्ग्रेस र माओवादी-केन्द्रबीच सघन बनेको राजनीतिक आवरणको वित्तीय गठबन्धन नै हो । यस गठबन्धनले बजेट बनाउँदा व्यवसायी घरानाका प्रतिनिधि (बिचौलिया) राखेर करका दर हेरफेर गरेको छ । एक खालको प्रविधिमाथि आधारित उद्योगहरूलाई किनारा लगाएर अर्काथरि उद्योगलाई मात्रै प्रश्रय दिएको छ । पुनर्बीमा, धितोपत्र बजारलगायत ठूला कारोवारहरू निश्चित स्वार्थ समूहहरूलाई हस्तान्तरण गर्ने प्रपञ्च गरेको छ । कमिशन र आर्थिक लाभका लागि अर्थतन्त्रमा दूरगामी नकारात्मक प्रभाव पार्ने निर्णय गरेको छ । यस्ता कामले गर्दा आज मुलुकको आर्थिक र वित्तीय क्षेत्र निश्चित व्यवसायिक घरानाको नियन्त्रणमा पुगिरहेको छ । प्रतिस्पर्धात्मक आर्थिक व्यवस्था, प्रतिस्पर्धामा सबैका लागि एउटै मैदान उपलब्ध भइरहेको छैन । लाखौं जनताको ब्याङ्कमा रहेको निक्षेपबाट गरिएको ब्याङ्किङ लगानीको लाभसमेत

सीमित घरानाको स्वार्थमा पुग्ने र वित्तीय जोखिम बढ्दै जाने स्थिति गएको छ । आर्थिक र वित्तीय स्रोतको अत्यधिक केन्द्रीकरणले मुलुकमा साधन स्रोतको पहुँचमा असमानतालाई बढाउँदै लगेको छ र कुनै पनि बेला आर्थिक दुर्घटनाको जोखिमसमेत पैदा गरेको छ ।

वित्तीय सुशासन र सङ्गठित अपराधसँग सम्बन्धित नेपालका प्रतिबद्धताहरू पूरा नगरिएका र कतिपय सन्दर्भमा त्यस विपरीतका गतिविधिहरू गरिएका कारण नेपाल अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रमा कालो सूचीमा पर्ने जोखिम कायमै छ ।

**४. गठबन्धनका नाममा अलोकतान्त्रिक र विकृत राजनीतिक अभ्यास**

नेपालको संविधानले बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणालीको प्रबन्ध गरेको छ । जनताको जनादेश प्राप्त दलले राज्य सञ्चालन गर्ने र विपक्षले सत्ताप्रति सूक्ष्म निगरानी राख्दै जवाफदेही बनाउन भूमिका खेल्ने हाम्रो संवैधानिक व्यवस्था हो । राष्ट्रमा सङ्कट उत्पन्न भएको अपवादको अवस्था बाहेक लोकतन्त्रको यस आधारभूत मान्यताबाट कहिल्यै विचलित हुनु हुँदैन ।

तर पछिल्लो समय बिना कुनै सैद्धान्तिक या नीतिगत आधार जो कसैसँग गठबन्धन गर्ने, निर्वाचनमा जसरी पनि जित्नका लागि जो कसैसँग गठबन्धन बनाउने, जस्तासुकै कुकर्म गर्ने र गठबन्धनलाई अनुत्तरदायी, दोहनकारी र अलोकतान्त्रिक शासनको हतियार बनाउने क्रम बढेको छ । मतदाताले निर्वाचनका बेला घोषणापत्र र प्रतिबद्धता हेरेर पार्टीहरू चयन गर्न पाइरहेका छैनन्, किनभने सिद्धान्तहीन गठबन्धनको शृङ्खला जारी छ । सत्तापक्षले मोर्चा बनाएर विपक्षमाथि आक्रमण गर्ने चरम अलोकतान्त्रिक चरित्र देखाइरहेको छ । राष्ट्रिय महत्वका विषयमा नीतिगत विषयमा सहमति खोज्ने होइन कि मिलिजुली सत्ताभोग गर्ने र सत्तामार्फत् दोहन गर्ने उद्देश्यले हुने यस्ता गठबन्धनले राजनीतिलाई विकृत बनाइरहेको छ । केही दर्जन विद्यार्थी पढ्ने क्याम्पसका स्ववियु निर्वाचनमा समेत यस्तो विकृति झाँगिदै गएको छ । यसले समाजलाई नै प्रदूषित गरिरहेको छ ।

वर्तमान गठबन्धन स्थापित संस्थाहरू माथिको प्रहारलाई निरन्तर जारी राखेको छ । प्रतिशोधको मनशायले तत्कालीन प्रधानन्यायाधीशमाथि महाअभियोग प्रस्ताव पेश गर्ने तर त्यस प्रस्तावलाई निष्कर्षमा पुग्न नदिई झुण्ड्याइराख्ने गठबन्धनका हरकतका कारण सर्वोच्च अदालत झन्डै दुई वर्षदेखि कामू प्रधानन्यायाधीशका नेतृत्वमा चलिरहेको छ । राजनीतिक पूर्वाग्रहका आधारमा तत्कालीन राष्ट्रपतिमाथि बारम्बार गरिएको प्रहार होस् या नेपाल राष्ट्र ब्याङ्कजस्ता स्वायत्त संस्थामाथिको हस्तक्षेप, यो गठबन्धन राज्यका सबै अङ्गलाई भयदोहन गरेर आफ्नो स्वार्थपूर्तिका साधन बनाउन चाहन्छ र त्यसो हुन तयार नहुनेहरूलाई कमजोर र क्षतविक्षत बनाउन चाहन्छ भन्ने स्पष्ट देखिन्छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

हाम्रो पार्टी राजनीतिमा देखापरेका यस्तो विकृतिका विरूद्धमा छ । हामी स्वस्थ लोकतान्त्रिक अभ्यास, प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली र जनताप्रति उत्तरदायी शासन व्यवस्थाको पक्षमा दृढतापूर्वक उभिएका छौं र उभिइरहने छौं ।

**५. भूराजनीतिमा आइरहेका परिवर्तन र नेपालको बाह्य सम्बन्धमा देखापरेको विचलन**

नेपालको संविधानले परराष्ट्र नीति र बाह्य सम्बन्धमा स्पष्ट सिद्धान्त तय गरेको छ । मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय स्वाभिमानको रक्षालाई राष्ट्रिय हितका रूपमा परिभाषित गरेको छ । बाह्य सम्बन्ध सञ्चालनमा राष्ट्रिय हितलाई केन्द्रमा राख्ने, सार्वभौम समानता, पारस्परिक लाभ, अहस्तक्षेप र विश्वासमा आधारित रहेर छिमेकीहरूसँग सन्तुलित सम्बन्ध राख्ने, कुनै पनि सैन्य या रणनीतिक साझेदारीमा सहभागी नहुने, मित्र राष्ट्रहरूका जायज चासोप्रति सजग रहने र त्यसका विरूद्ध नउभिने हाम्रा स्थापित मान्यताहरू हुन् । इतिहासका एकाध अपवाद घटनाबाहेक नेपालले सधैंभरि असङ्लग्न, सन्तुलित र स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ । यसै आधारमा विश्वका धेरै राष्ट्रहरूको विश्वास र सद्भाव पाउन पनि नेपाल सफल भएको छ ।

तर मुलुकको बाह्य सम्बन्धमा पछिल्लो समयमा भने असन्तुलन, बेथिति र विचलन देखापर्न थालेका छन् ।

मुलुकको आन्तरिक राजनीतिमा बाह्य चासो र चलखेल अत्यधिक बढ्न थालेको छ । राजनीतिक दलहरूबीच कस्तो गठबन्धन बन्ने या भत्किने, राज्यका मुख्य अङ्गहरूमा कसलाई निर्वाचित गर्ने या पराजित गर्ने, मुलुकमा कस्ता कानुन जारी गर्ने या रोक्ने जस्ता प्रश्नमा समेत अनुचित चासो र हस्तक्षेप प्रकट हुन थालेको छ । नेपालले कुन मित्र राष्ट्रसँग कस्तो आर्थिक सम्बन्ध कायम गर्ने र कस्ता आर्थिक या विकास साझेदारी विकास गर्नेजस्ता प्रश्नमा समेत बाह्य शक्तिले परोक्ष दबाब दिने धृष्टता गर्न थालेको छ । नेपालको सार्वभौमिकतामाथि यस्ता अनुचित चासोहरू सर्वथा त्याज्य र अग्राह्य छन् ।

अमेरिकी सहायता परियोजना एमसीसीलाई गिजोल्नसम्म गिजोलेका र '१२ बुँदे घोषणा' को आवरणमा त्यसलाई नाटकीय रूपमा पारित गरेका नेताहरूले आजसम्म नेपाली जनतालाई स्पष्ट पारेका छैनन्– त्यस 'घोषणा'को कानुनी र नैतिक हैसियत आज के छ ? गठबन्धन सरकारकै कार्यकालमा नेपाललाई सैन्य गठबन्धन प्रकृतिको राज्य साझेदारी कार्यक्रम (एसपीपी) मा धकेल्ने प्रयास भयो । संसद र जनस्तरबाट सशक्त प्रतिवाद भएपछि सरकार त्यसबाट पछि हट्न बाध्य भयो । तर पनि नेपाललाई नजानिँदो गरी निश्चित शक्ति राष्ट्रहरूको पोल्टामा ढल्काउने प्रयास भित्रीरूपमा जारी नै छ ।

पछिल्लो समय छिमेक सम्बन्धमा असन्तुलन देखा परेको छ । छिमेकीहरूका नजरमा राष्ट्रको विश्वास र साखलाई खस्काउने कामहरू भइरहेका छन् । मित्रराष्ट्र भारतसँग



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

इतिहासदेखि थाँती रहेका सीमालगायतका विषयहरू नेपालको हितमा सल्ट्याएर विश्वासमा आधारित र समस्यारहित सम्बन्ध निर्माणमा कुनै पहल गरिएको छैन । मित्रराष्ट्र चीनसँग सहमति भइसकेका कैयौं परियोजनालाई अलपत्र पार्ने काम भइरहेको छ । 'डेमोक्रेशी समिट' मा सहभागिता, बोआवो फोरमलाई उपेक्षा, युक्रेन मामला, निम्ताबिना नै भारत भ्रमणको एकोहोरो रटान, नेपालको प्राथमिकता र सरोकार नरहेका विषयमा समेत सम्बन्धित विदेशी अधिकारीहरूको तारन्तारका भ्रमण र विश्व मञ्चमा नेपालको कमजोर उपस्थिति- कुटनीतिक क्षेत्रमा अनेकौं असङ्गति देखिएका छन् ।

यसबीचमा विश्व परिस्थिति, विश्व वित्तीय व्यवस्था र भूराजनीतिमा तीब्र बदलाव आइरहेका छन्, जसका प्रभाव नेपालमा प्रत्यक्ष-परोक्ष रूपमा पर्ने स्पष्ट छ ।

रूस-युक्रेन युद्धले सिर्जना गरेको मानवीय सङ्कट, बाणिज्य र आपूर्ति शृङ्खलामा परेका असर र खाद्यान्न तथा इन्धनको आपूर्तिमा पारेका प्रतिकूलताले विश्व अर्थतन्त्र प्रभावित भएको छ । कोभिड महामारीपछि तङ्ग्रिन थालेको विश्व अर्थतन्त्रलाई यसले नकारात्मक असर गरेको छ । वाणिज्य र आपूर्ति शृङ्खलामा अवरोध, बढ्दो ब्याजदर, आकाशिंदो बेरोजगारी एवं अमेरिकालगायत राष्ट्रमा देखापरेको उच्च मुद्रास्फीतिका कारण विश्व अर्थतन्त्रमै प्रभाव पर्ने र विश्वव्यापी आर्थिक मन्दी आउने प्रक्षेपण गरिन थालेका छन् । हालै अमेरिकाका तीनवटा ठूला ब्याङ्क र स्वीजरल्याण्डका केही ब्याङ्क टाट पल्टिएको स्थितिले विश्व वित्तीय क्षेत्रमा तरङ्ग सिर्जना भएको छ ।

संयुक्त राष्ट्रसङ्घको निर्णय र विगतमा अमेरिका स्वयंले स्वीकारेको एक चीन नीतिको मान्यताविपरीत ताइवान प्रश्नमा उसले लिएका नीति र गतिविधिले त्यस क्षेत्रमा तनाव बढाइरहेको छ । एसिया प्रशान्त क्षेत्रमा तनाव बढाउने, सैन्य शक्ति केन्द्रीकृत गर्ने र ध्रुवीकरण गर्ने कुनै पनि कदम विश्व शान्ति र क्षेत्रीय स्थायित्वका लागि हानीकारक हुन् । त्यस्ता क्रियाकलापहरू तत्काल बन्द गरिनुपर्छ ।

प्यालेस्टाइनको स्वतन्त्र अस्तित्व र त्यस राज्यको सीमा हालसम्म पनि नस्वीकारिनु र इजरायल तथा प्यालेस्टाइनबिच निरन्तर द्वन्द्वको स्थिति सिर्जना हुनु चिन्ताको विषय हो । अमेरिकाको वापसीपछि अफगानिस्तानमा सत्तासीन बनेका तालिवानहरूद्वारा महिला, बालबालिका र आमनागरिकहरूका अधिकार कटौती र मध्ययुगीन शासन लाद्ने प्रयास भइरहेका छन् । म्यान्मारमा जननिर्वाचित संसदलाई भङ्ग गर्ने, जननिर्वाचित प्रतिनिधिहरूलाई बन्दी बनाउने र शान्तिपूर्ण विरोध प्रदर्शनमाथि हिंसात्मक दमन गर्ने काम भइरहेका छन् । सुडानमा पुनः युद्ध भड्किएको छ । दक्षिण एसियामा दक्षिणपन्थी अतिवाद र विभिन्न मुलुकका लोकतन्त्रमा सैन्य हस्तक्षेप देखापरेका छन् । हामी कुनै पनि भू-भागमा भइरहेका युद्ध र बाह्य हस्तक्षेपको विरुद्ध छौं, लोकतन्त्र र शान्तिको पक्षमा छौं ।

पछिल्लो समय चीनले विश्वका विभिन्न भूभागमा द्वन्द्व अन्त्यका लागि कुटनीतिक पहल अगाडि बढाएको छ । उसकै मध्यस्थतामा साउदी अरब र इरानका बीच कुटनीतिक

सम्बन्ध पुनर्स्थापित भएको छ, दस वर्ष लामो यमनको गृहयुद्ध अन्त्य हुने दिशातिर उन्मुख भएको छ र रूस तथा युक्रेनबीच संवादका प्रयास भएका छन्, जुन सकारात्मक छन् ।

लामो समयसम्म विश्व वित्तीय र वाणिज्य क्षेत्रमा वर्चस्वशाली रहेको अमेरिकी डलरको विकल्प खोज्न थालिएको छ । ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित समूह 'ब्रिक्स'ले आफ्नै छुट्टै मुद्राको तयारी थालेका छन् । तबसम्मका लागि गैर–डलर कारोबार तीव्र पारेका छन् । दक्षिण पूर्वी एसियाली देशहरूको सङ्गठनले अमेरिकी डलर, पाउण्ड स्टर्लिङ, युरो र जापानी येन बाहेकका मुद्रामा कारोबारलाई प्रोत्साहित गर्ने निर्णय गरेका छन् र फ्रान्सले समेत चीनसँगका कतिपय कारोबारमा चिनियाँ मुद्रालाई स्वीकारेको छ । यी घटनाले विश्व वित्तीय क्षेत्रमा ठूलै हलचल सुरू भएको छ । यसले सैन्य शक्ति, प्रविधि र मुद्राका माध्यमबाट हासिल अमेरिकी वर्चस्व खस्किँदै गरेको सङ्केत गर्छ ।

भारत र पाकिस्तानबीचको तनावका कारण दक्षिण एसियामा क्षेत्रीय सहकार्यका प्रयास अवरूद्ध भएका छन् । सार्क निस्प्रभावी र निष्क्रिय अवस्थामा पुगेको छ । बिम्स्टेक पनि प्रभावकारी बन्नसकेको छैन । छिमेकी देशहरूको सार्वभौमसत्ता, संवेदनशीलता र सरोकारलाई भारतले आवश्यक ध्यान दिन नसक्दा उसँग यस क्षेत्रका देशहरूको द्विपक्षीय र बहुपक्षीय साझेदारी अपेक्षित मात्रामा अगाडि बढ्न सकेको छैन ।

नेपालको भारतसँग रहेका सीमा, १९५० को सन्धी, व्यापार घाटालगायतका विषयहरू अझै थाँती रहेका छन् ।

तीब्ररूपमा बदलिँदो भूराजनीति, भूअर्थनीति र शक्ति राष्ट्रहरूका प्रतिस्पर्धाका बीचमा नेपालको राष्ट्रिय स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा गर्ने हाम्रो अभिभारामा नयाँ चुनौती देखापरेका छन् । सरकारका कतिपय गैरजिम्मेवार क्रियाकलापले चुनौती अझ बढाएका छन् । हामीले भूराजनीतिमा आएका यी बदलावहरूलाई संवेदनशील दृष्टिले हेर्दै राष्ट्रिय हितको रक्षाका लागि सजग भएर अगाडि बढ्नु पर्दछ ।

## ६. सामाजिक असन्तुष्टि र अराजकताका प्रयास

नेपाली समाजमा निराशा बढ्दै गएको र यसले अराजकताको रूप लिनसक्ने आशङ्का बढ्दै गएको छ । त्यस्तो स्थिति राजनीतिक स्थायित्वका लागि जोखिमपूर्ण हुनसक्छ ।

कृषिमा व्यवसायीकरण न्यून हुनु, कृषकहरूको बचत अनिश्चित हुनु, निर्वाध आयात भइरहेको विदेशी कृषि उपजसँग प्रतिस्पर्धा गर्ने सामर्थ्यको अभाव हुनु र बिचौलियाको बिगबिगी आदि कारणले कृषिमाथि आश्रित जनशक्तिको ठूलो हिस्सा त्यहाँबाट बाहिरिन बाध्य भएको छ । तर मुलुकको औद्योगीकरण नभएका कारण त्यसरी बाहिरिएको अतिरिक्त श्रम शक्तिका सामु देशभित्र रोजगारीका अवसर ज्यादै कम छन् । सीमित अवसरहरूको लाभ पनि 'राम्राले भन्दा हाम्रा'ले उठाइरहेको र सेवाप्रवाहमा असाध्यै झमेला व्यहोर्नुपरेका


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

कारण युवाहरूमा असन्तुष्टि बढेको छ । प्रतिवर्ष पाँच लाखको हाराहारीमा श्रम बजारमा भित्रिने श्रम शक्तिमध्ये अधिकांशको गन्तव्य वैदेशिक रोजगारी बन्न पुगेको छ । तर वैदेशिक रोजगारीको क्षेत्र पनि अझै सुरक्षित हुन सकिरहेको छैन । संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्यलगायत विषयमा निजी क्षेत्रको मनोमानीले गर्दा रोजगारीको आर्जनबाट आधारभूत आवश्यकता धान्न पनि कठीन भइरहेको छ । सूचना प्रविधिको सहज पहुँच, विश्वव्यापीकरणका असर र यसले हुर्काइरहेको उपभोक्तावादका कारण नेपाली युवाहरूको मनोविज्ञान तीब्र रूपमा प्रभावित भइरहेको छ ।

२०६२/६३ को परिवर्तन र नेपालको संविधान जारी भएसँगै समाजमा ठूलो अपेक्षा र विश्वास बढेर गएको थियो । नेकपा (एमाले) सरकारमा हुँदा हामीले यिनै जनअपेक्षालाई केन्द्रबिन्दूमा राखेर महत्वपूर्ण काम सुरू गरेका थियौं । यसले भविष्यप्रतिको भरोसा बढाउँदै लगेको थियो । तर अदालतको सहारामा जनादेशलाई विस्थापन गरिएपछि र राजनीतिलाई फेरि उही गठबन्धन, भागबण्डा र स्रोतको दोहनको माध्यम बनाइन थालिएपछि देश हरेक दृष्टिले ओरालो लागेको छ । मुलुक हामीले बनाउन सक्छौं र यसको भविष्य उज्ज्वल छ भन्ने विश्वास कमजोर पारिँदै गर्दा युवा र विद्यार्थीहरूमा निराशा बढ्दो छ । उनीहरूको आप्रवासन तीब्र गतिमा बढ्न थालेको छ । गतः वर्षमात्रै १ लाख २५ हजार हाराहारीमा विद्यार्थीहरूले विदेश अध्ययन गर्नका लागि अनुमति (एनओसी) लिएको तथ्यले किशोर र युवाहरूमा नेपालका शैक्षिक संस्था र समग्र मुलुकको भविष्यप्रति नै विश्वास कमजोर हुँदै गरेको सङ्केत गर्छ ।

यो निकै गम्भीर, चिन्ताजनक र संवेदनशील विषय हो ।

प्रदेशहरूमा जथाभावी बृद्धि गरिएका मन्त्रालय र मन्त्रीहरूको सङ्ख्या, समानुपातिक निर्वाचन प्रणालीको लाभ उनै माथिल्लो वर्गले लिइरहेको अनुभूति र राजनीतिमा भित्रिएका विकृतिका कारण समग्र राजनीतिप्रति नै नकारात्मक मनोविज्ञान फैलाउन मद्दत पुगेको छ ।

यसरी नयाँ उत्पादक शक्तिलाई फस्टाउन र विकसित हुन सघाउने उपयुक्त उत्पादन प्रणालीको अभावले गर्दा नयाँ सामाजिक अन्तरविरोध सिर्जना हुन थालेको सङ्केत गरेको छ । जनताको अपेक्षा र राज्यको कमजोर डेलिभरी क्षमताबीचको द्वन्द्वले समाजमा असन्तुष्टिलाई जन्म दिएको छ । भ्रष्टाचारले राज्यलाई झनै अकर्मण्य बनाएको छ । राजनीतिक स्थिरता कायम गर्ने, त्यसको जगमा आर्थिक विकास तीव्र पार्ने र देशभित्रै रोजगारीका अवसर सिर्जना गर्ने, सुशासन र सेवाप्रवाहलाई सहज तुल्याउने, संविधान प्रदत्त शिक्षा, स्वास्थ्यलगायतका मौलिक हकको उपभोग जनताले सुनिश्चित गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, सदाचार तथा राजनीतिक नैतिकता स्थापित गर्ने तथा तथा समृद्धिको जग बसाल्ने काम गरेर मात्र यो अन्तरविरोधको समाधान र सामाजिक असन्तुष्टिको समाधान गर्न सकिन्छ ।

तर एकातिर सरकार यी सबैबाट विल्कुल बेसरोकार, विमुख र संवेदनहीन बन्दै साधनस्रोतको दोहनमा लिप्त छ भने अर्कातिर असन्तुष्टिको लाभ लिन विभिन्न शक्तिहरू सल्बलाइरहेका छन् । दक्षिणपन्थी शक्ति यसलाई वर्तमान संविधान र लोकतान्त्रिक



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

गणतन्त्रको असफलताका रूपमा चित्रित गर्दै मुलुकलाई प्रतिगामी बाटोमा लैजान सक्रिय छ । पूर्व राजाको नाममा भइरहेका निज स्वयंका र उनका आसेपासेका विभिन्न गतिविधि अस्थिरता फैलाउन र आन्दोलनका उपलब्धी उल्ट्याउन लक्षित देखिन्छन् । अर्कोतिर पपुलिष्ट शक्तिहरू सबै 'पुराना' दलहरूलाई एउटै डालोमा हालेर विरोध गर्ने काम गरिरहेका छन् । सही आधार र विकल्पबिनाको यस्तो विरोधले समाजलाई थप अशान्त बनाउने बाहेक कुनै काम गर्दैन ।

यतिबेला समाजमा अराजकताका घटनाहरू बाक्लिन थालेका छन् । चर्को व्याजको विरोध गर्ने नाममा ब्याङ्क तथा वित्तीय संस्थामाथि हमलाका प्रयास हुन् या गोंगबु बसपार्कमा लुटपाटका घटना, राज्यको अवज्ञा र अराजकताका सङ्केत हुन् ।

समाजमा फेरि जातीय-क्षेत्रीय अतिवादलाई चर्काउने प्रयास हुन थालेका छन् । कोशी प्रदेशसभाले संविधानको व्यवस्था अनुसार ९० प्रतिशतभन्दा बढी सदस्यहरूको सहमतिबाट गरेको नामाकरणको विरोध गर्नेक्रममा जातीय सद्भाव बिथोल्ने, त्यसै बहानामा नेकपा (एमाले) अध्यक्षमाथि साङ्घातिक आक्रमण गर्ने, शान्ति सुरक्षामा खटिएका प्रहरीहरूलाई प्रहार गर्ने र शान्ति सुव्यवस्थामा खलल पुऱ्याउने काम हुन थालेका छन् । यस्ता अराजक क्रियाकलापमा राजावादीहरू र सत्तामा रहेका कतिपय दलका कार्यकर्ताको समेत सङ्लग्नता देखिएको छ ।

हाम्रो पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई लक्षित गरेर झापा, इलाम र तेह्रथुममा गरिएका आक्रमणका प्रयासको निन्दा र भ्रर्त्सना गर्दछ ।

यस्ता घटनामा प्रहरीलाई मुकदर्शक र रमिते बनाउन सरकार स्वयंले भूमिका खेलेको छ ।

आधुनिकता या क्रान्तिकारिताका नाममा समाजमा स्थापित संस्थाहरू, मौलिक मूल्य-मान्यता र नेपाली समाजका असल परम्परामाथिको आक्रमण बढिरहेको छ । सामाजिक-सांस्कृतिक सद्भाव बिथोल्ने र विभिन्न रूपमा अतिवादलाई बढावा दिने प्रयास भइरहेको छ । सांस्कृतिक र सामाजिक मूल्यहरूको योजनावद्ध विघटनको प्रयास चिन्ताको विषय हो ।

नेकपा (एमाले) योजनाबद्ध रूपमा भइरहेका अराजक क्रियाकलापको विरोध गर्दछ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधानको रक्षाका लागि दृढ प्रतिबद्धता दोहोऱ्याउन चाहन्छ । विगतमा कुनै पनि उपलब्धि भएनन् र वर्तमान व्यवस्था नै खराब हो भन्ने हिसाबले निर्माण गर्न खोजिएको भाष्यलाई खारेज गर्दछ र समाजलाई अराजकतातिर लैजाने हरेक प्रयासलाई असफल पार्ने सङ्कल्प गर्दछ ।

७. **उपनिर्वाचन**, २०८०

यही वैशाख १० गते बारा-२, चितवन-२ र तनहुँ-१ मा रिक्त प्रतिनिधिसभा सदस्य पदका लागि उपनिर्वाचन सम्पन्न भयो । यीमध्ये २ वटा सिटमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विजयी भए भने एक स्थानमा जसपाका उम्मेदवार । नेकपा (एमाले) ले उपनिर्वाचनमा सङ्ख्यात्मक क्षति बेहोर्नु नपरेको भए पनि चितवन-२ र तनहुँ-१ मा पार्टीको



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

मतमा उल्लेखनीय कमी आउनु चिन्ताजनक विषय हो । गतः वर्ष मङ्सिरमा सम्पन्न आमनिर्वाचनको तुलनामा पार्टी मत घट्नु र वर्तमान सत्ताको विकल्प नेकपा (एमाले) हो भन्ने निर्विवाद तथ्यमा समेत प्रश्न उठ्ने खालको परिणाम आउनु गम्भीर विषय हो । सम्बन्धित जिल्ला र प्रदेश कमिटीले यसको गम्भीर समीक्षा गर्नुपर्छ र रहन गएका कमीहरूलाई अविलम्ब सच्याउनुपर्छ ।

८. **स्ववियु निर्वाचन– २०७९**

झण्डै १४ वर्षको अन्तरालमा सम्पन्न निर्वाचनमा अनेरास्ववियु सबैभन्दा धेरै क्याम्पसमा विजय हासिल गर्दै सर्वाधिक लोकप्रिय र शक्तिशाली विद्यार्थी सङ्गठनका रूपमा स्थापित हुनु उत्साहजनक विषय हो । यस निर्वाचनमा अनेरास्ववियु आमरूपमा एक्लै लडेको थियो भने सत्तानिकट विद्यार्थी सङ्गठनहरू चाहिँ ससाना क्याम्पसमा समेत गठबन्धन बनाएर लडेका थिए । अनेरास्ववियुले जित्ने बलियो सम्भावना रहेका कतिपय क्याम्पसमा निर्वाचन नै हुन नदिने, निर्वाचनसम्बद्ध विश्वविद्यालयका जिम्मेवार पदाधिकारी तथा क्याम्पस प्रमुखमाथि आक्रमण र दुर्व्यवहार गर्ने, आफू हार्ने निश्चित भइसकेपछि सुरू भइसकेको मतदान प्रक्रियासमेत स्थगित गर्ने अनेकौं लज्जास्पद क्रियाकलाप उनीहरूले गरे । यसका बाबजुद अनेरास्ववियुले हासिल गरेको सफलता ऐतिहासिक महत्वको छ । यसले सचेत, शिक्षित र जागरूक विद्यार्थीहरूका बीचमा हाम्रो पार्टीको लोकप्रियतालाई प्रतिविम्बित गरेको छ ।

हामी अनेरास्ववियुलाई यस सफलताका लागि हार्दिक बधाइ ज्ञापन गर्दछौं ।

९. **पार्टी स्थापनाको ७५ औं वर्ष** (**हीरक वर्ष**) **समारोह**

वि. सं. २०८० वैशाख ९ गते (तदनुसार २२ अप्रिल २०२३) बाट नेपाल कम्युनिष्ट पार्टी ७५ औं वर्षमा प्रवेश गरेको छ । सार्वजनिक संस्थाहरूका लागि स्थापनाका २५, ५०, ७५ र १०० वर्ष आफैमा महत्वपूर्ण 'माइलस्टोन' हुन् । इतिहासको वस्तुनिष्ठ समीक्षा गर्दै गौरवगाथा स्थापित गर्ने, वर्तमान स्थितिको यथार्थ विश्लेषण गर्दै सम्भावना र चुनौतीको लेखाजोखा गर्ने तथा भविष्यको पूर्वानुमान गर्दै लक्ष्य भेदनका लागि मार्गचित्र निर्धारण गर्ने कामका लागि यस्ता माइलस्टोनहरू महत्वपूर्ण अवसर पनि हुन् । पार्टी स्थापनाको ७५ वर्षलाई हाम्रो पार्टीले वर्षैभरि (२०८० वैशाख ९ देखि २०८१ वैशाख ९ सम्म) विशेष कार्यक्रमका साथ मनाउने छ । त्यसका लागि गरिने मुख्य गतिविधि देहायबमोजिम प्रस्ताव गरिएको छ ।

**क. नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखन**

नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखनसम्बन्धी कामको तयारी र थालनी गरिनेछ । यस प्रयोजनका लागि 'इतिहास लेखन समिति' गठन गरिनेछ । यसका लागि विश्वविद्यालय, आधिकारिक थिङ्क ट्याङ्क र अनुसन्धान संस्थासँग सहकार्य गरिने छ ।


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**ख. लोकतन्त्र र रुपान्तरणका लागि भएका संघर्ष**

नेपाली कम्युनिष्ट आन्दोलनले सात दशक पार गरेको छ । प्रत्येक दशकमा भएका संघर्ष, सङ्गठन, विचार निर्माण, उपलब्धी र कठिनाइको 'कथा' समेटी पार्टीको नेतृत्वमा सञ्चालित मुख्य-मुख्य सङ्घर्षहरूको सङ्क्षिप्त र आधिकारिक अभिलेख तयार गरिनेछ ।

**ग. ७५ वर्षे यात्राको वृत्तचित्र निर्माण**

नेपाली कम्युनिष्ट आन्दोलनका गौरवपूर्ण ७५ वर्षका मुख्य-मुख्य चरण, परिघटना एवं उपलब्धि दर्शाउने वृत्तचित्र निर्माण गरिनेछ ।

**घ. "शेल्टर" पुस्तक प्रकाशन**

पार्टीले तय गरेको कष्टकर भूमिगत जीवनका आदर्शबारे नयाँ पुस्तालाई जानकारी गराउन 'शेल्टर' शीर्षकको अनुभूति सङ्ग्रह प्रकाशन गरिनेछ । यसका लागि कष्टपूर्ण भूमिगत जीवन व्यतित गर्नुभएका कमरेडहरूलाई आफूले भोगेका अविस्मरणीय घटनासहित संस्मरण लेख्न आग्रह गरिनेछ ।

**ङ. ऐतिहासिक स्थलहरुको संरक्षण र सम्बर्द्धन**

नेपाली कम्युनिष्ट आन्दोलनका सन्दर्भमा ऐतिहासिक महत्व राख्ने शहीद भूमिलगायतका स्थलको संरक्षण र सम्बर्द्धन गरिनेछ । कुनै एक उपयुक्त स्थलमा पार्टीको ७५ वर्षे इतिहास प्रतिविम्बित गर्ने स्मारक निर्माण गरिनेछ ।

**च. अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना**

पार्टी स्थापनाको ७५ औं वर्षको सन्दर्भ पारेर मार्क्सवादको सिर्जनात्मक प्रयोग र सम्बन्धित मुलुकका अनुभवहरूमा केन्द्रित रहेर भाइचारा कम्युनिष्ट पार्टी, श्रमिक पार्टी र वामपन्थीहरूको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ ।

**१०. जनसंगठनका राष्ट्रिय सम्मेलन / अधिवेशन**

अधिवेशन गर्न बाँकी रहेका ९ वटा जनसङ्गठनका राष्ट्रिय अधिवेशन/राष्ट्रिय सम्मेलन २०७९ फागुन र चैतको अवधिमा सम्पन्न भएका छन् । कतिपय जनसङ्गठनले दस वर्षभन्दा लामो समयदेखि राष्ट्रिय अधिवेशन/राष्ट्रिय सम्मेलन गर्न सकेका थिएनन् । ती सङ्गठन समेतको अधिवेशन सम्पन्न भएसँगै पार्टीसम्बद्ध सबै २३ वटै जनसङ्गठनहरू (पछि थप भएको अखिल नेपाल पिछडा वर्ग (ओबिसी) महासङ्घ, नेपाल समेत) का विधिसम्मत रूपमा केन्द्रीय नेतृत्व चयन भएका छन् । यो सङ्गठनात्मक क्षेत्रमा हासिल महत्वपूर्ण उपलब्धि हो र यसबाट सङ्गठनको एउटा महत्वपूर्ण आयामले नयाँ गति लिएको छ । अब सबै जनवर्गीय सङ्गठनहरूलाई विचारधारात्मक रूपमा प्रशिक्षित र सङ्गठनात्मक रूपमा सुदृढ गर्दै थप प्रभावकारी बनाउनुपर्छ ।

**११. विभागहरूका वार्षिक कार्ययोजना**

यस अवधिमा पार्टीका प्रायः सबै विभागहरूले आफ्नो कामलाई गतिशील र व्यवस्थित बनाएका छन् । प्रायः सबै विभागका नियमित बैठक बसेका छन् । वार्षिक कार्ययोजना

तयार गरिएको छ । कतिपयले आफूसम्बद्ध क्षेत्रका नीतिहरू समेत अद्यावधिक गरेका छन् । आफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा विचार गोष्ठी, पत्रकार सम्मेलनलगायतका गतिविधिहरू सञ्चालन गरेका छन् । आफ्नो क्षेत्रको नीति तयार गर्न बाँकी विभागहरूले अविलम्ब त्यो काम सम्पन्न गर्नुपर्छ र विभागका कामलाई अझ प्रभावकारी बनाउनुपर्छ ।

१२. **नक्कली भुटानी शरणार्थी प्रकरण, भ्रष्टाचारको सङ्क्रामक रोग र पार्टी दृष्टिकोण**

विगत लामो समयदेखि भित्र-भित्रै चलिरहेको नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने घृणित ठगी धन्दा हालै सतहमा आएको छ । यस्तो काममा गठबन्धन सरकारको कार्यकालमा गृहमन्त्रालयकै उच्च राजनीतिक र प्रशासनिक नेतृत्व सङ्लग्न रहेको तथ्यले नेपाली नागरिकलाई अनागरिक आर्थिक बनाएर दोहन गर्ने राज्यविरूद्धको यो अपराध कति सङ्गठित रूपमा अघि बढाइएको रहेछ भन्ने स्पष्ट हुन्छ । यसबाट मुलुकको प्रतिष्ठामाथि नै अन्तर्राष्ट्रिय क्षेत्रमा गम्भीर प्रश्न खडा भएको छ । यस प्रकरणको कुनै राजनीतिक पूर्वाग्रह र दवावबिना निष्पक्ष रूपमा छानबिन गरी दोषीमाथि हदैसम्मको सजाय हुनुपर्छ भन्ने पार्टीको स्पष्ट दृष्टिकोण छ । विगतमा पनि यस अपरालमा सङ्लग्नहरूलाई छुटाउन तत्कालीन गृहमन्त्री स्वयंले दबाब दिएको र अहिले पनि हिरासतमा राखिएका व्यक्तिहरूसँग असम्बन्धित व्यक्तिसँग अवैध रूपमा भेटघाट गराउने, पैसा दिएर मुद्दा मिलाउने प्रयाश गर्ने, असम्बद्ध व्यक्तिहरूको नाम लिन र आफूअनुकूलको बयान गराउन दबाब दिइएको सूचना सार्वजनिक भएका छन् । दोषी कोही नछुटून् र निर्दोष कोही नफसून् भन्ने पार्टीको स्पष्ट ठम्याइ छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा हाम्रो पार्टीका केन्द्रीय सचिव टोपबहादुर रायमाझीलाई अनुसन्धानका लागि पक्राउ पूर्जी जारी गरिएको विषयमा पार्टी गम्भीर बनेको छ । हामी विधिको शासनमा विश्वास गर्दछौं । राज्यका वैधानिक संस्थाहरूले गर्ने अनुसन्धानका काममा सबैले सहयोग गर्नुपर्छ र कसैका बारेमा कुनै विवाद उठेमा त्यसबारे कानुनी सफाइ प्राप्त गर्ने दायित्व सम्बन्धित व्यक्तिकै हो भन्ने हाम्रो पार्टीको स्थापित मान्यता रहँदै आएको छ । सोही मान्यताअनुरूप पक्राउ पूर्जी जारी हुनासाथ उहाँलाई राज्यका अनुसन्धान निकायमा उपस्थित भएर विधिवत् रूपमा आफ्नो यथार्थ स्पष्ट पार्न भनिएको थियो । उहाँले नेतृत्वलाई यस विषयमा सहमति पनि जनाउनु भएको थियो । तर पार्टी नेतृत्वलाई दिएको विश्वासविपरीत उहाँ सम्बन्धित निकायमा उपस्थित नभएको विषयलाई केन्द्रीय सचिवालयको बैठकले गम्भीरतापूर्वक लिँदै उहाँलाई अविलम्ब सम्बन्धित निकायमा उपस्थित भएर अनुसन्धानमा सहयोग गर्न निर्देशन गरेको थियो ।

केन्द्रीय सचिवालयको उक्त निर्णयलाई समेत ध्यानमा राख्दै राज्यले गर्ने अनुसन्धानमा सहयोग पुगोस् भनेर पार्टीका केन्द्रीय सचिव टोपबहादुर रायमाझीलाई यससम्बन्धी अनुसन्धान र कानुनी कारबाहीको प्रक्रियाको अन्तिम टुङ्गो नलागेसम्म पदबाट निलम्बन गरिएको जानकारी यस बैठकलाई गराउन चाहन्छु ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

नेपाली समाजमा भ्रष्टाचार र अनियमितता सङ्क्रामक रोगका रूपमा रहँदै आएको छ । यस्ता घटनाहरूको निष्पक्ष छानबिन र दोषीहरूलाई कानुनको दायरामा नल्याउँदा यसले लोकतान्त्रिक प्रणाली, राजनीतिक नेतृत्व र पार्टीहरूमाथि नै प्रश्न उठ्ने स्थिति सिर्जना भएको छ । लडाकु शिविर घोटाला काण्डलगायत चर्चामा आएका सबै काण्डहरूको निष्पक्षतापूर्वक छानबिन अघि बढाउनु, सबै तत्य र सत्य जनसमक्ष ल्याउनु, दोषीहरूलाई कानुनी दायरामा ल्याउनु, भ्रष्टाचारविरूद्ध निर्मम रूपमा प्रस्तुत हुनु र प्रभावकारी रूपमा भ्रष्टाचार नियन्त्रण गर्दै विधिको शासन, सदाचार र सुशासन प्रत्याभूत गर्नु अत्यावश्यक भइसकेको छ । यस्तो अभियानका लागि सरकारलाई निरन्तर दबाब दिइरहने र यस्ता विषयको निष्पक्ष छानबिनमा पार्टीको पूर्ण सहयोग रहने प्रतिबद्धता पनि हामी व्यक्त गर्न चाहन्छौं ।

### १३. '**मिसन ग्रासरुट**' (**पार्टी सुदृढीकरण तथा विस्तार अभियान**)

पार्टीले यही २०७९ फागुन ५ देखि २०८० वैशाख ९ गतेसम्म सञ्चालन गरेको 'मिसन ग्रासरूट' (पार्टी सुदृढीकरण तथा विस्तार अभियान) सफलतापूर्वक सम्पन्न भएको छ । यस सम्बन्धमा महत्वपूर्ण छलफल गर्न, निष्कर्ष निकाल्न र यसका आधारमा पार्टीको आगामी कार्ययोजना तर्जुमा गर्न बैठकमा अलग्गै कार्यसूची राखिएको छ । सविस्तार छलफल त्यसै एजेण्डाकै क्रममा हुनेछ । यहाँ मैले अभियानको सान्दर्भिकता, उद्देश्य र अपेक्षा, कार्यादेश र यसका आम प्रभावहरूका बारेमा सङ्क्षिप्त चर्चा गर्न चाहन्छु ।

नेकपाको करिब ३ वर्ष अवधि सङ्गठनात्मक दृष्टिले झण्डै शून्यको अवस्थामा रहेको तीतो यथार्थ हामी सबैलाई अवगत नै छ । त्यसै बीचमा पार्टीमा विग्रह उत्पन्न गरियो, पार्टीविरूद्ध घेराबन्दी भयो, त्यसले पार्टीलाई विभाजनमा पुऱ्यायो । यसका विरूद्ध हामी २०७७ पुसदेखि पार्टी रक्षाको विशेष अभियानमा केन्द्रित हुनुपऱ्यो । त्यसलगत्तै हामी पार्टीको विधान महाधिवेशन तथा दसौं राष्ट्रिय महाधिवेशनमा केन्द्रित भयौं । अलग-अलग मितिमा, तर एकैसाथ देशका सबै वडा, पालिका र जिल्लाका अधिवेशनहरू आयोजना गऱ्यौं । त्यसलगत्तै स्थानीय निर्वाचनमा होमियौं र गतः मङ्सिरमा प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचनमा परिचालित भयौं । यी र यस्तै चुनौती र अभिभाराका बीच विगत पाँच वर्षमा पार्टीको अधिकांश ऊर्जा आन्दोलन र अभियानमा खर्चिएको छ । यसले गर्दा हामी सङ्गठन सुदृढीकरणका काममा केन्द्रित हुन पाएका छैनौं । यस्तो पृष्ठभूमि, परिवर्तित परिस्थिति र नयाँ चुनौतीको सामना गर्न पार्टी सङ्गठन जुन अनुपातमा स्पष्ट, सुदृढ, चुस्त र जनआधारित हुनुपर्ने थियो, त्यसो हुन नसकिरहेको बोध हामी सबैलाई भएकै छ । पार्टी 'बचाउने' उद्देश्यले बनाइएका पार्टी सङ्गठनहरूलाई पार्टी 'बनाउने' उद्देश्यमा पुनर्संरचना गर्नु आवश्यक भएको छ । त्यसबाहेक, पार्टीमा देखापरेका सङ्गठनात्मक अराजकतालाई निर्मूल गर्न पनि अनिवार्य भइसकेको छ । यस्तै पृष्ठभूमिमा, दसौं राष्ट्रिय महाधिवेशनले पनि



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

पार्टीको आगामी कार्यभारभित्र सङ्गठन सुदृढीकरण तथा शुद्धीकरणको अभियानलाई प्राथमिकताका साथ सूचीकृत गरेको थियो ।

यिनै कुरालाई ध्यानमा राखेर २०७९ माघ २५ गते सम्पन्न केन्द्रीय सचिवालय बैठकबाट दुई महिने 'मिसन ग्रासरूट' सञ्चालन गर्ने निर्णय गरिएको थियो । यसै एजेण्डामा केन्द्रित हुने गरी केन्द्रीय कमिटीको बैठक आह्वान गरिए पनि राष्ट्रिय राजनीतिमा उत्पन्न नयाँ परिस्थिति (माओवादी केन्द्र सहमतिबाट पछि हटेको, राष्ट्रपति निर्वाचनमा धोखाको सम्भावना बढेको र यसका लागि नयाँ रणनीति बनाउनुपर्ने अवस्था उत्पन्न भएको लगायत) कारणले बैठक स्थगन गर्नुपर्ने स्थिति सिर्जना भयो । त्यसले गर्दा सिङ्गो केन्द्रीय कमिटीलाई 'मिसन ग्रासरूट' का बारेमा एउटै लय, शैली र कदमका साथ अभिमुखीकरण गर्ने विषयमा कमी रहन गए । हामीले यसको सट्टा फागुन ५ गते प्रत्येक प्रदेशमा पार्टी उपाध्यक्षहरूको विशेष उपस्थितिमा अभिमुखीकरण कार्यक्रम आयोजना गरेर अभियान सुरू गऱ्यौं ।

अभियानका लागि देहायका उद्देश्य तय गरिएका थिए-

क) पार्टी सदस्यता नवीकरण र विस्तारमार्फत् आधारभूत तहमा पार्टी सदस्यहरूको वास्तविक तथ्याङ्क, उनीहरूको अवस्था, पालिका, वडा र टोल कमिटीको क्रियाशीलता र समग्रमा आधारभूत तहमा पार्टीको अवस्थाबारे यथार्थ र वस्तुनिष्ठ जानकारी प्राप्त हुनेछ ।

ख) पार्टीको आधारभूत पङ्क्ति पार्टीका आधारभूत सैद्धान्तिक राजनीतिक विषयमा प्रशिक्षित हुनेछ।

ग) स्थानीय तहमा उत्पन्न हुनसक्ने या भएका अन्तर्विरोधको पहिचान र तिनको समाधानका ठोस विकल्पबारे सिफारिस प्राप्त हुनेछ ।

घ) पार्टी कमिटी र जनप्रतिनिधिहरू बीचको सम्बन्धबारे वैचारिक, राजनीतिक र संरचनागत स्पष्टता हासिल हुनेछ । स्थानीय तहका जनप्रतिनिधिहरूको भूमिका थप प्रभावकारी हुनेछ ।

ङ) पार्टी सम्भावनायुक्त नयाँ पुस्ताको पहिचान हुनेछ ।

च) पार्टीलाई समाजका विभिन्न क्षेत्रका रचनात्मक सुझावहरू हासिल हुनेछन् ।

छ) नेता र कार्यकर्ताबीच एवं पार्टी र जनताबीचको सम्बन्ध थप घनिष्ट हुनेछ ।

ज) अभियानपश्चात् पार्टीको प्रभाव विस्तार हुनेछ र सङ्गठनात्मक अवस्था सुदृढ हुनेछ ।

यसका लागि १२ वटा कार्यादेश (टिओआर) निर्धारित गरेर प्रत्येक पालिकामा पार्टी केन्द्रीय सदस्य तथा केन्द्रीय प्रतिनिधि खटाइएको थियो । पार्टीका केन्द्रीय सचिवहरूको संयोजनमा सबै स्थायी कमिटी सदस्यहरूलाई ६ वटा कार्यादेशसहित अनुगमनको जिम्मेवारी सुम्पिएको थियो । उपाध्यक्ष कमरेडहरूले एउटा-एउटा प्रदेशको जिम्मेवारी बहन गर्नुभएको

थियो भने महासचिव र उपमहासचिवहरूले केन्द्रीय कार्यालयबाट समग्र अभियानको संयोजन गर्नुभएको थियो ।

अभियानका समग्र पक्ष, यसका उपलब्धि र यसले पहिचान गरेको पार्टीको यथार्थ अवस्थाबारे पालिका, जिल्ला हुँदै प्रदेशस्तरमा समेत समीक्षा सम्पन्न भइसकेको छ । यसको विस्तृत समीक्षा रिपोर्ट प्रदेश कमिटीका तर्फबाट बैठकमा प्रस्तुत हुनेछ र यसले पहिचान गरेका समस्याका आधारमा विस्तृत कार्ययोजना यसै बैठकबाट तर्जुमा गरिनेछ ।

सङ्क्षेपमा, अभियानको समग्र प्रभाव र ध्यान दिनुपर्ने मुख्य विषयलाई यसरी उल्लेख गर्न सकिन्छ–

क) अभियानले लामो समयदेखि कमजोर अवस्थाबाट गुज्रिएको पार्टी सङ्गठनलाई चलायमान बनाएको छ ।

ख) एकाधबाहेक अधिकांश केन्द्रीय सदस्य कमरेडहरू आफूलाई तोकिएको पालिकामा पुगेर अभियानको नेतृत्व गर्नुभएको छ । उहाँहरू स्वयंका लागि पनि यो अभियान पार्टीको समग्र सङ्गठनात्मक स्तरलाई बुझ्ने, मातहतका पार्टी कार्यकर्ताको भावना सुन्ने, जनतासँगको सम्बन्ध विस्तार गर्ने र जनसरोकारका विषय बुझ्ने सङ्कलन गर्ने हिसाबले सिकाइको अवसर बनेको छ ।

ग) ४० प्रतिशत हाराहारीमा पार्टी सदस्यहरूको नवीकरण भौतिक उपस्थितिमै सम्पन्न भएको छ र यसले हाम्रो पार्टी सदस्यताको अभिलेखलाई अद्यावधिक, व्यवस्थित र यथार्थ बनाउन सहज भएको छ ।

घ) पार्टीभित्रका समस्याको पहिचान भएको छ र त्यसलाई समाधानका कतिपय उपाय पनि पहिल्याइएका छन् ।

ङ) जनसरोकारका विषयको पहिचान भएको छ र आगामी दिनमा जनपरिचालनका लागि आधार तयार भएको छ ।

समग्रमा अभियान प्रभावकारी र सफल भएको छ ।

तर यसक्रममा कतिपय नेताहरू तोकिएको जिम्मेवारीमा नखटिने, परिभाषित कामभन्दा पनि औपचारिकता र प्रचारात्मक काममा रमाउने, पार्टीले निर्धारण गरेको ढाँचामा प्रतिवेदन तयार नगर्ने जस्ता समस्याहरू पनि देखिएका छन् ।

मिसन ग्रासरूटले पहिचान गरेका, आधारभूत पार्टीपङ्क्ति र जनस्तरबाट समेत सुझाव प्राप्त भएका र पार्टी स्वयंलाई अनुभूत भएका विषयलाई ध्यानमा राखेर देहायका कार्यभारमा केन्द्रित हुनुपर्छ ।

पार्टी निर्माण र विस्तारका मुख्य आयामहरू हुन्- सही विचार, एकताबद्ध-अनुशासित-गतिशील सङ्गठन, जनमुखी कार्यशैली र आचरण, जीवन्त जनसम्पर्क तथा जनसरोकारका विषयमा व्यापक जनपरिचालन । सही विचारले पार्टीलाई आवश्यक मार्गदर्शन गर्छ । अनुशासित र गतिशील सङ्गठनले लक्ष्य हासिल गर्नका लागि मुख्य माध्यमको भूमिका


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

खेल्छ । जनमुखी कार्यशैली र आचरणले आमजनतामा पार्टीप्रति आकर्षण पैदा गर्छ । जनसम्पर्क जीवन्त हुनसक्दा मात्र जनताका बीचमा पार्टीको आधार बलियो बन्न सक्छ । अनि, जनसरोकारका मुद्दामा जनपरिचालन गर्नसक्दा मात्रै पार्टीले आमजनताको नेतृत्व गर्न र रोजाइको पहिलो शक्ति बन्नसक्छ । त्यसैले हाम्रा आगामी कार्यभारमा यी सबै विषयको व्यवस्थित कार्ययोजना प्रस्तुत हुनुपर्दछ ।

आमरूपमा पार्टीमा वैचारिक काम पातलिएको छ । पठन संस्कृतिमा ठूलो ह्रास आएको छ । सामाजिक सञ्जाल या सञ्चारका विभिन्न माध्यमबाट प्राप्त हुने तात्कालिक सूचना, सतही विश्लेषण र कतिपय सन्दर्भका मिथ्या या भ्रामक सूचनाका भरमा धारणा बनाउने प्रवृत्ति आमरूपमा व्याप्त भएको छ । यस कमजोरीलाई चिर्दै पार्टीपङ्क्तिलाई वैचारिक रूपमा स्पष्ट, धारिलो र उन्नत चेतनाले युक्त बनाउन विशेष योजना बनाउनु जरूरी छ ।

यस अभियानमा हामीले सङ्गठनात्मक क्षेत्रमा कहाँ-कहाँ समस्या छन् र हाम्रो सम्भावना र सीमा के हो भन्ने कुरा राम्रैसँग पहिल्याएका छौं । पार्टीको सदस्यता वितरण, नवीकरण र अभिलेखीकरण, कमिटी निर्माण र परिचालन, पार्टीमा नयाँ प्रवेश र त्यसरी आउने साथीहरूको व्यवस्थापन, पार्टीपङ्क्तिभित्र देखापरेका अन्तर्विरोधको व्यवस्थापन तथा शृङ्खलाबद्ध कमिटी प्रणाली तथा नेतृत्वको विकास सम्बन्धमा देखापरेका समस्याहरूको समाधानका लागि ठोस योजना बनाइनुपर्छ ।

हाम्रो पार्टी ब्यानर र नामले मात्रै अरू पार्टीभन्दा भिन्न होइन । तर पछिल्लो समय विचारधारात्मक काम पातलिँदै जाने एवं हाम्रा शैली र आचरणमा विसङ्गतिहरू थपिँदै जाने स्थिति बन्दा कतिपय सन्दर्भमा अन्य पार्टीसँग हाम्रो पृथकता छुट्टिन गाह्रो पर्न थालेको छ । यसैलाई आधार बनाएर कतिपय शक्तिहरूले नेकपा (एमाले) लाई समेत अन्य यथास्थितिवादी या जनविरोधी पार्टीहरूकै कित्तामा राखेर विरोध गर्ने धृष्टता गरिरहेका छन् । यस्ता आलोचना र विरोधलाई हामीले हाम्रा जनमुखी शैली र असल आचरणका बलमा जवाफ दिनुपर्छ र पार्टीका आदर्शहरूलाई पुनर्स्थापित गर्नुपर्छ । हाम्रा कार्ययोजनामा यी विषय समेत समेटिनु पर्छ ।

केन्द्र र अधिकांश प्रदेशहरूमा हाम्रो भूमिका प्रतिपक्षको भए पनि नेकपा (एमाले) ले आज पनि २०६ स्थानीय सरकारहरूको नेतृत्व गरिरहेको छ । ती पालिकाहरू मुलुकको समृद्धिका आधारशीला हुन् र समाजवादका आधार निर्माण गर्ने नर्सरीसमेत । त्यसैले ती पालिकाको काममा विशेष ध्यान दिँदै तिनलाई नमूनाका रूपमा विकास गर्नुपर्छ । बाँकी पालिकामा पनि हाम्रो उपस्थितिको स्थिति, रचनात्मक पहलकदमी र आवश्यक दबाबमार्फत् सुशासन र समृद्धिका नमूना बनाउन ध्यानकेन्द्रित गर्नुपर्छ । संसदीय र गैरसंसदीय फाँटको काममा सन्तुलनका साथ अगाडि बढाउनुपर्छ र संसदीय मोर्चाको सङ्घर्षलाई सशक्त बनाउनुपर्छ । सङ्घीय संसद र प्रदेशसभामा हाम्रो भूमिकालाई प्रभावकारी बनाउनुपर्छ । सबै तहका निर्वाचित निकायमा पार्टीको नेतृत्वलाई स्थापित गर्दै उनीहरूलाई समुचित रेखदेख,

संरक्षण र मार्गदर्शन गर्नुपर्छ । पार्टीसँग यी क्षेत्रको सम्बन्ध सहयोगात्मक र समन्वयात्मक हुनुपर्छ ।

विगतदेखि नै हामीले जनतासँग नङ-मासुको सम्बन्ध राख्दै आएका छौं र जनसरोकारका मुद्दामा सक्रिय हस्तक्षेप र जनपरिचालन गरेर पार्टीको लोकप्रिय जनाधार विस्तार र सुदृढ गर्दै आएका छौं । प्रतिपक्षमा रहँदा जनदबाबका माध्यमबाट र सरकारमा रहँदा त्यसै मञ्चबाट जनहीतमा काम गर्दै आउनेक्रममा हामीले यो उचाइ हासिल गरेका हौं । तर पछिल्लो समय हाम्रो पार्टीका तर्फबाट जनसरोकारका सामाजिक-आर्थिक मुद्दाहरूमा पैरवी, परिचालन र दबाबको काम कमजोर हुँदै गएको छ । सरकार त गैरजिम्मेवार छ नै, प्रतिपक्षले पनि हाम्रा आवाजहरूप्रति संवेदनशील बनेर दबाब दिन सकेन भन्ने जनगुनासो आउनु सुखद् विषय होइन । त्यसैले आगामी दिनमा जनताका वर्गीय, सामुदायिक र सामाजिक मुद्दाहरूमा पार्टी स्वयंले र जनवर्गीय सङ्गठनहरूले पनि सक्रिय पहल गर्दै सशक्त जनदबाब सिर्जना गर्नुपर्छ ।

जनसङ्गठनहरू पार्टीका हात पाऊ जस्तै हुन् । तर जनसङ्गठनलाई आफ्नो समुदाय या वर्गमा केन्द्रित गर्न, यहाँ सदस्यता र आधार विस्तार गर्न र समुदायका मुद्दामा आधारित रहेर परिचालन गर्न सकिएको छैन । जनसङ्गठनमा गरेको कामको मूल्याङ्कन हुँदैन भन्ने अनुभूति छ । यसलाई चिर्दै उनीहरूलाई वैचारिक र सङ्गठनात्मक दृष्टिले बलियो बनाउनुपर्छ । उनीहरूलाई आफ्नो वर्ग या समुदायमा आधारित बनाउनुपर्छ । आफनो वर्ग या समुदायका बीचमा सदस्यता विस्तार व्यापक बनाउन प्रेरित गर्नुपर्छ । त्यसै वर्ग या समुदायका अगुवाहरूलाई सङ्गठित गर्दै जनाधार विस्तार गर्न सक्षम बनाउनुपर्छ । सम्बन्धित वर्ग या समुदायका सरोकारमा विषयमा जनदबाब र आन्दोलनमा उतार्नुपर्छ । यसो गरेर मात्रै उनीहरू समुदायको नेताका रूपमा स्थापित हुन सक्छन् र पार्टीको जनाधार विस्तार गर्ने मोर्चा तथा कार्यकर्ता उत्पादन गर्ने नर्सरी बन्न सक्छन् ।

पार्टीको प्रचारात्मक काम कमजोर भएको छ । विपक्षीहरूको प्रोपोगाण्डाले पार्टीपङ्क्तिलाई अन्यौलग्रस्त र प्रतिरक्षात्मक बनाएको छ । तसर्थ प्रचारको क्षेत्रमा ठोस र मूर्त योजना बनाएर यस विषयलाई प्रभावकारी बनाउनुपर्छ ।

राजधानी उपत्यका पार्टी कामको दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हो । तर पछिल्लो समय यहाँ पार्टीको जनाधार कमजोर र पार्टीको सङ्गठन निष्प्रभावी देखिएको छ । राजधानी उपत्यकाको कामलाई विशेष ध्यान दिएर सङ्गठन विस्तार र सुदृढ बनाउन ठोस योजना बनाउनुपर्छ ।

२०६२/६३ को परिवर्तनले जुन तहको राजनीतिक परिवर्तन ल्याएको छ र त्यसलाई संविधानले जसरी संस्थागत गरेको छ, यसका आधारमा सामाजिक-आर्थिक रूपान्तरणको काम सम्पन्न गर्न र समाजवादका आधार निर्माण गर्न नेकपा (एमाले) को निरन्तर नेतृत्व अपरिहार्य हुन्छ । अस्थिर राजनीतिभित्र अल्पमतको सरकार बनाउँदा होस् या भिन्न विचार



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

बोक्ने विभिन्न दलसँग सहकार्य गरेर सञ्चालन गर्दा होस्, पार्टीले समाजवादको आधार निर्माणको ऐतिहासिक अभिभारा पूरा गर्न विभिन्न अवरोध सिर्जना हुँदोरहेछ भन्ने यथार्थ हामीले देखे-भोगेका छौं । त्यसैले पार्टीको समग्र ध्यान अब 'मिसन ५१ प्रतिशत' अर्थात् तीनै तहमा लोकप्रिय मतसहित पार्टीको बहुमत हासिल गर्ने अभियानमा केन्द्रित हुनुपर्छ ।

प्रिय कमरेडहरू,

मुलुकको गम्भीर र सङ्कटोन्मुख स्थितिभित्र पार्टीको काँधमा जिम्मेवारी झनै थपिएको छ । अहिले देखापरेका कतिपय प्रतिकूलताहरू अस्थायी हुन् र नेकपा (एमाले) को नेतृत्वमा हामी मुलुकका समस्याहरू समाधान गरिछाड्ने छौं । राष्ट्रिय हितको रक्षा, आर्थिक सङ्कटबाट मुलुकलाई मुक्ति र समाजलाई अराजकता एवं अस्थिरतातिर लैजाने प्रयासलाई विफल पारिछाड्ने छौं । 'पार्टीको नेतृत्वमा 'समृद्ध नेपालः सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्नु हाम्रो काँधमा युगले सुम्पेको ऐतिहासिक अभिभारा हो । यो अभिभारा पूरा गर्न बिल्कुल सम्भव छ । देखापरेका प्रतिकूलताहरू अस्थायी हुन् र पार्टीको विजय अपरिहार्य छ भन्ने दह्रो आत्मविश्वासका साथ अगाडि बढ्न म कमरेडहरूलाई हार्दिक आह्वान गर्दछु ।

केपी शर्मा ओली

अध्यक्ष

२८ वैशाख २०८०



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

परिशिष्ट (२

## केन्द्रीय कमिटीको पाँचौं बैठकबाट पारित प्रस्तावहरू

### विशेष प्रस्ताव

मुलुक राजनीतिक, आर्थिक र सामाजिक रूपमा सङ्कटतर्फ उन्मुख हुँदै गएको छ । भ्रष्टाचार सङ्क्रामक रोग जसरी फैलिँदैछ । राष्ट्रिय हितको रक्षाको प्रश्न चुनौतीपूर्ण बन्दै गएको छ । अस्थिरता र अराजकताका प्रवृत्तिहरू झाँगिन खोज्दैछन् । यस्तो अवस्थामा राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति गर्न, राजनीतिक क्षेत्रमा देखापरेको अस्थिरताका प्रवृत्तिहरूलाई नियन्त्रण गर्दै स्थायित्व र स्थिरता कायम गर्न र सामाजिक क्षेत्रमा हुर्किँदै गएको अराजकतालाई नियन्त्रण गर्दै सामाजिक सद्भाव र एकता कायम गर्न देशका प्रमुख राजनीतिक पार्टीहरूबीच न्यूनतम समझदारी बन्नु आवश्यक छ । केन्द्रीय कमिटीको यो बैठक यिनै उद्देश्यका साथ राष्ट्रिय राजनीतिक दलहरूका बीचमा समझदारी निर्माणका लागि पहलकदमी लिने निर्णय गर्दछ ।

### प्रस्तावहरु

१. हाम्रो पार्टीका पोलिटब्युरो सदस्य तथा संविधानसभाका सदस्य कमरेड बालकृष्ण ढुङ्गेल, गत बर्ष पार्टीद्वारा 'कम्युनिस्ट योद्धा' सम्मानबाट सम्मानित पुराना नेता कमरेड बसन्त गौचन, हाम्रो पार्टीका केन्द्रीय लेखा आयोगका सदस्य कमरेड खम्ब खत्री, केन्द्रीय सल्लाहकार परिषद् सदस्य रामबहादुर दानी, प्रतिनिधिसभा निर्वाचनका क्रममा बाजुरामा हत्या गरिनुभएका अनेरास्ववियुका केन्द्रीय सदस्य चेतन ऐडी र निर्वाचन अभियानकै क्रममा अछाममा सत्तापक्षबाट मारिनुभएका युवा विनोद शाही, मिसन ग्रासरूट अभियानका क्रममा प्युठानमा दुर्घटनामा परी निधन हुनुभएका कमरेड रामबहादुर थापा (गोपाल), नेपाल खेलकुद महासंघको राष्ट्रिय अधिवेशनका क्रममा दुर्घटनामा परी निधन हुनुभएका कमरेड प्रकाश महत, राष्ट्रिय युवा संघ नेपालको राष्ट्रिय अधिवेशन प्रतिनिधि कमरेड जीवनबाबु पन्तलगायत यस अवधिमा दिवंगत हुनुभएका पार्टीका नेता-कार्यकर्ताहरूप्रति यो बैठक हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै, उहाँहरूले पार्टी तथा आन्दोलनमा पु¥याउनुभएको योगदानको स्मरण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।

२. २०६२/६३ को जनआन्दोलनका क्रममा निरङ्कुश शाही सरकारको गोली लागी घाइते हुनुभएका काभ्रेका मुकेश कायस्थको निधनप्रति यो बैठक गहिरो दुःख व्यक्त गर्दछ । जनआन्दोलनका 'जिउँदा शहीद' मुकेश कायस्थले आन्दोलनमा सहभागी हुनेक्रममा लागेको गोलीका कारण १७ बर्षसम्म हिँडडुल तथा बोलचाल गर्न नसक्ने पीडादायी अवस्थाबाट गुज्रिनु प¥यो । नेपाली जनताको परिवर्तन र रूपान्तरणका आकाङ्क्षालाई सघाउन आफ्नो ज्यानको बाजी लगाएर दिनुभएको योगदानको उच्च सम्मान गर्दै हाम्रो पार्टी शहीद मुकेश कायस्थप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, शोकाकूल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

३. हाम्रो पार्टीका अध्यक्ष कमरेड केपी शर्मा ओलीमाथि हालै झापा, इलाम, पाँचथर र तेह्रथुममा गरिएको साङ्घातिक आक्रमणको प्रयासलाई बैठकले निकै गम्भीर रूपमा लिएको छ । मुलुकमा मुठभेड निम्त्याउने, राजनीतिक दलहरूबीच द्वन्द्व सिर्जना गर्ने, सामाजिक सद्भाव बिथोल्ने, नेकपा (एमाले) पङ्क्तिको मनोबल कमजोर बनाउने र अस्थिरता सिर्जना गरी धमिलो पानीमा माछा मार्ने प्रयासस्वरूप हाम्रा अध्यक्षमाथि भएको यस प्रकारको आपत्तिजनक, अराजनीतिक र आपराधिक दुष्प्रयासको यो बैठक घोर निन्दा तथा भत्सर्ना गर्दछ । मुलुकको पूर्वप्रधानमन्त्री तथा संसद्मा प्रमुख विपक्षी दलको नेतामाथि यस प्रकारको आपत्तिजनक कार्य हुँदासमेत शान्ति-सुरक्षाको न्यूनतम दायित्वबाट विमुख हुँदै मुकदर्शक बनेकोमा सरकारप्रति यो बैठक खेद प्रकट गर्दछ । साथै, नेकपा (एमाले) को नेतृत्वमाथि यस्ता हर्कतहरू नदोहोऱ्याउन यो बैठक सम्बन्धित सबैलाई चेतावनी दिन चाहन्छ ।

४. विगत लामो समयदेखि भित्र-भित्रै चलिरहेको नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने घृणित ठगी-धन्दा हालै सतहमा आएको छ । सोच्न पनि नसकिने यस्तो काममा एकातिर गृहमन्त्रालयकै उच्च नेतृत्व संलग्न रहनुले राज्यविरूद्धको अपराध कति सङ्गठित रूपमा अघि बढाइएको रहेछ भन्ने देखिन्छ भने अर्कातिर यसबाट अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको प्रतिष्ठामाथि नै गम्भीर प्रश्न खडा भएको छ । यो बैठक उक्त प्रकरणको कुनै राजनीतिक पूर्वाग्रह र दवावबिना निष्पक्ष रूपमा छानबिन गरी दोषीमाथि हदैसम्मको सजाय होस् भन्ने माग गर्दछ । यस क्रममा हिरासतमा राखिएका व्यक्तिहरूलाई छानबिनको दायरामा आउनसक्ने व्यक्तिसँग अवैध रूपमा भेटघाट गराउने, पैसा दिएर मुद्दा मिलाउने प्रयास गर्ने, असम्बद्ध व्यक्तिहरूको नाम लिन र आफू अनुकूलको बयान गराउन दबाब दिइएको जस्ता सूचना सार्वजनिक भएका छन् । हामीले सुरूदेखि भन्दै आएको- दोषी कोही नछुटून् र निर्दोष कोही नफसून् भन्ने कुरातर्फ यो बैठक गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छ । राज्यका वैधानिक निकायबाट गरिने यस्ता विषयको निष्पक्ष अनुसन्धानमा हाम्रो पार्टीको तर्फबाट पूर्ण सहयोग रहने पनि स्पष्ट पार्न चाहन्छ ।

५. नेपाली समाजमा भ्रष्टाचार र अनियमितता सङ्क्रामक रोगका रूपमा रहँदै आएको छ । यस्ता घटनाहरूको निष्पक्ष छानबिन र दोषीहरूलाई कानुनको दायरामा नल्याउँदा यसले लोकतान्त्रिक प्रणाली, राजनीतिक नेतृत्व र पार्टीहरूमाथि नै प्रश्न उठ्ने स्थिति सिर्जना भएको छ । यो बैठक लडाकु शिविर घोटाला काण्डलगायत चर्चामा आएका सबै काण्डहरूको निष्पक्षतापूर्वक छानबिन अघि बढाउन सम्बद्ध निकायसमक्ष आह्वान गर्दछ । यस्ता छानबिनमा पार्टीको पूर्ण सहयोग रहने विश्वास दिलाउन चाहन्छ ।

६. पाँच दलीय गठबन्धन सत्तामा रहँदा चालिएका विगतका राष्ट्रविरोधी नीति र कदमहरूको प्रभाव यतिबेला मुलुकको अर्थतन्त्रले झेल्नुपरेको छ । व्यापारीका प्रतिनिधिहरूलाई अर्थ मन्त्रालयमा राखेर उनीहरूका स्वार्थ अनुकूल करका दर हेरफेर गरी बजेट बनाएको र अर्थतन्त्रको ठेक्का निश्चित व्यापारिक घरानालाई दिएको

प्रभावस्वरूप यतिबेला मुलुक चरम आर्थिक सङ्कटतर्फ धकेलिएको छ। यही गठबन्धनकै सरकारले चालू आर्थिक बर्षमा आठ प्रतिशत आर्थिक बृद्धिदर हासिल हुन्छ भनेर बजेटमा घोषणा गरेकोमा दुई प्रतिशत पनि हुन्छ कि हुन्न भन्ने अवस्था उत्पन्न भएको छ। एकातिर अत्यावश्यक क्षेत्रको बजेट कटौती गरिएको छ भने अर्कातिर बीचको छोटो अवधि हामीले अर्थ मन्त्रालय सम्हाल्दा आर्थिक मितव्ययिता अपनाउन लिइएका निर्णयहरू खारेज गरेर फजुल खर्चलाई निरन्तरता दिइएको छ। फलस्वरूप सामाजिक सुरक्षाको भुक्तानीमा समेत समस्या उत्पन्न भएको छ, सही रूपमा सञ्चालन गर्न हुने उद्योग-व्यवसाय पूरै प्रभावित भएका छन्। नयाँ लाइलेन्स, ठेक्कापट्टा र आयोजनाजस्ता विषय सत्ता साझेदारहरूबीचको भागबण्डा र मिलेमतोमा निश्चित व्यापारिक समूहको हातमा सुम्पेर मुलुकलाई स्वार्थ समूहहरूको कब्जामा राख्ने कोशिसलाई तीब्रता दिइएको छ। यसले व्यवसायीहरू अत्यन्त हतोत्साहित र निराश बन्न पुगेका छन्। व्यवसाय बन्द हुने र उनीहरू पलायन हुने क्रम बढेको छ। यस्ता क्रियाकलापहरूले राष्ट्रलाई असफल दिशामा लैजाने खतरा बढेकाले हाम्रो पार्टी गम्भीर र चिन्तित छ। अतः यो बैठक मुलुकको बिग्रिंदो अर्थतन्त्रप्रति गहिरो चिन्ता प्रकट गर्दै यस्ता हर्कतहरू बन्द गर्न चेतावनी दिंदै अर्थतन्त्रप्रति गम्भीर हुन सरकारसँग माग गर्दछ।

७. विगत लामो समयदेखि मिटर ब्याजपीडित नागरिकहरू समस्या समाधानका लागि धर्ना तथा प्रदर्शनमा उत्रिएका छन् भने लघुबित्त र अन्य वित्तीय संस्थाहरूबाट पीडितहरूले आफ्नो समस्या समाधानका लागि बारम्बार आग्रह गरिरहेका छन्। आधारभूत तहका नागरिकका यस्ता समस्याप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यो बैठक ती समस्याहरू अविलम्ब समाधान गर्नका लागि आवश्यक कानुनी तथा प्रक्रियागत व्यवस्था मिलाउन र तत्काल समाधान गर्न सरकारसँग माग गर्दछ।

८. आम नागरिकले थेग्नै नसक्ने गरी महङ्गी बढिरहेको छ। सरकारका गलत आर्थिक नीति, कालो बजारीलाई प्रश्रय, अनुगमनको अभाव, अनियन्त्रित बजारजस्ता कुराले तीब्र रूपमा मूल्यबृद्धि भइरहेको छ। एकातिर बजारमा शिथिलता आएको छ र रोजगारीका अवसरहरू घटेका छन्, आय-आर्जनका सामान्य विकल्पहरू पनि बन्द भएका छन् भने अर्कातिर बजार भाउ अचाक्ली बढेकाले नागरिकको चूल्हो बाल्नै धौ-धौ भइरहेको छ। किसानहरूले आफ्नो उत्पादनको उचित मूल्य पाइरहेका छैनन्, रासयनिक मलखादको अभाव छ र यही बीचमा मलको मूल्यबृद्धि गरिएको छ। यसबाट आम जनता ठूलो मारमा परेका छन्। यो बैठक नागरिकले दैनिन्दिन भोगिरहेको समस्याप्रति संवेदनशील हुंदै महङ्गी नियन्त्रण गर्नका लागि तत्काल आवश्यक कदम चाल्न सरकारसँग माग गर्दछ।

९. मुद्रास्फिति हुंदा, अत्यधिक मूल्यबृद्धि हुंदा र अरू क्षेत्रमा पारिश्रमिक समायोजन हुंदासमेत श्रमिकहरूको न्यूनतम ज्याला बृद्धि भएको छैन। यसबाट आम श्रमजीवी वर्गप्रति सरकारको उदासीनता र अनुत्तरदायीपन प्रस्ट हुन्छ। यसप्रति चिन्ता प्रकट

गर्दै यो बैठक सबै क्षेत्रमा कार्यरत श्रमिकहरूलाई बदलिँदो अवस्था अनुसार जीवनयापन गर्न पुग्ने गरी ज्याला बृद्धि गर्न जोडदार माग गर्दछ ।

१०. नेपाली जनताले लामो र कठीन सङ्घर्षबाट प्राप्त गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई पूर्णरूपमा संस्थागत गर्ने काम अझै पूरा भइसकेको छैन भने जनताका प्रतिनिधिद्वारा संविधानसभामार्फत् निर्मित संविधानको समेत पूर्ण रूपमा कार्यान्वयन हुन बाँकी नै छ । संविधान र गणतन्त्रलाई थप समृद्ध र विकसित बनाउनुपर्नेमा अदालतको समेत दुरूप्रयोग गरी संविधानको अपव्याख्या गर्ने, मुलुकमा राजनीतिक अस्थिरता सिर्जना गर्ने र गठबन्धन सरकारका गलत नीतिका कारण सिङ्गो प्रणालीलाई नै बद्नाम बनाउने जस्ता कामहरू भइरहेको मौका छोपी कतिपय तत्वहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानमाथि प्रहार गर्ने कुचेष्टा गरिरहेको अवस्थाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । हाम्रो पार्टीलाई यस्ता कुनै पनि कार्य स्वीकार्य नभएको स्पष्ट पार्दै यो बैठक सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानविरोधी हर्कत बन्द गर्न सम्बन्धित सबैलाई सजग गर्न चाहन्छ ।

११. नेकपा (एमाले) सुशासन, समृद्धि, गणतन्त्र, लोकतन्त्र, संविधान र अग्रगमनका पक्षमा दृढतापूर्वक उभिँदै र त्यसका लागि जीवन समर्पित गर्दै आएको पार्टी भएकोमा कहीँ कतै दुविधा छैन । भ्रष्टाचारको अन्त्य, सुशासनको स्थापना, नागरिकलाई सहज सेवाप्रवाहको व्यवस्था, राज्यका नियामक निकायहरूको सवलीकरण जस्ता कुरामा हामीले निर्णायक काम गरेका छौँ । हामी सरकारमा हुँदा ठूल्ठूला काण्डहरूको छानबिन गर्दै भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अपनाइएको तथ्य सार्वजनिक नै छ । हालसम्म अदालतमा दायर भएका मुद्दा र तिनमाथि भएका फैसलालाई मात्र हेर्दा पनि कुन राजनीतिक दलको सुशासनप्रतिको निष्ठा कति छ भन्ने प्रस्ट हुन्छ । यस्तो अवस्थामा राजनीतिक पूर्वाग्रहका आधारमा जबर्जस्ती रूपमा हाम्रो पार्टीका नेताहरूको नाम जोडेर भ्रम फैलाउने काम केही सञ्चारमाध्यमहरूबाट भइरहेको छ । यो बैठक यस्ता भ्रमपूर्ण अफवाहहरूलाई नेकपा (एमाले) का विरूद्धमा जारी शृङ्खलाबद्ध कुप्रचार अभियानको कडीका रूपमा लिँदै भ्रममा नपर्न पार्टीका नेता, कार्यकर्ता, समर्थक र आम नागरिकलाई आग्रह गर्दछ । साथै,पत्रकारिताको आधारभूत मान्यता पालना गर्न सम्बन्धित सञ्चारमाध्यमहरूलाई आग्रह गर्दछ ।

१२. यो बैठक लामो समयदेखि थाँती रहेको प्रदेशको नाम 'कोशी' का रूपमा नामाङ्कन गर्ने काम सफलतापूर्वक सम्पन्न गरेकोमा तत्कालीन १ नं प्रदेशसभालाई हार्दिक बधाई ज्ञापन गर्दछ । समग्र मुलुक जस्तै त्यो प्रदेश पनि बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधताले युक्त प्रदेश हो । यस प्रदेशलाई बहुपहिचान झल्किने गरी कोशी प्रदेश नामाकरण गरिनु उचित र स्वाभाविक हो भन्ने पार्टीको मान्यता रहेको छ । प्रदेशसभाको ९० प्रतिशतभन्दा बढी सदस्यहरूको सहभागिता र लामो छलफलपश्चात् भएको यस नामाकरणको विरोधको कुनै औचित्य देखिँदैन । कुनै पनि विषयमा शान्तिपूर्ण रूपमा आफ्ना असहमति राख्न पाउने लोकतान्त्रिक अधिकारलाई संविधानले प्रत्याभूत गरेको छ । तर वैधानिक सभाले

वैधानिक र लोकतान्त्रिक विधिबाट गरेको नामाकरणको विरोधका क्रममा जातीय सद्भाव खल्बल्याउने, साम्प्रदायिक विद्वेष फैलाउने, समाजमा अराजकता फैलाउने र यसलाई नेकपा (एमाले) र यसबाट निर्वाचित मुख्यमन्त्रीका विरूद्ध राजनीतिक हतियारका रूपमा प्रयोग गर्ने गरी देखा परेका घटनाहरू कुनै पनि अर्थमा उचित, लोकतान्त्रिक र जनचाहना अनुरूप छैनन् । यो बैठक यस्ता कुनै पनि अतिवादी, साम्प्रदायिक र जनविरोधी क्रियाकलापमा सङ्लग्न नहुन सम्बद्ध सबैको ध्यानाकर्षण गर्दछ ।

१३. सुख्खा मौसमका कारण देशका विभिन्न भागमा भएका आगजनीका घटनाबाट नागरिकहरूले ज्यान गुमाइरहेका छन् । यसक्रममा अर्घाखाँचीमा ४ जनाको ज्यान गएको छ भने दैलेख जिल्लाको आठबीस नगरपालिका-६ मा गत वैशाख २७ गते जंगलमा लागेको आगोमा परी प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत काम गरिरहेका १ जनाको ज्यान गएको छ भने ९ जना घाइते हुनुभएको छ । बाँके, गुल्मीलगायत जिल्लामा पनि आगलागीका कारण जनधनको ठूलो क्षति भएको छ । आगलागीमा परी ज्यान गुमाउनुहुने मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै यो बैठक उपचाररत सातजनाको शीघ्र स्वास्थ्यलाभको कामनासहित उहाँहरू सबैको स्वास्थ्योपचारको सम्पूर्ण व्यवस्था निःशुल्क रूपमा गर्न सरकारसँग जोडदार माग गर्दछ ।

१४. राष्ट्रिय युवा सङ्घ नेपालको स्थापना दिवसको सन्दर्भ पारेर प्रत्येक वर्ष जेठ १ गतेलाई युवा दिवसका रूपमा मनाइँदै आएको छ । यस वर्षको युवा दिवसका सन्दर्भमा नेपालका सबै युवा विद्यार्थीहरूमा यो बैठक हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ र युवा दिवसका सन्दर्भमा जेठ १ गते आयोजना हुने विशेष कार्यक्रमलाई भव्य रूपमा सफल पार्न सबै जनसङ्गठनहरू र आम जनसमुदायलाई समेत आह्वान गर्दछ ।

१५. आगामी जेठ ३ गते ३० औं मदन-आश्रित स्मृति दिवसलाई उहाँहरूको सम्झना र नेपाली राजनीतिमा जनताको बहुदलीय जनवादको योगदानको विशेष परिचर्चासहित भव्यरूपमा मनाउन सबै मातहत कमिटीलाई यो बैठक आह्वान गर्दछ ।

१६. २०७९ फागुन ५ गतेबाट २०८० वैशाख ९ गतेसम्म हाम्रो पार्टीद्वारा सञ्चालित 'मिसन ग्रासरूट' (पार्टी सदृढीकरण र विस्तार अभियान) भव्य रूपमा सम्पन्न भएको छ । यस अभियानका क्रममा पार्टी केन्द्रको योजना र निर्देशनबमोजिम तोकिएको कार्यक्षेत्रमा खट्ने केन्द्रीय कमिटी, प्रदेश कमिटी र जिल्ला कमिटीका नेता कमरेडहरूका साथै सबै कमरेडहरूलाई यो बैठक धन्यवाद ज्ञापन गर्दछ । हाम्रो अभियानका क्रममा नेकपा (एमाले) प्रति दर्शाएको सद्भाव र विश्वासका लागि जनसमुदायप्रति आभार व्यक्त गर्दै यो बैठक विभिन्न कार्यक्रमका माध्यमबाट पार्टीलाई सुझाव र सल्लाह दिनुहुने सबै संस्था र महानुभावहरूप्रति धन्यवाद व्यक्त गर्दछ । साथै, देशका कुनाकाप्चासम्म भएका अभियानका गतिविधिहरू समेटेर आम नागरिकसमक्ष निरन्तर पुऱ्याउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने सञ्चारमाध्यमहरूप्रति यो बैठक कृतज्ञता ज्ञापन गर्दछ र आगामी दिनमा पनि सकारात्मक सहयोगको अपेक्षा गर्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

परिशिष्ट (३

**केन्द्रीय सचिवालयको २२ औं बैठकबाट पारित प्रस्तावहरू**

१. यही २०८० जेठ १७ गते राष्ट्रपतिबाट नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरिएको विषयमा हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । कानुन निर्माण गर्ने हाम्रा आफ्नै संवैधानिक, कानुनी र संसदीय प्रक्रिया एवं स्थापित मान्यता छन् । सङ्घीय संसदको निर्णय र विधेयक उत्पति भएको सभाको सभामुख वा अध्यक्षको सिफारिसमा मात्रै कानुन बन्न र प्रमाणीकरण हुनसक्ने हाम्रो संवैधानिक व्यवस्था मात्र होइन, शक्तिपृथकीकरण सम्बन्धी लोकतन्त्रको विश्वव्यापी मान्यता समेत हो । तर 'विभिन्न अवस्था र स्थितिसमेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी मन्त्रिपरिषद्को बैठकबाट लेखी आएकोमा नेपालको संविधानको धारा ६१ को उपधारा (२), (३), (४) र धारा ६६ एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत बमोजिम' विधेयक प्रमाणीकरण गरेको भन्ने राष्ट्रपति कार्यालयको वक्तव्य नेपालको संविधान, प्रचलित कानुन एवं स्थापित संसदीय मान्यताहरूको विपरीत रहेको स्पष्ट छ ।

अघिल्लो संसदले पारित गरी प्रमाणीकरणका लागि पठाएको र संवैधानिक समयसीमाभित्र प्रमाणीकरण नभएपछि निस्क्रिय अवस्थामा रहेको 'विधेयक'लाई ताजा निर्वाचन भएर नयाँ प्रतिनिधिसभा गठन भइसकेपछिको पृष्ठभूमिमा, त्यस प्रतिनिधिसभाले पहिलो अधिवेशन सम्पन्न गरी दोस्रो अधिवेशन चालु रहेको अवस्थामा मन्त्रिपरिषद्ले विधेयक प्रमाणीकरणको सिफारिस गर्नु र राष्ट्रपतिबाट प्रमाणीकरण हुनु संसदको अपमान हो भन्नेमा द्विविधा छैन ।

हाम्रो पार्टी विधेयक प्रमाणीकरणका क्रममा गरिएको संविधानको ठाडो उल्लङ्घन र संसदको विशेषाधिकारको हननको यस कदमको सशक्त विरोध गर्दछ ।

कुनै पनि नेपाली नागरिक नागरिकताबाट बञ्चित नहोउन् र कुनै पनि गैरनागरिकले नागरिकता प्राप्त गर्ने स्थिति नबनोस् भन्ने कुरामा हाम्रो पार्टी स्पष्ट छ । विगतमा हामीले नागरिकता समस्याको दिगो र दीर्घकालीन समाधानका लागि चालेका कदमहरू सबैका सामू स्पष्ट नै छन् । यसै प्रयोजनका लागि नेकपा (एमाले) नेतृत्वको सरकारले २०७५ मा नागरिकतासम्बन्धी विधेयक प्रतिनिधिसभामा पेश गरेको र २०७८ मा संविधानसम्मत् ढङ्गले कानुन निर्माण गरी केही हजार नेपाली नागरिकले नागरिकता समेत प्राप्त गरेको तथ्य सबैलाई अवगत नै छ । त्यस प्रक्रियालाई रोकी असंवैधानिक प्रक्रियाबाट अगाडि बढाउन खोजिएको यस कदमले नागरिकता समस्याको कुनै दिगो समाधान दिन सक्दैन । कुनै पनि बहानामा विधि निर्माणको संवैधानिक प्रक्रिया मिच्न पाइँदैन र हुँदैन ।

प्रधानमन्त्रीको विदेश भ्रमणको केही घण्टा अगाडि संविधान र विधि प्रक्रियाविपरीत गरिएको यस प्रमाणीकरणले सरकार र राष्ट्रपति कार्यालय नागरिकताको विषय

नेपालको आन्तरिक मामला होइन, बाह्य चासोको विषय हो भन्ने गलत नजिर स्थापित गर्न चाहेको आशङ्कालाई बलियो बनाएको छ ।

२. गणतन्त्र दिवसको सन्दर्भ पारेर यही जेठ १५ गते टीकापुर घटनामा आरोपित भई तीनै तहका अदालतबाट कारवासको सजाय पाएका व्यक्तिलाई गरिएको आममाफीप्रति पार्टी गम्भीर बनेको छ । सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ समेत नआउँदै निःतान्त सत्तास्वार्थका लागि गरिएको यस निर्णयले विधिको शासनलाई चुनौती दिएको छ । यसले दण्डहीनतालाई संस्थागत गर्ने, कर्त्तव्यपालनाका सिलसिलामा कार्यथलोमा खटिएका सुरक्षाकर्मीहरूको मनोबल गिराउने तथा उक्त घटनामा क्रूरतापूर्वक मारिनुहुने प्रहरीहरूका परिवार एवं सर्वसाधारणको पीडामा नुनचुक छर्किने काम गरेको छ ।

केन्द्रीय सचिवालयको यो बैठक सरकारको यस कदमप्रति गम्भीर आपत्ति जनाउँछ ।

३. यही जेठ १५ गते सङ्घीय संसदमा आ. व. २०८०/८१ को बजेट प्रस्तुत गरिएको छ । गहिरिँदै गरेको आर्थिक सङ्कट, मुलुक आर्थिक मन्दीमा प्रवेश गरिसकेको स्थिति र विश्व अर्थतन्त्रले नयाँ चुनौतीको सामना गरिरहेको यथार्थलाई बेवास्ता गर्दै प्रस्तुत गरिएको बजेटले मुलुकको आर्थिक समस्या समाधान गर्न नसक्ने र अर्थतन्त्र आगामी दिनमा थप गम्भीर बन्ने जोखिम रहेको पार्टीको निष्कर्ष रहेको छ ।

४. जिल्ला निर्वाचन कार्यालयहरू खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन इकाइ राख्ने सरकारको निर्णयलाई पार्टीले गम्भीर रूपमा लिएको छ । यस निर्णयले निर्वाचन जस्तो लोकतान्त्रिक अभ्यासलाई प्रशासनको तजबिज मातहत राख्ने जोखिम बढाउने पार्टीको निष्कर्ष रहेको छ । यस निर्णयलाई सच्याइयोस् भन्ने पार्टी जोडदार माग गर्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**परिशिष्ट** (४, भुगोलको कार्यविभाजन

**कोशी प्रदेश ।** ईञ्चार्जः सचिव रघुवीर महासेठ

| क्र.सं. | जिल्ला | ईञ्चार्ज | | पालिका |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | वसन्तकुमार नेम्वाङ | उर्मिला थेवे | सबै पालिकाहरू |
| २ | पाँचथर | तिलकुमार मेन्याङ्वो | अईन्द्रसुन्दर नेम्वाङ | इञ्चार्ज, फिदिम नपा, फालेलुङ, हिलिहाङ, याङवरक गापा |
| | | | श्रीप्रसाद जवेगु | इञ्चार्ज, फाल्गुनन्द, कुम्मायक, मिक्लाजुङ र तुम्वेवा गापा |
| ३ | ईलाम | डा. शिवमाया तुम्वाहाङ्फे | तारादेवी गुरूङ | इञ्चार्ज, प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| | | | राम राना | इञ्चार्ज, प्रतिनिधिसभा २ अन्तरगतका पालिकाहरू |
| ४ | झापा | विशाल भट्टराई | अमृतलाल राजवंशी | कचनकवल, हल्दिवारी र वारदसी गापा |
| | | | गीता अधिकारी | विर्तामोड नपा |
| | | | गोविन्द थापा | कन्काई नपा र झापा गापा |
| | | | मीना उप्रेती | अर्जुनधारा नपा |
| | | | मेनुका काफ्ले | शिवसतासी नपा |
| | | | रोमनाथ ओली | प्रतिनिधिसभा ५ अन्तरगतका सबै पालिकाहरू |
| | | | सुनिता बराल | भद्रपुर नपा, झापा |
| | | | हरिबहादुर राजवंशी | मेची नपा र वुद्धशान्ति गापा |
| ५ | मोरङ | हिक्मत कार्की | नैनकला ओझा | प्रतिनिधिसभा निर्वाचन क्षेत्र ३ अन्तरगतका पालिकाहरू |
| | | | युवराज बास्कोटा | प्रतिनिधिसभा १ र २ |




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| | | | | अन्तरगतका पालिकाहरू |
| | | | रामलाल साह | प्रतिनिधिसभा ४ र ५ अन्तरगतका सबै पालिकाहरू |
| | | | हेमराज राई | विराटनगर मनपा |
| ६ | सुनसरी | शेरधन राई | अमृता सुब्बा | इनरूवा नपा |
| | | | इन्दिरा गौतम | देवानगञ्ज नपा र हरीनगर गापा |
| | | | जगदीशप्रसाद कुसियैत | धरान उपमनपा |
| | | | तैयव हुसेन मियाँ | भोक्राहा नर्सिङ र कोशी गापा |
| | | | भगवती चौधरी | इटहरी उपमनपा |
| | | | मञ्जु भण्डारी | वराह क्षेत्र नपा र रामधुनी गापा |
| | | | लक्ष्मी गौतम | दुहवी नपा, बर्जु र गढी गापा |
| ७ | धनकुटा | विनोद ढकाल | विना राई | प्रदेशसभा २ अन्तरगतका सबै पालिकाहरू |
| | | | शकुन्तला बस्नेत | प्रदेशसभा १ अन्तरगतका पालिकाहरू |
| ८ | तेह्रथुम | टंक आङबुहाङ | विष्णुमाया विक | सबै पालिकाहरू |
| ९ | संखुवासभा | जीवननाथ घिमिरे | | सबै पालिकाहरू |
| १० | भोजपुर | रबीन कोइराला | परशुराम अधिकारी | प्रदेशसभा २ अन्तरगतका पालिकाहरू |
| | | | हरिबहादुर राई | प्रदेशसभा १ अन्तरगतका पालिकाहरू |
| ११ | सोलुखुम्बु | किशोरकुमार अधिकारी | मानवीर राई | सबै पालिकाहरू |
| १२ | ओखलढुंगा | खगेन्द्र राई | | सबै पालिकाहरू |

| | | | | |
|---|---|---|---|---|
| १३ | खोटाङ | राजेन्द्रकुमार राई | रमेश पौडेल | सबै पालिकाहरू |
| १४ | उदयपुर | परशुमेघी गुरूङ | अम्बिका थापा | सबै पालिकाहरू |

**मधेश प्रदेश ।**ईञ्चार्जः सचिव योगेश भट्टराई

| **क्र.सं.** | **जिल्ला** | **ईञ्चार्ज** | | **पालिका** |
|---|---|---|---|---|
| १ | सप्तरी | मञ्जुकुमारी चौधरी | दिवाकर देवकोटा | प्रतिनिधिसभा ३ र ४ अन्तरगतका पालिकाहरू |
| | | | राजकुमार लेखी | प्रतिनिधिसभा १ अन्तरगतका सबै पालिका |
| | | | सरिताकुमारी गिरी (यादव) | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिकाहरू |
| २ | सिराहा | सुमनराज प्याकुरेल | गंगाप्रसाद यादव | प्रतिनिधिसभा २, ३ र ४ अन्तरगतका सवै पालिकाहरू |
| | | | रामरतिदेवी राम | प्रतिनिधिसभा १ अन्तरगतका सबै पालिकाहरू |
| ३ | धनुषा | लिलानाथ श्रेष्ठ | उमाशंकर अरगरिया | सहिद र विदेह नपा |
| | | | प्रतीक्षा तिवारी | जनकपुर उपमनपा, नगराईन नपा र धनौजी गापा |
| | | | शिला यादव | मिथिला, मिथिला विहारी, क्षिरेश्वर नपा तथा वटेश्वर र लक्ष्मीनिया गापा |
| | | | सविता यादव | कमला नपा र जनकनन्दनी गापा |
| | | | सञ्जीवकुमार झा | सबैला नपा, गणेशमान चारनाथ नपा र हंसपुर नपा |
| ४ | महोत्तरी | जुलीकुमारी महतो | बुधनीदेवी महतो | प्रतिनिधिसभा निर्वाचन क्षेत्र २ र ३ अन्तरगतका सबै पालिकाहरू |
| | | | सरोजकुमार यादव | प्रतिनिधिसभा १ र ४ |

| | | | | |
|---|---|---|---|---|
| | | | | अन्तरगतका सबै पालिकाहरू, |
| ५ | सर्लाही | ज्वालाकुमारी साह | कमलादेवी महतो | प्रतिनिधिसभा २ र ४ अन्तरगतका पालिकाहरू |
| | | | कल्पनाकुमारी कटुवाल | प्रतिनिधिसभा ३ अन्तरगत पालिकाहरू |
| | | | रञ्जना सरकार | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| ६ | रौतहट | पुरूषोत्तम पौडेल | अजय गुप्ता | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| | | | उद्ववप्रसाद रेग्मी | प्रतिनिधिसभा ३ र ४ अन्तरगतका पालिकाहरू |
| | | | रेखाकुमारी झा | प्रतिनिधिसभा २ अन्तरगतका पालिकाहरू |
| ७ | बारा | रामदयाल मण्डल | इकवाल मियाँ | फेटा, विश्रामपुर, परसौनी र परवानीपुर गापा |
| | | | बलवीरप्रसाद चौधरी | प्रतिनिधिसभा निर्वाचन क्षेत्र २ अन्तरगतका पालिकाहरू |
| | | | मञ्जुकुमारी थापा मगर | जितपुर सिमरा उपमनपा, बारा |
| | | | मोहम्मद समीर | कलैया उपमनपा |
| | | | सरस्वती चौधरी | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| ८ | पर्सा | अच्युतप्रसाद मैनाली | अरबिन्दकुमार सिंह | पर्सा गढी र वहुदरमाई नपा |
| | | | निर्मला देवकोटा | पोखरिया नपा पकाहा मैनपुर, विन्दवासिनी, पर्टेवा सुगौली गापा |
| | | | प्रभुहजारा दुसाध | प्रतिनिधिसभा ४ अन्तरगतका सबै पालिकाहरू |
| | | | राजकुमार प्रसाद गुप्ता | विरगञ्ज मनपा |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**बागमती प्रदेश ।** ईञ्चार्ज : विशेष व्यवस्था (हाल केन्द्रीय कार्यालय)

| क्र.सं. | जिल्ला | इन्चार्ज | | पालिका |
|---|---|---|---|---|
| १ | सिन्धुली | खेमप्रसाद लोहनी | निरकुमारी कुँवर (निरू दर्लामी) | दुधौली नपा |
| | | | मनोजजंग थापा | कमलामाई नपा |
| | | | सुवास देवकोटा | प्रदेशसभा १ (१) अन्तरगतका सबै पालिकाहरू |
| | | | उमा कोइराला | सुनकोशी गापा, सिन्धुली |
| | | | कमलजंग राई | घ्याङलेक, मरिण र हरिहरपुर गापा, सिन्धुली |
| २ | रामेछाप | गणेशकुमार पहाडी | गीता कार्की | उमाकुण्ड, गोकुलगंगा र लिखु तामाकोशी गापा |
| | | | माधवप्रसाद ढुंगेल | उमाकुण्ड, गोकुलगंगा र लिखु गापाबाहेकका सम्पूर्ण पालिकाहरू |
| ३ | दोलखा | कमलप्रसाद चौलागाईं | रचना खड्का | प्रदेश सभा २ अन्तरगतका पालिकाहरू |
| | | | सरस्वती बस्नेत | प्रदेशसभा १ अन्तरगतका सबै पालिकाहरू |
| ४ | सिन्धुपाल्चोक | गोकुलप्रसाद बास्कोटा | दावा तामाङ | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| | | | सरेश नेपाल | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिकाहरू |
| ५. | काभ्रेपलाञ्चोक | कृष्णबहादुर राई | कपिलदेव पोखरेल | प्रतिनिधिसभा २ अन्तरगतका पालिका |
| | | | नवीना लामा | प्रतिनिधिसभा १ अन्तरगतका सबै पालिकाहरू |
| ६. | ललितपुर | शेरबहादुर तामाङ | बाबुराम थापा | ललितपुर मनपा |
| | | | हरिकृष्ण व्यञ्जनकार | ललितपुर मनपा वाहेकका |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| | | | | सबै पालिकाहरू |
| ७. | भक्तपुर | कैलाशप्रसाद ढुङ्गेल | निर्मलकुमार भट्टराई | भक्तपुर र चाँगुनारायण नपा |
| | | | तुलसाकुमारी दाहाल | मध्यपुर ठिमी र सूर्यविनायक नपा |
| ८. | काठमाडौं | आनन्दप्रसाद पोखरेल | डा. अजयक्रान्ति शाक्य | तारकेश्वर नपा र टोखा नपा |
| | | | रामेश्वर फँयाल | काठमाण्डौ मनपा |
| | | | सुरेन्द्र मानन्धर | कीर्तिपुर र दक्षिणकाली नपा |
| | | | नारायणबहादुर सिलवाल | कागेश्वरी(मनहरा र संखरापुर नपा |
| | | | शर्मिला कार्की | चन्द्रागिरी नपा |
| | | | शान्ती बस्नेत अधिकारी | नागार्जुन नपा |
| | | | सरिता न्यौपाने | वुढानिलकण्ठ नपा र गोकर्णेश्वर नपा, |
| ९. | नुवाकोट | अरूण नेपाल | उषाकिरण तिमल्सेना | प्रतिनिधिसभा १ अन्तरगतका सबै पालिका |
| | | | विन्दा ढुंगाना | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिकाहरू |
| १०. | रसुवा | सोम मिश्र | प्रेम तामाङ | प्रदेशसभा १ अन्तरगतका पालिकाहरू |
| | | | माधवप्रसाद अर्याल | प्रदेशसभा २ अन्तरगतका पालिकाहरू |
| ११. | धादिङ | धर्मदत्त देवकोटा | जानुका सिंखडा | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| | | | रेशम लामा | प्रतिनिधिसभा २ अन्तरगतका पालिकाहरू |
| १२. | मकवानपुर | देवीप्रसाद ज्ञवाली | कृष्णप्रसाद दाहाल | थाहा नपा, मनहरी, कैलाश र राक्सीराङ गापा |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| | | | जुनेलीमाया श्रेष्ठ | भीमफेदी, मकवानपुर गढी र इन्द्र सरोवार गापा |
| | | | रामेश्वर राना मगर | हेटौडा उपमनपा, वागमती र वकैया गापा |
| १३. | चितवन | पार्वत गुरूङ | जगन्नाथ थपलिया | इञ्चार्ज, भरतपुर मनपा |
| | | | पार्वती रावल | खेरहनी र राप्ती नपा |
| | | | प्रभा बराल | कालिका नपा र इच्छा कामना गापा |
| | | | यामबहादुर परियार | माडी नपा |
| | | | शिवकुमारी गोतामे (सार्की) | रत्ननगर नपा |

**गण्डकी प्रदेश ।** ईञ्चार्ज : सचिव गोकर्णराज विष्ट

| क्र.सं. | जिल्ला | इन्चार्ज | | पालिका |
|---|---|---|---|---|
| १. | गोरखा | लिलबहादुर थापा मगर | सम्भना देवकोटा | सबै पालिकाहरू |
| २. | लमजुङ | रामशरण बस्नेत | जमिन्द्रमान घले | सबै पालिकाहरू |
| ३. | तनहुँ | तिलबहादुर महत क्षेत्री | भगवती न्यौपाने | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| | | | सविता रसाइली | प्रतिनिधिसभा २ अन्तरगतका पालिकाहरू |
| ४. | स्याङ्जा | टुकराज सिग्देल | सीताकुमारी सुन्दास | प्रतिनिधिसभा १ अन्तरगतका सबै पालिकाहरू |
| | | | सीमाकुमारी क्षेत्री | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिकाहरू |
| ५. | मनाङ | बालसिंह काउछा मगर | | सबै पालिकाहरू |
| ६. | कास्की | थममाया थापा | कृष्णबहादुर थापा | पोखरा मनपा |

| | | | | |
|---|---|---|---|---|
| | | | मञ्जुदेवी गुरुङ | रूपा गापा |
| | | | राजीव पहारी | माछापुच्छे र अन्नपूर्ण गापा |
| ७. | मुस्ताङ | भुपेन्द्रबहादुर थापा | टसी स्याङ्मो गुरुङ्सेनी | प्रदेशसभा १ अन्तरगतका पालिकाहरू |
| | | | चन्द्रमोहन गौचन | प्रदेशसभा २ अन्तरगतका पालिकाहरू |
| ८. | म्याग्दी | गोविन्दबहादुर नेपाली | नरदेवी पुन मगर | सबै पालिकाहरू |
| ९. | पर्वत | श्रीमाया थकाली | कल्पना चापागाईं | प्रदेशसभा २ अन्तरगतका सबै पालिकाहरू |
| | | | पदम गिरी | प्रदेशसभा १ अन्तरगतका पालिकाहरू |
| ११. | बाग्लुङ | जगत विश्वकर्मा | इन्द्रलाल सापकोटा | प्रतिनिधिसभा १ अन्तरगतका सबै पालिका |
| | | | सावित्रा राना | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिकाहरू |
| १२. | नवलपरासी (ब.सु.पू) | मनकुमारी जिसी (केसी) | कृष्णप्रसाद पौडेल | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| | | | रवीन्द्र अधिकारी | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिका |

**लुम्बिनी प्रदेश ।** ईञ्चार्जः सचिव पद्मा अर्याल

| **क्र.सं.** | **जिल्ला** | **इन्चार्ज** | | **पालिका** |
|---|---|---|---|---|
| १. | गुल्मी | सूर्य थापा | गणेश खनाल | कालिगण्डकी, सत्यवती, चन्द्रपुर गापा र मुसिकोट नपा |
| | | | जंगबहादुर नेपाली | धुरकोट, मदाने, मालिका, इस्मा गापा |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| | | | दिनेश पन्थी | रेसुंगा नपा, रूरू क्षेत्र, क्षत्रकोट, गुल्मी दरबार गापा |
| २. | पाल्पा | वैजनाथ चौधरी | सिर्जना काफ्ले | सबै पालिकाहरू |
| ३. | नवलपरासी (पश्चिम) | बलराम अधिकारी | बिमला अर्याल | रामग्राम नपा र पाल्हिनन्दन गापा |
| | | | सरिता खनाल (भुसाल) | सुनवल वर्दघाट नपा, प्रतापपुर, सरावल र सुस्ता गापा |
| ४. | रूपन्देही | दलवहादुर राना | दधिराम न्यौपाने | बुटवल उमपा र तिलोत्तमा नपा |
| | | | कमल गौतम | मर्चवारी माई, सम्मरी माई, कोटही माई र मायादेवी गापा |
| | | | गुमादेवी आचार्य (गोमा) | सैनामैना नपा, कञ्चन, गैडहवा र सियारी गापा |
| | | | भूमिश्वर ढकाल | सिद्धार्थ नगर नपा, रूपन्देही |
| | | | शिवराज सुवेदी | देवदह नपा, ओम सतिया र रोहिणी गापा |
| | | | सावित्रा अर्याल | लुम्विनी साँस्कृतिक नपा |
| ५. | कपिलवस्तु | खिमलाल भट्टराई | ब्रिजेश गुप्ता | कपिलवस्तु, महाराजगंज नपा, शुद्धोधन, मायादेवी र यशोधरा गापा |
| | | | सुशीलकुमार श्रीवास्तव | शिवराज, कृष्णनगर नपा र बिजयनगर गापा |
| | | | गिरिधारीलाल न्यौपाने | वाणगंगा र वुद्धभूमि नपा |
| ६. | अर्घाखाची | ठाकुरप्रसाद गैरे | चन्द्रबहादुर खड्का | शितगंगा, भुमिकास्थान नपा र पाणिनी गापा |
| | | | बोमबहादुर विश्वकर्मा | सन्धीखर्क नपा, मालारानी र छत्रदेव गापा |
| ७. | प्युठान | नरूलाल चौधरी | हरि रिजाल | सबै पालिकाहरू |

| | | | | |
|---|---|---|---|---|
| ८. | रोल्पा | जीवन गौतम | कुमार दशौंदी | इञ्चार्ज, रून्टीगढी, गंगादेव र त्रिवेणी गापा |
| | | | ईश्वरी घर्ती मगर | रोल्पा नपा, परिवर्तन, माडी, दुईखोली गापा |
| | | | यमुना रोका तामाङ | थवाङ, सुनिलस्मृति र लुंग्री गापा |
| ९. | रूकुम-पूर्व | नविन रोकामगर | | सबै पालिकाहरू |
| १०. | दाङ | चेतनारायण आचार्य | कोमल ओली | बबई, शान्तिनगर र दंगिशरण गापा |
| | | | घनश्याम पाण्डे | तुलसीपुर नपा |
| | | | मेनका पोखरेल | घोराही उपमनपा र बंगलाचुली गापा |
| | | | साजिदा खातुन सिद्दिकी | राप्ती र गढवा गापा |
| | | | सीता न्यौपाने | लमही नपा र राजपुर गापा |
| ११. | बाँके | खेममान खडका | दीपा शर्मा | राप्तीसोनारी र नरैनापुर गापा |
| | | | पशुपतिदयाल मिश्र | जानकी र डडुवा गापा |
| | | | मोहम्मद हारून हलुवाई | कोहलपुर नपा |
| | | | शान्तीदेवी ढकाल | खजुरा र वैजनाथ गापा |
| | | | सूर्य ढकाल | नेपालगंज उपमनपा |
| १२. | बर्दिया | लिला गिरी | खड्कबहादुर खड्का | गुलरिया र मधुवन नपा |
| | | | भीमबहादुर केसी | राजापुर, ठाकुरवावा नपा र गेरूवा गापा |
| | | | शोभा ज्ञवाली | वासगढी, वारवर्दिया नपा र वढैयाताल गापा |

**कर्णाली प्रदेश ।** ईञ्चार्जः सचिव लेखराज भट्ट

| क्र.सं. | जिल्ला | ईन्चार्ज | | पालिका |
|---|---|---|---|---|
| १ | रूकुम (पश्चिम) | गुलावजंग शाह | चन्द्रबहादुर विश्वकर्मा | चौरजहारी नपा बाहेकका सबै पालिकाहरू |
| | | | तीर्था गौतम | चौरजहारी नपा |
| २ | सल्यान | भैरवसुन्दर श्रेष्ठ | - | सबै पालिका |
| ३. | सुर्खेत | गोरख वोगटी | ठम्मर विष्ट | प्रतिनिधिसभा १ अन्तरगतका पालिकाहरू |
| | | | मोहनमाया ढकाल | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिकाहरू |
| ४. | दैलेख | यामलाल कँडेल | धर्मराज रेग्मी | प्रदेशसभा २ (२) अन्तरगतका पालिकाहरू |
| | | | मीनासिंह रखाल | नारायण नपा, महावु गापा र नौमुल गापा |
| | | | विष्णु रिजाल | प्रदेशसभा २ (१) अन्तरतगका पालिकाहरू |
| | | | सूर्यकुमारी श्रेष्ठ | डुंगेश्वर, गुराँस, भगतिमाई गापा |
| ५. | जाजरकोट | लक्ष्मी पोखरेल | डम्बरबहादुर सिंह | प्रदेशसभा २ अन्तरगतका सबै पालिकाहरू |
| | | | निरज आचार्य | भेरी नपा |
| | | | सीपी घर्ती (चन्द्रप्रकाश) | भेरी नपा बाहेक प्रदेशसभा १ अन्तरगतका सबै पालिकाहरू |
| ६. | डोल्पा | प्रेमबहादुर सिंह | बदमी क्वारी बुढा (बोहोरा) | सबै पालिकाहरू |
| ७. | जुम्ला | मोहन बानिया | रतननाथ योगी | सबै पालिकाहरू, जुम्ला |
| ८. | कालिकोट | नवराज राउत | इन्दिरा सञ्जेल | प्रदेशसभा २ अन्तरगतका सबै पालिका |
| | | | दक्षिणा शाही | प्रदेशसभा १ अन्तरगका |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | | | |
|---|---|---|---|---|
| | | | | पालिकाहरू |
| ९. | मुगु | राजबहादुर बुढा | - | सबै पालिका |
| १० | हुम्ला | नगिन्द्र शाही | दल फडेरा | प्रदेशसभा १ अन्तरगतका पालिकाहरू |
| | | | दल रावल | प्रदेशसभा २ अन्तरगतका पालिकाहरू |

**सुदूरपश्चिम प्रदेश** ।ईञ्चार्जः सचिव छविलाल विश्वकर्मा

| क्र.सं. | जिल्ला | ईन्चार्ज | | पालिका |
|---|---|---|---|---|
| १. | बाजुरा | भैरवबहादुर सिंह | दयालबहादुर शाही | प्रदेशसभा १ अन्तरगतका पालिकाहरू |
| | | | प्रकाशबहादुर शाह | प्रदेशसभा २ अन्तरगतका पालिकाहरू |
| २. | बझाङ | राजेन्द्रसिंह रावल | आशाकुमारी विक | जयपृथ्वी नपा |
| | | | अफिलाल ओखेडा | जयपृथ्वी नपा वाहेकका प्रदेशसभा १ अन्तरगतका सबै पालिका |
| | | | ऐनबहादुर महर | इञ्चार्ज, प्रदेशसभा २ अन्तरगतका सबै पालिका |
| ३. | अछाम | लालवहादुर थापा | झपटबहादुर बोहरा | प्रतिनिधिसभा १ अन्तरगतका सबै पालिकाहरू |
| | | | यज्ञ बोगटी | प्रतिनिधिसभा २ अन्तरगतका सबै पालिकाहरू |
| ४. | डोटी | लीलाकुमारी भण्डारी | - | सबै पालिकाहरू |
| ५. | कैलाली | गणेशसिंह ठगुन्ना | कमलाकुमारी ओली | लम्कीचुहा नपा, वर्दगोरिया र मोहन्याल गापा |
| | | | गौरीशंकर थारू चौधरी | घोडाघोडी, भजनी नपा र गौरीगङ्गा गापा |
| | | | झपटबहादुर रावल | टिकापुर नपा र जानकी |

| | | | | |
|---|---|---|---|---|
| | | | | गापा |
| | | | सन्तोष शर्मा थापा | धनगढी उपमनपा, गोदावरी नपा र चुरे गापा |
| ६. | कञ्चनपुर | नारदमुनी राना थारू | इन्दु कडरिया | वेलौरी नपा र बेलडाँडी गापा, कंचनपुर |
| | | | कुमारी कमला बोहरा | कृष्णपुर, वेदकोट र शुक्लाफाँटा नपा |
| | | | कृपाराम राना | भिमदत्त नपा र दोधारा चाँदनी नपा |
| | | | नरबहादुर धामी | पुनर्वास नपा र लालझाडी गापा, कंचनपुर |
| ७. | डडेल्धुरा | गौरीकुमारी ओली | पठानसिंह बोहरा | डढेल्धुरा जिल्लाका सम्पूर्ण पालिकाहरू |
| ८. | बैतडी | निरूदेवी पाल | पुरनसिंह दयाल | प्रदेशसभा १ अन्तरगतका सबै पालिका |
| | | | लीलाधर भट्ट | प्रदेशसभा २ अन्तरगतका पालिकाहरू |
| ९. | दार्चुला | सहदेव बोगटी | | सबै पालिका |

**सम्पर्क समन्वय कमिटी ।** ईञ्चार्जः लालबाबु पण्डित

| क्र.सं. | ईन्चार्ज | क्षेत्र |
|---|---|---|
| १ | नरेन्द्रकुमार श्रेष्ठ | कोशी प्रदेश सम्पर्क कमिटी |
| | | मधेस प्रदेश सम्पर्क कमिटी |
| | | लुम्बिनी प्रदेश सम्पर्क कमिटी |
| २ | रूक्मीणी राना | बागमती प्रदेश सम्पर्क कमिटी |
| ३ | भगवती थापा क्षेत्री (कल्पना) | गण्डकी प्रदेश सम्पर्क कमिटी |
| | | कर्णाली प्रदेश सम्पर्क कमिटी |

| | | |
|---|---|---|
| | | सुदूरपश्चिम प्रदेश सम्पर्क कमिटी |

**उपत्यका विशेष कमिटी ।** ईन्चार्ज : सुजिता शाक्य

| क्र.सं. | ईन्चार्ज | जिल्ला |
|---|---|---|
| १ | वीनाकुमारी श्रेष्ठ | पेशागत विशेष जिल्ला कमिटी |
| २ | गोविन्द दुलाल | मजदुर विशेष कमिटी |
| ३ | सीता लामा | युवा(विद्यार्थी विशेष जिल्ला कमिटी |
| ४ | वालिका गिरी | उद्योग(व्यावसाय विशेष जिल्ला कमिटी |


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**परिशिष्ट** (५, फाँटको कार्यविभाजन

**फाँटको जिम्मेवारी ।** भानुभक्त ढकाल, संयोजक, जनसंगठन समन्वय संयन्त्र

| क्र.सं. | नाम थर | जिम्मेवारी |
|---|---|---|
| १ | रघुजी पन्त | इञ्चार्ज, जनसांस्कृतिक फाँट |
| २ | कृष्णगोपाल श्रेष्ठ | इञ्चार्ज, स्वास्थ फाँट |
| ३ | सीता पौडेल | इञ्चार्ज, महिला फाँट |
| ४ | कर्णबहादुर थापा | इञ्चार्ज, खेलकुद फाँट |
| ५ | राजेन्द्रप्रसाद गौतम | इञ्चार्ज, प्रचार फाँट |
| ६ | महेश बस्नेत | इञ्चार्ज, युवा फाँट |
| ७ | विनोद श्रेष्ठ | इञ्चार्ज, मजदुर फाँट |
| ८ | गोकुलप्रसाद घर्ती मगर | इञ्चार्ज, आदिवासी जनजाती फाँट |
| ९ | शान्ता चौधरी | इञ्चार्ज, भुमिहिन तथा सुकुम्वासी फाँट |
| १० | उषाकला राई | इञ्चार्ज, अपांगता फाँट |
| ११ | किशोरविक्रम मल्ल | इञ्चार्ज, विद्यार्थी फाँट |
| १२ | घनश्याम पाण्डे | इञ्चार्ज, मानव अधिकार फाँट |
| १३ | चूडामणि जङ्गली | इञ्चार्ज, पेशागत फाँट |
| १४ | डा प्रेम दंगाल | इञ्चार्ज, किसान फाँट |
| १५ | भागवत विश्वासी | इञ्चार्ज, उत्पीडित जातीय फाँट |
| १६ | मनोजजंग थापा | इञ्चार्ज, इञ्जिनियरिङ फाँट |
| १७ | मुकुन्द न्यौपाने | इञ्चार्ज, उद्योग व्यवसाय फाँट |




**तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः** +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, **पो.ब.नं.:** ५४७१, **ईमेल** : partyhq@cpnuml.org, **वेवपेजः** www.cpnuml.org

Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | |
|---|---|---|
| १८ | यज्ञराज सुनुवार | इञ्चार्ज, भुपुसैनिक तथा प्रहरी फाँट |
| १९ | रमेश बडाल | ईञ्चार्ज, कानुन फाँट |
| २० | विद्या भट्टराई | इञ्चार्ज, वुद्धिजीवी फाँट |
| २१ | सराज अहमद फारूकी | इञ्चार्ज, मुस्लिम फाँट |
| २२ | डा. सूर्य पाठक | इञ्चार्ज, रिटर्नी फाँट |
| २३ | हरिनारायण महतो | इञ्चार्ज, पिछडा वर्ग फाँट |


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**परिशिष्ट** (६, विभागको कार्यविभाजन

| क्र.सं. | जिम्मेवारी | विभाग |
|---|---|---|
| १ | प्रदीप ज्ञवाली | प्रमुख, पार्टी स्कुल विभाग |
| २ | पृथ्वीसुब्बा गुरूङ | प्रमुख, संसदीय विभाग |
| ३ | विष्णु रिमाल | प्रमुख, निर्वाचन विभाग<br>प्रमुख, वित्त तथा कोष व्यवस्थापन विभाग |
| ४ | गुरूप्रसाद बराल | प्रमुख, शिक्षा तथा मानव स्रोत विभाग |
| ५ | भीमप्रसाद आचार्य | प्रमुख, पर्यटन तथा नागरिक उड्यन विभाग |
| ६ | किरण गुरूङ | प्रमुख, संघिय मामिला तथा सामान्य प्रशासन |
| ७ | खगराज अधिकारी | प्रमुख, सहकारी तथा गरिवी निवारण विभाग |
| ८ | काशीनाथ अधिकारी | प्रमुख, संगठन विभाग |
| ९ | रघुजी पन्त | प्रमुख, संस्कृती विभाग |
| १० | कृष्णगोपाल श्रेष्ठ | प्रमुख, स्वास्थ तथा जनसंख्या विभाग |
| ११ | अग्निप्रसाद खरेल | प्रमुख, उर्जा, जलश्रोत तथा सिँचाई विभाग |
| १२ | डा. राजन भट्टराई | प्रमुख, विदेश विभाग |
| १३ | विद्यासुन्दर शाक्य | प्रमुख, सामाजिक सेवा विभाग |
| १४ | डा. बिन्दा पाण्डे | प्रमुख, अर्थ योजना विभाग |
| १५ | कर्णबहादुर थापा | प्रमुख, युवा तथा खेलकुद विभाग |
| १६ | राजेन्द्रप्रसाद गौतम | प्रमुख, प्रचार तथा प्रकाशन विभाग |


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | |
|---|---|---|
| १७ | जीतबहादुर दर्जी गौतम | प्रमुख, उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग |
| १८ | देवेन्द्र दाहाल | प्रमुख, स्थानिय विकास विभाग |
| १९ | बिमला घिमिरे | प्रमुख, खानेपानी तथा सरसफाई विभाग |
| २० | सुशीला नेपाल | प्रमुख, सामाजिक सुरक्षा तथा समाजकल्याण विभाग |
| २१ | किरण पौडेल | प्रमुख, विपद् व्यवस्थापन तथा स्वयंसेवा विभाग |
| २२ | केशव स्थापित | प्रमुख, शहरी विकास विभाग |
| २३ | कृष्णबहादुर केसी | प्रमुख, भौतिकपूर्वाधार तथा यातायात व्यवस्था विभाग |
| २४ | गिरिधारीलाल न्यौपाने | प्रमुख, कृषि तथा पशुपन्छि विकास विभाग |
| २५ | चूडादेवसिंह लामा | प्रमुख, राष्ट्रिय हित तथा सुरक्षा विभाग |
| २६ | टंकप्रसाद कार्की | प्रमुख, विज्ञान प्रविधि विभाग |
| २७ | भारती पाठक | प्रमुख, वन तथा वातावरण विभाग |
| २८ | भीमबहादुर कार्की | प्रमुख, भूमि व्यवस्था विभाग |
| २९ | ममता गिरी | प्रमुख, केन्द्रीय पुस्तकालय तथा अभिलेख विभाग |
| ३० | मोतीलाल दुगड | प्रमुख, उद्योग, वाणिज्य तथा आपुर्ति विभाग |
| ३१ | रमेश बडाल | प्रमुख, कानुन विभाग |
| ३२ | विषमलाल अधिकारी दनुवार | प्रमुख, श्रम तथा रोजगार विभाग |

**परिशिष्ट** (७, प्रदेशका लागि संयोजकहरू

**क पार्टी स्कुल विभाग**

| | | |
|---|---|---|
| १. | कोशी प्रदेश | गुरूप्रसाद बराल |
| २. | मधेस प्रदेश | पुरूषेत्तम पौडेल |
| ३. | बागमती प्रदेश | ईश्वबहादुर रिजाल |
| ४. | गण्डकी प्रदेश | मायानाथ अधिकारी |
| ५. | लुम्बनी प्रदेश | लक्षमण ज्ञवाली |
| ६. | कर्णाली प्रदेश | विष्णु रिजाल |
| ७. | सुदूरपश्चिम प्रदेश | राजेन्द्रसिं रावल |

**ख प्रचार कार्य**

| | | |
|---|---|---|
| १. | कोशी प्रदेश | युवराज बास्कोट |
| २. | मधेस प्रदेश | अरबिन्द सिंह |
| ३. | बागमती प्रदेश | सुवास देवकोटा |
| ४. | गण्डकी प्रदेश | राजीब पहारी |
| ५. | लुम्बनी प्रदेश | सूर्य थापा |
| ६. | कर्णाली प्रदेश | निरज आचार्य |
| ७. | सुदूरपश्चिम प्रदेश | कुमारी कमला बोहोरा |

**ग जनसंगठन समन्वय**

| | | |
|---|---|---|
| १. | कोशी प्रदेश | यज्ञराज सुनवार |
| २. | मधेस प्रदेश | सरोज यादव |
| ३. | बागमती प्रदेश | रचना खड्का |
| ४. | गण्डकी प्रदेश | डा. सूर्य पाठक |
| ५. | लुम्बनी प्रदेश | भुमेश्वर ढकाल |
| ६. | कर्णाली प्रदेश | गुलावजङ्ग शाह |
| ७. | सुदूरपश्चिम प्रदेश | झपटबहादुर बोहोरा |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org